# जीवन नदीको किनारै किनार



नमिता दवाडी

# जीवन नदीको किनारै किनार

(कविता संग्रह)

नमिता दवाडी

शब्द मिडिया

प्रकाशकः शब्द मिडिया
अनामनगर, काठमाडौँ
सम्पर्कः ९८४९०७०५७१
इमेलः *sahityapost2020@gmail.com*
सर्वाधिकारः नमिता दवाडी
भाषा सम्पादनः साहित्यपोस्ट समूह
पहिलो संस्करणः माघ २०७७

आवरणः मुकुन्द प्रयास

आइएसबिएनः

यस पुस्तकको कुनै पनि अंश वा पूरै पुस्तक प्रकाशकको अनुमतिबिना कुनै पनि माध्यमद्वारा पुनरुत्पादन गर्न वा फोटोकपी गरेको पाइएमा प्रतिलिपि अधिकार ऐन २०५९ अनुसार कारबाही गरिनेछ।

***Jiwan Nadi ko Kinari Kinar:***
***A collection of poem by* Namita Dawadi**

# समर्पण

• • •

पिताः सोमप्रसाद भट्ट
माताः हुमाकुमारी भट्ट

# लेखकीय

बालापनमा कक्षाकोठामा बुवाले मीठो र स्पष्ट आवाजमा भाका हालेको सुन्थेँ– 'नटिप्नू हेर कोपिला, नचुँड्नु पाप लाग्दछ ।' त्यस्तै आमाको कोकिल कण्ठमा 'जान्छिन् आज सकुन्तला घर भनी बढ्दो छ चिन्ता अति' पनि उस्तै मधुर लाग्थ्यो मलाई । सायद यी र यस्तै संयोगले सुटुक्कै मन चोऱ्यो होला साहित्यले मेरो । तर टड्कारो रूपमा मलाई अझै याद छ, ११ वर्षको उमेरमा आदिकवि भानुभक्त आचार्यको रामायण पढेपछि मैले कवितामा भाव मात्र होइन, दृश्य पनि देख्न थालेकी हुँ । एउटा शक्तिशाली कविताको प्रभाव कस्तो हुँदोरहेछ भन्ने मैले त्यतिबेलै बुझेँ । मैले बुझेँ, शक्तिशाली कविताले आफ्नो प्रभाव यसरी छाड्दो रहेछ कि उसलाई पनि भावनामा बग्ने बनाइदिँदो रहेछ । ठीक त्यही बेला मैले पहिलो कविता कोरेँ । त्यसपछि विद्यालयस्तरीय कविता प्रतियोगितामा भाग लिएँ । कविता थियो–

'पहाडै पहाडले घेरिएको,
खोला नदीले बेरिएको,
साँच्चै रमाइलो छ मेरो गाउँ,
मेरो गर्व म जन्मिएको ठाउँ'

यो त्यति राम्रो कविता त होइन तर यस्ता कविताले कक्षाकोठा, विद्यालय, कलेज तथा अन्य कार्यक्रमहरूमा प्रोत्साहन पाउन थालेपछि फाट्टफुट्ट कविता लेख्न थालेछु । यसरी लेख्ने र वाचन गर्ने रूचि पुरानै भए पनि यस संग्रहमा भने मैले पछिल्ला केही वर्षयता लेखिएका कविताहरू मात्र समेटिएका छन् । केही भोगाइ, केही देखाइ यसमा समेटिएका छन् । म साहित्य लेख्दिनँ, मन लेखिदिन्छु पानाहरूमा । जब मनमा ज्वालामुखी उम्लिन्छ तब म सिर्जना गर्दिरहिछु । पछिल्लो समयका यस्तै कविताहरू यसमा संग्रहित गरेकी छु ।

यो पुस्तकको गर्भाधान आमाको यादमा मध्यरातमा लेखिएको कविताबाट भएको हो, जसलाई लेखिसकेपछि मिठो निद्रा दियो । रहरले लेख्ने गरेको कविता औषधि पनि हुँदोरहेछ भन्ने थाहा पाएपछि मैले संग्रह नै निकाल्ने योजना बनाएँ । त्यसपछि त प्रकृति, मन र भोगाइमा आएका हरेक किसिमका परिवर्तन– सबै नै कविताका विषय बन्दै गए ।

अर्को कुरा रहर, बाध्यता जुन नाम दिए पनि हुनेगरी प्रवास बसाई जीवनमा मिसिएपछि कलिलो मन मस्तिष्क बोकेका मेरा दुई सन्तानले मातृभाषा नेपाली बोल्न र लेख्न भन्दा कर्म भाषा अंग्रेजी बोल्न र लेख्न सहज मान्न थालेपछि कैयन् रात निदाउन सकिनँ म । यो सबको जिम्मेवार आफैँलाई ठानी धिक्कारी रहेँ । अन्ततः आत्मप्रायश्चित्त

निम्ति सुझ्यो, जीवनभर नेपाली भाषा साहित्यको म एक इमानदार सेवक बनूँ र गराउन सकूँ अस्तित्वबोध आफू र आफ्नो मूल थातथलोको आउँदो पुस्तामा ।

मलाई साहित्य लेख्दा एउटा विधा समात्ने सुझाव मेरा अनन्य मित्र गजलकार आँचलकुमार शर्माले दिनु भयो । गद्य कविता लेखनमा अटुट प्रेरणा दिने काम आदरणीय दाजु कविवर कलानिधि दाहालले दिनु भयो । मेरो लेखन यात्रामा, सञ्जा( लमा राखिएका मेरा सबैजसो सिर्जना पढेर रचनाको गहिरो विश्लेषणसँगै निरन्तर हौसला प्रदान गर्ने दाजु चन्द्रप्रसाद निरौला, मेरा रचनाहरूलाई विभिनन दृष्टिकोणबाट नियाल्दै हौसला दिने दाजु लक्ष्मण चौलागाई विद्रोहीलगायत सञ्जाल र सन्देश बाकसमार्फत् मलाई सधैँसधैँ हौसला प्रदान गर्नुहुने आदरणीय प्रिय साहित्यिक मनहरू सबै–सबैलाई म यतिखेर सम्झिरहेछु ।

करिब २० भन्दा बढी अनलाइन पोर्टल, नेहा मासिक, छलफल साप्ताहिक, मुक्तिनाथ दर्शन त्रैमासिक पत्रिका, नेपाली साहित्य घर आदि जो नेपाली साहित्य उन्नयनका लागि अहोरात्र खटिरहनु भएको छ र सिर्जनामा बामे सर्दै गरेकी मलाई स्नेह र हौसलाले निथ्रुक्क भिजाउनु हुने हजुरहरू समस्तमा आभार व्यक्त गर्दछु ।

वर्षौंदेखिको मेरो सपना र लगनको पर्यायस्वरूप यो कृतिले मूर्तरूप पाउने यस क्षणसम्म आइपुग्दा मेरो नियमित पाठक भई हौसला प्रदान गरिरहने, प्रवासमा थोरै मात्र पाइने पारिवारिक समयमा पनि मेरो अध्ययन र लेखनलाई दखल नपुगोस् भन्ने मा सदैव सजग रहने मेरा प्रियतम महेशबाबु दवाडी, प्यारी सुपुत्री निमिसा दवाडी र प्रिय सुपुत्र प्रणयबाबु दवाडीलाई मुटुभरिको प्रेमसहित धन्यवाद अर्पण गर्दछु । यसैगरी बालसखा वीरेन्द्र श्रेष्ठलाई पनि अनवरत हौसलाका लागि सम्झिरहेकी छु ।

जीवन जगतमा घोत्लिरहँदा, मेरो हृदयले उब्जाएको यो काव्यिक फसलमा मैले नदेखे, नभेटेका, बियाँ, ढुङ्गा र कनिका छुट्याएर अति कञ्चन, सुन्दर कृतिमा परिणत गरिदिनु हुने सम्पादक, साहित्यकार आदरणीय दाजु अश्विनी कोइरालाज्यूमा कोटीकोटी नमन एवं आत्मिय आभार टक्र्याउँछु ।

यसैगरी सम्पादन र प्रकाशनको जिम्मेवारी उठाइदिनु हुने साहित्यपोस्ट परिवार प्रति आभार व्यक्त गर्दछु ।

यस कविता संग्रहभरि मैले म हुनुको बोध गराउने मेरो मनलाई निचोरेर थोपा–थोपा सिञ्चेकी छु । यसमा आशा, भरोसा, पीडा र खुसी जे जसरी बगेका छन्, सप्रेम सगर्व चढाएको छु हजुरहरूमा । यही सत्यबीच उभिएको छ, मेरो पहिलो कृति 'जीवन नदीको किनारैकिनार ।' आशा छ, माया गरिदिनु हुनेछ । यो मुना उही प्रेमले वृक्ष बनोस् ।

हार्दिक आभार, कृतज्ञता !

# विषयसूची


स्वास्नी
अलबिदा ! साथी
ध्वाँस
दुलहा
कफिन बाहिरकी मम्मी
दृश्य मृत छ
दु:खी तेत्तीस कोटीहरू
मान्छे बजार
मैले पढाउन नसकेको मेरो छोरो
मान्छे बस्दैनन् यहाँ
पराग
जय म
बा अर्थात् ढुङ्गो
म सिउँडी
वीर्य
डोब
किर्ना
दर्शक भएर हेर्नुको मजा
चिहान
कमान्डर
टुप्पी
बर्सात्को पानीमा भिजेर पनि ओ
भानो तिमी
टाढाको बस्ती
लेखेर के हुन्छ?
तिमी जाँघे लगाउँछौ
शृङ्गार
जंगली आमा
सहयात्रा
निराशा भित्रको आशा
पाइला
प्यान्डोराको बाकस
तरूणी हरिण
बिक्रीमा
आऊ ! भोग गरेर जाऊ !
कुटुनी
हाँसो दिवस
अनसन
इन्द्रेणी सपना
क्रान्तिकारी
अपराध
परदेशमा दशैँ
अनाम देशको अनागरिक
तथास्तू
भ्रम
मायाको कसम
जीवन नदीको किनारै किनार
युगान्तर
हराएको प्रित पत्र
अभिशप्त याद

प्रेम स्तम्भ
अपिल अक्षरको
जय हिरण्य !
उज्यालो सगर
गुरू दक्षिणा
कायर अभिमान
म पागल बन्न सकूँ
आमा नबेच
बाह्रमासे दशैं
पाहुना
धुन्धुकारी
नयाँ वर्ष
मुर्कुट्टा
म तिम्री प्रेमिका
तिमी फूलजस्ती नहुनू
खटिराहरू
मलाई प्रेम भएको छ
जन्मदिन
म जोइटिङ्ग्रे
पत्र स्वर्गबाट
बिर्ता
हे झरी ! बर्सिदेन बेस्सरी !!
सपना भो नदेख
सुन एउटा कथा भन्छु
मध्यरातमा आमा
प्रेमदिवस

# स्वास्नी

उन्नतिको उकालो चढ्नु पर्ने
समाजमा आफ्नै हावी बढ्नु पर्ने
तिम्रो अचम्मको त्यो सपना
राम्रो या नराम्रो
विश्लेषणको आवश्यकता ठानिनँ
बरू सकी–नसकी घिसारिरहेँ आफूलाई
आखिर तिम्रो सपना पूरा गर्ने वाचाको गाँठो
उही दिन ल्याप्चे ठोकेकी थिएँ
साक्षी सर्जिमनको ।

पूरा गर्न ती उन्मत्त सपना
गाउँबाट शहर झरेँ
शहरले पनि तिम्रो खुसीको झोली भर्न नसकेपछि
म बिचरो खाडीको बाढीमा हेलिएर
सकुशल पुगेँ एउटा तातो माटोको देशमा
हो, त्यो अपरिचित माटोमा,
दिनहरू पिउँदै तातो बालुवामा हर क्षण
आर्जिरहेँ पसिनाको महल,
यसरी बनाएँ तिमीलाई रानी महलको ।

हरेक क्षण हामी नयाँ जन्मन्छौँ रे

तिमी नयाँ भयौ या पुरानै रह्यौ
त्यो म जान्दिनँ,
तर तिम्रा महत्वाकांक्षा यति जन्मिए कि
मैले गन्नसम्म सकिनँ
मलाई माफ गरिदिनू
कहिल्यै भर्न सकिनँ तिम्रो खुसीको झोली !

हरेश खाएर एक दिन
बाँकी रहेको विक्षिप्त मन
आधा सरो फुलेको कपाल
धसिएको कञ्चट
अनि यो जीर्ण शरीर
तिम्रै पोल्टोमा खन्याउनका खातिर
मोडिए पाइला जन्मभूमितर्फ !

उत्रिए पाइलाहरू विमानस्थलमा
अधीर आँखाहरू तिमीलाई नै खोजिरहेका थिए
तिमी देखिइनौ
बरू बेसरी न्यास्रिएझैँ,
ग्वाम्म अँगालो हाल्यो मातृभूमिले
मिठो पवनले चुम्यो अङ्ग–अङ्ग,
मन पुलकित भयो,
फेरि सम्झिएँ तिमीलाई !

घर भएको ठाउँमा
अजङ्गको महलले विस्थापित गरिदिएछ,
सानो माटे झुप्रोलाई,
सँघारमा उभिएँ

आफ्नै घरझैँ लागेन
तिमी थिइनौ, संसार थिएन
मेरो आकाश खस्यो, धर्ती फाट्यो
खोजिरहेछु तिमीलाई भेटिन्नौ
रिपोर्ट गरेको छु, पत्ता लाग्दैनौ
आखिर किन बेखबर छौ ?

भूगोलको एउटा छेउमा
समृद्धिको मूर्ति कुँदिरहँदा म
एक्लो हुनुको अकाट्य पीडाबोधबाट
न आफू उम्कन सकेँ
न तिमीलाई उम्काउन सकेँ
यो कथित अपार्थिवले
न सुम्सुम्याउन सक्यो
तिम्रो सुक्सुकाइरहेको अन्तरमन
न निभाउन सक्यो
तिमीभित्र दन्किरहेको यौवनाग्नि !

सायद यसैको बदला लिएकी हौली तिमीले
वाचा पूरा गर्नै नसकेको म लाचार लोग्ने
लुकेर भागेर कहाँ जितिन्छ र
सम्मुख आऊ, दण्ड दिलाऊ मलाई
तिम्रो सपनाको खेतीमा खडेरी पारिदिएको आरोपमा
आऊ तिम्रै जित निश्चित छ
अदालतमा तिम्रै कुरा सुनिन्छ
मेरी महामयी स्वास्नी !!

# अलबिदा ! साथी

समय फेरिए पनि
परिस्थिति बदलिए पनि
याद यो मनको उस्तै रहँदोरहेछ साथी
आज पनि सम्झना उस्तै छ बाल्यकालको
चञ्चल त्यो मन अनि सँगै गरेको उपद्रो ।

प्रिय बालसखा,
आजकल, फेरिएको छ तेरो मन
तँसँग विस्मृति मात्रै छ
न सम्झना छ तँलाई हिजो देखेको सपनाको
न सम्झन्छस् बाटो
बाले औंला समाएर डोऱ्याउनु भएको ।

यो सत्य युग होइन साथी !
तँ फेरिएसँगै सबै-सबै फेरिएका छन्
ह्विस्की र ब्रान्डीसँग मितेरी लगाएपछि तैँले
गाउँकी तीनपाने तँसँग सम्बन्ध विच्छेद गर्न चाहन्छे
थोरै तातोको लागि दिनहुँ फरक-फरक
पेटिकोटमा तैँले आफूलाई लपेट्न थालेदेखि
घरको अँगेनो तेरो उपस्थितिमा घृणा गर्छ

सबथोक खिलाफमा छ साथी
तेरो अन्त्य यसैले गरेपछि...

खोई के दुश्मनी साँचिस्
तेरै सम्झनामा चिर्बिराउने ती चराहरू
तेरा कुरा काट्न थालेका थिए
सालघारीमा मिटिङ बस्थ्यो
एजेन्डा भूगोल सफाइको थियो
बढार्न तँझैँ विकृतलाई ।

छिमेकीले तेरो अनुहारसम्म हेर्न चाहेनन्
तेरै सञ्चोको लागि दीप जलिरहने चञ्चल बस्तीमा
तेरो सम्झनाले मात्रै पनि
चुक घोप्ट्याएझैँ अन्धकार हाबी हुन्थ्यो ।

त्यो दिन
साथी ! भन्दै छिरिस्
साथी शब्द निलेको रहेनछस्
घुटुक्क फरेन ह्विस्कीसँगै
थोरै आशा पलायो
तँभित्र मान्छे बाँकी छ कि !
छातीसँगै घरको ढोका खोलिदिएँ
दुःखद् सत्य ! अँगाल्न सकिनँ तँलाई
कस्तो ह्वासह्वास्ती गन्हाएको तँ
सामीप्य नै घातक हुनेगरी
छातीबाट निकालेर कुर्सीमा बसालेँ तँलाई
आखिर यही भौतिकताभन्दा माथि
तेरो औकात नै के रहेछ र !

हेरिरहँदा तँलाई,
मानवस्वरूपजस्तै लागेन साथी !
सानो गोलो टाउको, बिचरा !
हजारौं लाखौं शकुनि बोकेको
आँखामा देखेँ लत्पतिएको सिन्दुर
असह्य सिँउदो पुछिएर जम्मा भएझैँ, प्रतीत !
आँ... गरेको अजिङ्गरझैँ मुख तेरो
अनि अरब-खरब पचाउन नसकेर
उछिट्टिएको भुँडी
तँ त कुरूप भएछस् साथी !

तेरो नुहेको कायाबाट
यस्तो दुर्गन्ध आइरहेको थियो, के भनुँ !
कता कता कुहिएको राजनीति
गलेको समाजवाद
जातीयता उस्तै गन्हाएको
अहो, यो सबलाई जित्ने गरेर
आइरहेछ मान्छेको रगतको गन्ध !
सास फेर्नै गाह्रो
अत्यास ! अन्धकार ! भयावह !
छिः के घिचेर आएको थिइस् ?
डकारेर मेरो घर नै दुर्गन्धित पारिदिइस् !
तँ सिनोभन्दा बढी गन्हाएको छस् साथी
तैँले यो घर, समाज र देशलाई
प्रदूषित पार्नुभन्दा पहिला
मैले तेरो मृत्युको कामना गरेँ ।
मृत्युको प्रार्थना गर्ने म एक्लो थिइनँ
सायद सम्पूर्ण समाज थियो

सोचेको थिएँ–
तेरो अन्तिम संस्कारमा
घिन नमानी जलाओस् आगोले
तेरा सम्पूर्ण दुर्गन्धित अङ्ग–प्रत्यङ्ग
हावाले हुर्र उडाओस् खरानी लाशको
निशानी केही नरहोस् यो पुण्य भूमिमा
त्यो कलुषित आत्माको

प्रिय बालसखा !
जाँदाजाँदै केही सिकाएर गइस्
कलुषित जीवनले पनि केही सिकाउँदोरहेछ
अचेल कसैले गलत गरे
गाउँले तेरो उदाहरण दिँदै भन्छन्–
फलानोजस्तो नहुनू
मान्छे भन्छन्– असल मानिसबाट मात्र सिकिन्छ
मेरो साथी
तँ खराब भएर समाजलाई सिकाएर गइस्
अलबिदा साथी
मैले तेरो मृत्युको कामना गरेँ

सोच्छु, मृत्यु त मेरो कामनाबिना पनि आउँथ्यो
सबैको आउँछ
बस्, कसरी बाँच्नुहुन्न
सिकाएर गइस्
त्यो तेरो जीवनको लक्ष्य होला सम्झेर
श्रद्धाञ्जली अर्पण गर्दछु ।

# ध्वाँस

यो संसार पक्षपातको पर्याय हो
यहाँ सबका सब पक्षपाती छन्
आउनुहोस्, प्रमाणहरू छन् मसँग
आज सत्यको अदालतमा
मनको गीता छोएर बोल्छु
म जे बोल्छु, साँचो मात्र बोल्छु !

हली पनि पक्षपाती छ यहाँ
निर्धो गोरूलाई
हलो, जुवा र जोतारोमा बाँधेर कुट्छ
जङ्गिएर आएको साँढे देखे
टाङमुनि मुन्टो घुसारेर कुलेलम ठोक्छ !

कुरा हैसियतको होइन, नियतको रहेछ !

खरले छाएको झुपडी
२/४ थान मात्रै गाईबस्तु भएको गरिबको गोठ
पायो भने आगोले
आफूलाई सर्वशक्तिमान प्रमाणित गर्न
कुनै कसुर छोड्दैन

स्वात्त निलेर जीवन
उग्राउँदै लाइदिन्छ खरानीको थुप्रो
देखाइदिन्छ तागत आगो हुनुको
महलतिर छिर्नै हिच्किचाउँछ
पुगिहाल्यो भने पनि झुक्किएर
निथ्रुक्क भिजेर महाजनले फालेको
पानीको झटारोले मरेतुल्य भै बाटो लाग्छ !

रमाउन पायो भने चारखुट्टे पोल्दै भट्टीहरूमा
फैलाइदिन्छ बासना
गाउँ शहर तानिन्छ उही, चोक्टा लुछ्ने आशमा
अनि पोल्न पऱ्यो दुई खुट्टे मसानमा
भरिदिन्छ हावामा विकराल मृत्युको भय
देख्नु भो ?
निष्पक्षझैँ लाग्ने यो
छद्मभेषी आगोको पक्षपातको पराकाष्ठा ?

जीवनको श्रेय पाएको पानी
खुरूखुरू आफ्नो काम गरे भै जान्थ्यो
घाँटी भिजाउने, थाङ्ना पखाल्ने
अनि चुपचाप शान्त बहने
धमाका देखाउनु छ उसलाई पनि
को भन्दा को कम
खरानीको थुप्रो पन्छाएर
फरिकोले बार्न भ्याएको हुँदैन बगरेले
देखाउँदै शक्तिको ध्वाँस गड्गडाउँदै पुग्छ
उही बगरे बस्तीमा
खोई त कहिले बगाएको छ गगनचुम्बी यसले !

थुक्क ! बेसरम पक्षपाती पानी
एउटा जाबो पोलिस्टरमा लुरूक्क तर्किएर जान्छ
तर छाला र हड्डीले बनेको नाङ्गो ज्यान पायो भने
पीडाको तीर मुटुसम्म रोपेर लुगलुग कमाइदिन्छ
देखाइदिन्छ आफू हुनुको अर्थ
यहाँ, पानी पनि त पक्षपाती छ !

यो धर्ती पक्षपाती छ यहाँ
स्वर्ग बनिदिन्छ कसैका लागि
अनि बन्छ कसैका लागि
घाँटीसम्म पुर्ने अत्यासको ठूलो खाल्डो
प्रिय पात्र अवश्य होइनन् ती अवसरवादीहरू
बरू धावा बोल्दा होलान् सृष्टिमाथि नै
थर्थर कामेर डरले बनिहोलिन् धर्ती तिनैका अनुकूल !
कायरताको पराकाष्ठा, कसरी भनूँ मातृभूमि
कसरी मानूँ, म जननी तिमी पक्षपातीलाई !

अरूको के कुरा गर्नु
विडम्बना !
आमा पक्षपाती छिन् यहाँ
च्याहाँ गरेर अस्तित्वबोध गराउन सके
मार्दिनन् उनी
बरू थमाउँछिन् काखमा
गराउँछिन् स्तनपान
अनि देखाउँछिन् महानता आमा हुनुको
लेखिन्छन्– गीत, कविता र गजल
भरिभराउ महिमाको
तर गर्भभित्र चुपचाप रहँदा

मन परेन उनलाई भने
मिनेट भरमा निमोठ्छिन् घाँटी
अनि तिम्रो राम तमाम त्यहीँ !

त्यसैले साथी
बाँच्नु छ यहाँ भने
धावा बोल्न सिक
ध्वाँस देखाउन सिक
सर्वशक्तिमान भएको नाटक मञ्चन गर,
नत्र
तिम्रो अस्तित्व नै एकादेशको कथा हुनेछ साथी
एकादेशको कथा !

# दुलहा

जीवनको यो बूढो रूख
कति फेरिए पातहरू
कति फले सपनाको फल यहाँ, कति झरे
कुनै हिसाब किताब छैन
जीवन कायापलट भयो
समयले खाली यही मन फेर्न सकेन
बिर्साउन सकेन त्यो बालापन
झुम्रोको पुतली खेलमा ख्यालख्यालको
दुलही बन्दा बन्दै
थाहै भएन
कतिखेर सजाएँ मनमा
बनाएर दुलहा तिमीलाई
प्रिय बालसखा ।

गाउँमा परालको कुन्यूँमा लुकामारी
पाटे गरामा कबर्दी र डन्डी बियोसँग
हामी दौडिरहँदा
सुटुक्कै भागेछ हाम्रो बालापन पनि
म सँगसँगै रफ्तारमा हुर्कँदै थियो

मनभित्र बसेको सानो दुलहा मेरो
जुँघाको रेखी बसेको हँसिलो मुहार
आँखैमा राखिरहूँ, मनैमा टासिरहूँझैँ
अति सुन्दर प्रतित हुन्थ्यो
अनि मुस्कुराउँदै बाँधेर अँगालोमा
सुटुक्क फुस्फुसाउँथ्यो कानैमा–
तिमी मेरी दुलही !!

संसार जितेको भावावेशमा मुसुक्क मुस्कुराउँदा
साथीहरूबाट नपक्डिएकी पनि होइन
भान्सामा बसेर चुलोसँग बेखबर मलाई
हातैको ढुम्रो खोसेर आमाले धन्नै पिट्नु भएन
यो मिठो सम्झनाको उपहार निम्ति तिमीलाई
अगणित धन्यवाद मेरा झुम्रे दुलहा !

घर आँगन, विद्यालय, चौर
कहीँ छुटेको याद छैन
चर्को घाममा एउटै पिपलको छायाँ
पानीको दर्कोमा एउटै घुममुनि
भिन्न ठोक्काईमा
तिमीले जान–अञ्जानमा दिएका
अनुपम स्पर्शले जन्माएका हुन्, मभित्र यौवना !
तिम्रै सम्झनामा पुलकित
तिम्रै कल्पनामा कल्पित
मेरो छुट्टै संसारमा असीमित
खुसीमा सयर गर्दै थिएँ म
आफ्नै यौवन बगानमा ।

अचानक एकदिन
आँधीहुरी आयो
तिम्रो खुसीको असिनाले
मेरा सपनाका फूल नराम्ररी कुटिए
अनि छुट्टिए बगानबाट
जब तिमीले आफैँ खुसी
आफ्नो खुसी टिप्यौ, शिर सजायौ ।

हो, त्यही दिन
सहिद भएको हो मेरो प्रेम
तर पनि किलामा झुन्डिएको भित्ते पात्रोमा
रातो अक्षरले चिह्न लगाएकी छैन
लगाएर पनि के काम
जीवन रोकिने होइन
मौनधारण गर्दिनँ अचेल सम्झनामा
समय जहाँको तहीँ ठिङ्ग उभिँदैन
तिमीलाई लगाइदिएको झुम्रोको माला
क्यै गरी उतार्न नसकेपछि
बिचरो, सालिकले माला पाएको छैन ।

मनको मधुवन आगोले जल्दा निभाउनका खातिर
एक थोपा आँसु पठाउन सकेनौ
छट्पटीमा सास अड्किँदा
अधर भरिको लामो सास लिएर लम्किएनौ
फेरि पनि कुनै गुनासो छैन
म हराएकै दिन, तिमी हराएछौ
म छुट्टै शहरमा मेरै कहरहरूसँग जेलिएको छु
कता हरायौ प्रिय, थोपरेर गाल ममाथि नै फेरि

दिल तिमीमै समर्पित थियो आफ्नो रहेन
बचेको यही परेलीले मुहान बनी सिर्जिएको छ गण्डकी
तिम्रै यादमा सधैँ–सधैँ बहिरहन्छ
उही तिम्री झुम्री दुलही...

# कफिन बाहिरकी मम्मी

ऊ कफिन भित्रको मम्मी
 म कफिन बाहिरकी मम्मी
 फरक यत्ति छ
 उसमा प्राण छैन
 दया गरेर हावा मेरो नाकको आँखी झ्याल र
 मुखको साँघुरो ढोकाबाट अविराम भित्र–बाहिर गर्दै
 दिएको छ उपमा ज्युँदो हुनुको ।

खरानी बनेर उडान भर्न नसकेकी
कमेरो दलेको मानेलाई सिरक बनाएर
चिर निद्रामा निदाउन नभ्याएकी
 भाग्यले दिए अनुसार
रातो या सेतो गुराँसको थुङ्गो शिरमा सिउरिएर
गुराँसे बनहरूमा दाउरा घाँस गरिरहेकी
 म कफिन बाहिरकी मम्मी हुँ म ।

मिलेको शरीर, कसिला नितम्ब
सेता स्फटिकमा चमक्क
तिमीले चाहेजस्तै कोकोकोलाको फिगरमा
ठिङ्ग उभिएकी म कफिन बाहिरकी मम्मी !

आफ्नै संरचनामा अचम्मित छु म
आन्तरिक अङ्ग मुटु गायब छ
मस्तिष्क र धड्कनमा कुनै तादात्म्य छैन
मम्मी हुँ ! अपितु कफिनबाहिर नै छु
विशेष लेप लगाइएको छ, तन मनभरि
जुन विशेष तवरले बनाइएको छ
अति विशेष रसायन इज्जत, संस्कार, पतित्व
सतित्व, दासत्व आदि इत्यादिका संयोजनबाट
अझै खुसीको कुरा के भने
जसको कुनै एन्टिडोट बनेको छैन
यो मम्मी कालान्तर कालान्तरसम्म पनि
सड्ने छैन, गल्ने छैन !

हजुरबाले छोड्नुभएको रिमोटमा, आशा छ
खिया लाग्न दिएका छैनौ
उही रिमोटबाटै तिमी यो मम्मी 'अन' गर्न सक्छौ
'अफ' गर्न सक्छौ
मन नपर्ने क्रियाहरूमा म्युट, पज, स्टप
अति प्रिय क्षणलाई पटक-पटक रिवाइन्ड गर्न सक्छौ
यो सबका लागि मलाई थाहा छ
तिमी धन्यवादका शब्दहरू खोजिरहेछौ
त्यो परमात्माका लागि !!

पछि खोज्दै गरौँला धन्यवादका शब्दहरु
तिमी पनि त परम हुन बाँकी नै छ
बैशले उन्मत्त यो क्षण
मासुसँगको लुछाचुँडी
शरीर, शरीरको घम्साघम्सी

जोश, चुर, आतुर र थकित हुँदै
 यो सुललित, सुलक्षणा
मम्मीबाट जन्माउनु छ
अरू केही सुकोमल मम्मीहरू !
 जो कालान्तर-कालान्तरसम्म पनि जन्माइरहनेछन् जिउँदा मम्मीहरू
 र, थन्क्याउनु पर्ने छैन
आदिमकालदेखिका जादुमय रिमोटहरू
 अप्रिय संग्रहालयमा ।

# दृश्य मृत छ

तिमीसँग भेटेदेखि नै हो
आफन्तसँग नाता टुटेको
मेरो शिर सजाउन
तिमीले छुटाएदेखि हाँगाबाट
भनाबैरी भएको हो फूलसँग
तिम्रै छातीमा विशाल आकाश र
नयनमा पूर्णचन्द्र देख्न थालेपछि
पानी बाराबार भएको हो मेरो
आकाश र जूनसँग ।

मनको सबैभन्दा करिब
तिमीलाई राखेको आरोपमा
धड्कन रिसाएको हो
मुटुमा पहिरो गएको हो
पीडा बिसाउने तिमी चौतारीझैँ
खडा देखेपछि नै हो
ढुक्क हुँदै काँडाले कोतर्न थालेको
मेरा परेली, अधर हुँदै सबैतिर निर्विघ्न चहार्ने
तिम्रै हातको परिक्षार्थ होला
खहरेले धकेलेको भुमरीमा !!

हठात्
तिमी हरायौ
फेल भयौ परीक्षामा भन्दै भन्दिनँ
म फट्फटाउँदै थिएँ भुमरीमा
उत्रने कैयन प्रयत्न असफल भएपछि
मेरा आशा र भरोसा कहिल्यै नउत्रने गरी
सदाका लागि डुबे ।

भुमरीको ओछ्यान भनूँ या मृत्युशैय्या
लडिरहेकै थिएँ
आँखा धमिलिँदै थिए
ज्योति निभ्दै थियो सायद
हो, यो नाभिबाट नीलो भिल्को
उडेर थपक्क हावामा बस्यो
म शरीरको भोगीबाट दर्शक बनेँ अचानक
कसरी बताऊँ, तिमीलाई यो सब कसरी भयो
बेखबर–बेखबर छु म आफैँ पनि !

चलचित्रका दृश्यभैँ म देख्न सक्थेँ
बिस्तारै तानियो शरीर स्मशानमा
दाउरा टाँड पारिँदै थियो
केही आफ्नाभैँ लाग्ने स्वरूपहरू
हतार–हतारमा देखिन्थे
अब यो लाश छिट्टै पोलेर हिँड्न पाए
सायद यस्तै सोच्दै थिए ।

यी सब छोडेर एउटै दृश्य कुरिरहेथ्यो दृष्टि
सायद देख्न चाहन्थ्यो तिमीले एउटा फूल चढाएर

अन्तिम पटक छातीमा टाँसेको त्यो पार्थिवलाई
तर तिमी, मजस्तो ग्वाँजे होइनौ नि
लाखौं हजारौंमा मैले छानेको उत्कृष्टता तिमी
कसरी समय बर्बाद गर्थ्यौ एउटा लाशका लागि !

अब दृश्य मृत छ
मन चिर विश्राममा छ
तिम्रो र मेरो भेटको चिनो स्वरूप
खाली यही एउटा कविता बाँकी छ
हो !
यी अक्षरहरूमा फुलिरहनेछ हाम्रो प्रेम,
मगमगाइरहनेछ युगौँयुगसम्म पनि !

# दुःखी तेत्तीस कोटीहरू

मनमा असीमित रहरहरूको घम्साघम्सी
खुसीका गन्तव्यहरू
कल्पनाको फराकिलो क्षितिज
सुनैसुनले ढाकिएको लंका
आलिशान महलको भव्य कुर्सी
नामअगाडि जोडिने सफल व्यक्ति
जाबो यत्ति सपना पूरा गर्न के मात्र गरिनँ !

ढुङ्गाकै भए पनि भगवान् तेरो जय जयकार गरिरहेँ
धन्न थोरै भेटी, नैवेद्य, प्रसादकै भरमा
मख्ख परेर भनिदिइस्–
तथास्तू ! मेरो कामनामा
र,
दिइस् एक झोली अन्धकार !
अनि दोहोऱ्याइस् उही गल्ती
परापूर्व कालदेखि गर्दै आएको
मलाई त हुनसम्मको फाइदा भयो
धन्यवाद तेरो अकर्मण्यतालाई
तेरो विवेकहीनतालाई, हे ढुङ्गे भगवान् !
तँसँगको सम्बन्ध र वार्तालापलाई यहीँ छाडेर

गर्दै छु म विशेष प्रस्थान
हिमाल, पहाड र मधेसतिर
बोकेर उही एक झोला अन्धकार
थाहै छ–
अँध्यारोमा सबथोक सहज हुन्छ
लेनदेन, वार्तालाप, विच्छेद
नाङ्गिनु, नङ्ग्याउनु यी सब
हो, छर्नु छ धुलो अब
सगरमाथाझैँ ठिङ्ग उभिएको
जुन स्वाभिमानका आँखामा
अनि ल्याउनु छ अन्धमस्टी रात
लोभ, मोह अनि गुलामीको ।

यो मनको संघारबाट धकेलेर
तँ कथित परमात्मालाई
भित्र्याउनु छ मलाई तेत्तीस कोटी
किम जोङ
नेता सुहार्तो
ओसामा बिन लादेन,
जोसेफ स्टालिन
एडोल्फ हिटलर
आदि आदि मेरा भगवान्हरू !!
जो मलाई तपस्यारत राखून्
महानिर्देश गर्न सकून्
छाऊन् अन्धकारमुखी निराशा
हरेक मन वचनमा
र म धित मारेर, मन खोलेर हाँस्न सकूँ !
हा हा हा !!

मेरो विजयको हासो!!

हे, तेत्तीस कोटीहरू हो
खोला तरेर लट्ठी बिर्सने
त्यति कठोर पनि छैन म !
थोरै गुन तिम्रो बरदानको म पनि तिरूँला
तिमीले भर्न नभ्याएका पापका घडाहरू भरेर
पूरा नगरेका केही काम पूरा गरेर
यो शुभकार्य त्यहीँबाट शुरू गर्नेछु
जहाँ पाण्डव पतिहरूले द्रौपदीको सतित्व
कौडामा हारेपछि
जङ्गल र खोलामा केरा नंग्याएझैँ
गोपिनी नंग्याउने
ढाँगी कृष्णको ढाँगले
लम्ब्याएको द्रौपदीको फरियाको गज घटाउनेछु
दुश्सासनले नंग्याउन नसकेका
द्रौपदीहरूको पातलो कुमारी झिल्ली च्यातेर
उद्घाटन गर्नेछु यो कार्यको
र जीवन पर्यन्त भ्याएसम्म तिम्रो
वरदानको सोझो यसरी नै गर्नेछु ।
अब त मुस्कुराऊ !
हे, दुःखी तेत्तीस कोटी हो !!

# मान्छे बजार

आमा ! म मान्छे बजारमा छु
यहाँ अस्तित्व किस्ता-किस्तामा बेचिँदोरहेछ
यो किनिने र बेचिनेको उद्गम थलोमा
म बेचिन नपरोस्, यति मागिदेऊ है
तिमीले पुज्ने ईश्वरसँग !

अनिद्रासँग साटेका सपनाहरूलाई प्रेम गर्ने म,
नाङ्गो आङको घोडा चढेर मलाई नै गिज्याउने
दरिद्रता चुपचाप अँगाल्ने म
दमको इलाज पुऱ्याउन नसक्दा
मेरो पितृत्व नै जफत गर्ने मृत्युलाई
समेत माफ गर्ने म
किन-किन स्वीकार्न सकेको छैन
यो मान्छे बजारको सानिध्यता !

यो शहर देखेर आजित छु म
न रम्न सक्छु यहाँ
न निस्कन सक्छु
न घोल्न सक्छु आफूलाई
पानीमा चिनी घोले जसरी

यो शहरको घोलमा
न उतार्न नै सक्छु !

यो असामञ्जस्यताको भुमरीमा
कहिले यता ठोक्किन्छु
कहिले उता ठोक्किन्छु
चोटहरूले पटक-पटक मर्माहत भएको छु
कहिले रगतको टाटैटाटा भएको कोट
पहिराइएको कंकालमा ठोक्किन्छु
ठुसठुसी मान्छेको रगतको गन्हाउँछ
बेस्सरी नाक थुन्छु
सोच्छु, के यो कंकाल सधैँ मान्छेको रगत पिउँछ ?

हठात् डरले मुटु काँप्छ
सकी-नसकी धकेल्छु आफूलाई फरक दिशामा
उस्तै छ दलदलको अनुभूति
यो के हो फेरि ?
राम ! राम !
कालो टोपी ढल्केको खप्परभित्र
आडम्बरका ध्वंशात्मक किराहरू सल्बलाइरहेका
गिलो मथिङ्गल पो ?
हाय ! फेरि फँसेछु !!

तिम्रो भगवान्ले सुनेन तिम्रो पुकार आमा
म डुब्दैछु भुमरीमा, भासिँदै छु
मलाई थाहा छ
सहयोग अपिलमा उठाएका मेरा हातहरू
असंख्य सेल्फी र क्यामेरामा कैद हुँदैछन्

अनि मेरा स्वाभिमान
मेरा अस्तित्व
यही भुमरीमा
शहीद हुँदैछन्
तिमीले मेरो दीर्घायु र कुशलताका लागि
बालेको दियो धिपिक्क निभेपछि
शहरको बाटो लाग्नु है !
लिएर गाउँकै
दुई थुङ्गा फूल अनि श्रीखण्ड
अनि ओडाइदिनु एउटा खादा मायाको
हो, यसैगरी दिनु बिदाइ मेरो महाप्रस्थानमा
मेरी आमा !

# मैले पढाउन नसकेको मेरो छोरो

झुपडीको बास
खोले सिस्नुको गाँस
र, नाङ्गा-भुतुङ्गा शरीरहरू वरपर
पुऱ्याइदिन नसक्दा कपास
यो सबको जिम्मेवार मै हुँ छोरा
यसको लागि झुकाएर शिर
के तिमीसँग माफी माग्नु पर्छ ?

यदि हुनुपर्छ मैले क्षमाप्रार्थी यसमा भने
धेरै ठाउँ छन्, तिमीसँग माफी माग्नु पर्ने
भोको पेट र नाङ्गो हरमा लट्ठी हान्दै
विद्यालय खेदेरै तिमीलाई विद्वान बनाएकोमा
गुरूहरूले कखरा सिकाइरहँदा
समयले छलकपट घोकाइरहँदा
मैले तिमीलाई केही सिकाउन सकिनँ
न सिकाएँ माथिल्ला कोटीका
दौराका फेरहरू घोटी-घोटी धुन
न सिकाएँ अड्को पड्कोमा
पेटिकोटका तुनाहरूमा रूमल्लिन
लाग्छ, तिमीलाई मालामाल बन्ने चाहिने

मैले केही दिएकै छैन ।

यहाँ नरोपी फल्दैन बाबू
मलाई माफ गर
मैले तिम्रो लागि केही रोप्नै सकिनँ
तिमी दरबारको
न छोरा हौ, न ज्वाईं
न आसेपासे, न कुनै दलको निम्तो लियौ
न झन्डा बोकेर हड्तालमा हानियौ
न कजाई आफूलाई रजाईं कहाँ मिल्छ र बाबु ?
यो बोधो र सोझो गिदी यहाँ काम लाग्दैन छोरा
यो बिर्ता भइसकेको दुई हात माटोमा तिम्रो केही छैन
यदि तिमीलाई छोप्नु छ आमाको लाज भने
जोगाउनु छ, सुहागन भने
अनि धेरथोर सम्बोधन गर्नु छ भने
तिम्रो नाकको टुप्पोको गरिबीलाई
भोलि सखारै हेलिनु खाडीको बाढीमा
र, पठाउनु केही थान खुसीहरू
किनारै किनारको बाटो गरी ।

# मान्छे बस्दैनन् यहाँ

कुन मानव बस्तीको कुरा गर्नुभएको होला ?
यहाँ कोही मान्छे बस्दैनन् हजूर
यी मान्छेझैँ देखिने बुख्याँचा हुन्
परापूर्वकालको त्यो मान्छे
कतिखेर मऱ्यो
कसरी खरानी भयो ऊ भित्रको मानवता
पत्तै भएन ।

आफू मरिरहँदा यसले आफूजस्तै देखिने
यी स्वरूपहरू बनायो सास भरिदियो
न्वारन गरिदियो
अनि छोडिदियो यो पाटोमा !

किसान, दलित, महाजन, मजदुर, काले, गोरे
प्रताडक, प्रताडित यस्ता धेरै नाम छन् यहाँ
म पनि यही झुण्डको एक अंश हुँ
म मेरो काम बताउँछु
नाम हजुर आफैँ राखिदिनुस् है !

मलाई पनि सुख कहाँ छ र हजूर

दिनभर गन्ध मात्र सुँघिरहनु पर्छ
एउटा किसान हुँ भन्दै आउँछ
माटो र पसिनाको मिश्रित गन्ध बोकेर
मलाई भाउन्न छुट्छ
हकार्छु बेस्सरी समीप आएकोमा
अनि निस्कन्छु चिया नास्ताको लागि
एक खिल्ली चुरोटसँगै
सत्कर्म र सत्याग्रहलाई सल्काएर
कार्य कक्षमा फर्कंदा
आफ्नो गन्ध आफैँसँग लिएर
त्यो किसान कहाँ गयो होला
मेरो चासोको विषय रहेन ।

सास नै फेर्न दिँदैनन् हजूर
हेर्नोस् न !
ऊ ! आयो अर्को छुट्टै गन्ध बोकेर फेरि !
अनुहारको चमक, पाखुरीको बल
विष्टको खुकुरीमा सारेर
अमिलो पसिना गन्हाउँदै यो विश्वकर्मा फेरि
उसले पाउने थोरै ज्याला दुई छाक कनिका
अनि ठूलो इनाम
गिँडिएका आफ्नै स्वाभिमानका
गिँडहरू र स्वतन्त्रताका चोइटाहरूसँग
मेरो के लेनादेना
म त यति मात्र चाहन्छु
त्यो खलाँती फुक्दाफुक्दा
खलाँतीजस्तै भएको उराठिलो चेहरा
भाग्यको नाममा निधारमा कोरिएका

दासत्व, अभाव र उत्पीडनका रेखाहरू
लिएर ओझेल परोस् मेरो दृश्यबाट
म चाहन्छु म भित्रको बर्बरता रत्ति नपग्लियोस् !

जिब्रो थुत्नेहरू, थुतिएकाहरू
आवाज लुट्नेहरू, लुटिएकाहरू
दृष्टि खोस्नेहरू
बिना दृश्य, बिना दृष्टि
खोबिल्टे आँखाहरूलाई
टोड्कामा लुकाई चुपचाप रहेकाहरू
मायावी सपनासँग खुसीखुसी
स्वाभिमानको विनिमय गर्नेहरूको
कुरूक्षेत्र हो यो
कथित समानता र स्वतन्त्रताको आरनमा
द्वन्द्वको धारिलो खुकुरी जन्माई
मानवताको वीभत्स हत्या गरिने यो कुरूक्षेत्र
मानव बस्ती होइन हजूर
यहाँ मान्छे बस्दैनन् ।

अक्षरका ठेलीहरूले अघाएपछि नैतिकता डकारेर
अलिकति हावामा
बाँकी रहेकालाई पाइखानामा पखालिसकेपछि
म अब शुद्ध बर्बर बनेर कुरिरहेछु
यो निर्जीव मेचमा, निर्जीव प्रायः भएर !



# पराग

कसरी थाहा पायौ ?
म फूल बन्नै लागेकी छु
र, मिसियौ बतासका झोँक्काहरूसँग
पराग बनेर ?

तिम्रा कलिला मुस्कानमा खोई
के मिसाई पस्कियौ, बेहोसिएझैँ भएँ म ।

कुनै स्वीकृति या अस्वीकृतिका
घण्टी कुर्नै परेन तिमीले
नजरमा नजर र अधरमा अधरको पुल हालेर
मेरो जवानीको किनारमा टेकी
सुटुक्कै मेरो फक्रँदो रातो पत्रमा
तिमीले चुमिदिएपछि नै
अर्धमृत भएकी हुँ म ।

तिम्रो आलिङ्गनमा बेरिएर आएको
थोरै दर्द, अञ्जान भय
र, अनौठो कुत्कुतीले
दागबत्ती दिएको हो मेरो कोपिला वयलाई

हो, यहाँ हत्या भएको छ कोपिलाको !
छातीमा हात राखेर भन पराग !
तिमी प्रेम संवाहक हौ या हत्यारा ?

# जय म

बादलका भित्ताहरूमा स्वतन्त्रता र समानताको
सुन्दर तस्बिर कोर्ने त्यो कुची
भावादित भै ढुकढुकीमा दुःखको नियात्रा लेख्ने
त्यो कलम
सोही दिन भाँचिदिएको हुँ
जुन दिन बुझेँ मर्म
म हुनुको
सपना बुन्नुको
र विलासिताको डमरू डमडम बजाउँदै छिरेँ
त्यो आकाशे महलमा ।

श्रीमतीका सौताहरू अति असहज हाउभाउमा
मेरा आलिङ्गनमा मस्त देखेपछि
उनको आत्मसम्मानलाई सुली चढाएको आरोप लगाउँदै
टुटेको आशा, आश्वासन र प्रतिबद्धताको विष पिएर
आत्महत्या गरेकी हुन् उनले ।

खरको झुपडी, चुहिने बलेनी
जून, ताराहरू
र त्यो फरिया लाउने स्वास्नीको

छायासम्म नपरोस्
मेरो यो तपोभूमिमा
स्मृति नछुटोस् अभीष्ट विगतको
यही कामनामा
सल्काइदिएँ मुढोमा र
उडाइदिएँ चिम्नीबाट
धुवाँ बनाएर
हिजोको म र
मसँग जोडिएको सम्झनाको हकदारलाई !
जय मः
जय तपोभूमि !

# बा अर्थात् ढुङ्गो

हिमखण्डसँगको समागममा
बेसीले निकालेको सुसाहट
अथकित यात्रा गरिरहन्छ
भरिरहन्छ सास फोक्साहरूमा ।

नदी बिना बिसाई बगिरहन्छ
कुनै दिन किनारालाई अँगालो हालेर सुस्ताउँदैन
उसलाई दुख्छ दुख्दैन
कोकेराहरूमा फस्दै र निस्कँदै बगिरहँदा
त्यो त उही जान्दछ
तर ती ढुङ्गाहरू अवश्य रूँदा हुन्
हरेक दिन कुटिँदै, बढारिँदै गर्दा
अनि मिसिँदो होला क्रन्दन नदीमै नीलो, नुनिलो बनेर
आँशु नदेखेपछि हामी भन्छौँ, ढुङ्गो रूँदैन !

# म सिउँडी

जान्न आएका हौ, म को हुँ भने
छाम्न आएका हौ, मेरो सौन्दर्य भने
सुन,
छितिजमा टुप्लुक्क देखिने रातो घामजस्तो छैन म !
न त उसको प्रकाशले चम्काउँछ
मेरो हरियो काँडाको शरीर
जून हैरान हुन्छ रातभर पगाल्न नसकेर मेरो मन
शीत आजित–आजित छ, भिजाउन नसकेर बदन
कहिल्यै नफुल्ने, कहिल्यै नझुल्ने म सिउँडी ।

तिखा काँडाहरू नै मेरो भाषा हो
बोले निर्मम घोचिन सक्छ तिम्रो कोमल मन
अँगाले घोपिन सक्छौ सहस्र काँडाहरूबाट
   रक्ताम्मे हुनसक्छौ
   परै बस एकछिन !

म बास्नाविहीन
यही बालुवाको धुलोमा गाडिएको छु
भमराहरू भुलवश एक दुई पटक नआएका होइनन्
विचरा ! बास्नाबिना टिक्नै सकेनन्

उँटहरू नजिक आए
अपितु, छुइन डराए
यही काँडाको शरीर नै कारण हुनुपर्छ !

यो सब जानेर पनि बाँधिन्छौ अँगालोमा भने
बाचा गर्न सक्छौ, बास्ना खोज्दै हराउँदैनौ
रात दिन सस्तो फूल बगानमा भने
म खुशी–खुशी गाडिन्छु तिम्रो मन आँगनमा
तिमीले चाहेजसरी नै
सधैं सधैं दिलाई रहनेछु आभास तिमीलाई म हुनुको
सिकाइरहनेछु अविचलित भै सहिरहन
घाम, पानी, आँधी, हुरी, खडेरी जिन्दगीको ।

# वीर्य

वीर्यको अर्थ वीरता हुन्छ तिम्रो समाजमा
तिमी बीउ जमाउन सक्छौ, सृष्टि थमाउन सक्छौ
र, पुरूष मानिएका छौ ।

हे वीर्यवान्, तिमी दाता मानिन्छौ
खुसी–खुसी शिरमै ठाउँ दिएको छ समाजले
योसँगै चुनौती पनि छ
तिम्रो वीरता टिक्नुपर्छ कम्तीमा एक युग
खस्नु हुँदैन तिम्रा वीर्यहरूले अनाम सडक
गल्ली र शहरहरूमा, गलत समयमा
धान्न सक्नुपर्छ तिमीले
असंख्य वीर्य तिमीभित्र
नत्र हाँस्छ दुनियाँ
तिम्रो पुरूषत्वको लहरे खोकीमा !

थाहा छ, वीर्यपातका लागि तिमी
मात्तिनु पर्छ, तात्तिनु पर्छ, जोसिनु पर्छ
ब्रह्माण्डकै बलियो तिमी बन्नु पर्छ
यसमा कुनै गुञ्जाएस छैन मेरो
एउटै जिकिर छ !

समागमको उत्कर्षमा गहिरो स्वासमा
अत्यन्त आवेगमा जप्नू
ॐ नमः शिवाय
ॐ शान्ति, शान्ति, शान्ति !!

मलाई जन्मिनु छ बुद्ध बनेर, शिव बनेर
शान्ति र सिर्जनाको सहअस्तिव बोकेर
यति गर्न सक्दैनौ भने
अपिल गर्छु म वीर्य !
चिबुकमै मोक्ष चाहन्छु
देख्नु छैन मलाई तिम्रो अनुहार !
टेक्नु छैन यो कालो माटोको देशमा ।

# डोब

आउनेहरू आइरहन्छन्, जानेहरू गैरहन्छन्
कसैसँग ठोकिनुलाई कसैले भाग्य भन्छन्
कसैले संयोग ठान्छन्
दृष्टि अनुसारकै दृश्य बन्छ, विचार जन्मिन्छ
तर ठोकिनुको सत्यले आफ्नो डोब छोडेको हुन्छ
अत्यन्त सुषुप्तझैँ आफ्नो काम गरिरहन्छ
खनिरहन्छ मुहान हृदयको सगरमाथामा
उसलाई के थाहा !
ऊ नदी बनी बग्ने तयारीमा छ
अनि समाधिस्थ हुँदैछ समुद्रमा !

कहिले फुटेर आगो भै निस्कन्छ
कहिले पग्लिएर पानी
अन्धकारमा उज्यालो फिलिङ्गोझैँ कहिले
कहिले अँध्यारिन्छ, दिनको सुरम्य प्रकाशमा पनि
बेरङ्ग, बेढङ्ग मनपरी गरिरहन्छ
भित्र कतै लुकेर यो हृदय नामको सत्य ।

हो यसरी सुटुक्क भित्र छिरेर
बेइमानी गर्ने यो सत्यको डोबलाई

तिम्रो जिन्दगीको अदालतमा
तिम्रा आदर्शका न्यायाधीशले
तिम्रो उजुरीनामामाथि केही गर्न सक्दैनन् !
यो सर्वोपरि बनेर
तिम्रो मन मकानमा राज गरिरहनेछ
तिम्रो अन्तिम अस्तित्वसम्म ।

# किर्ना

पीडा महसुस गर्दा हुन्
चिलाउँदो हो
सकसक हुँदो हो
हामीले टाङमुनि बसेर चुसिरहँदा
के गरून् त दाम्लोमा छन्
बेस्सरी हकार्न मन लाग्दो हो
न कसैले खोलिदिन्छ मोहोला
न सुन्छन् निस्किएका आवाज अन्तःस्करणबाट
र पनि बेकार बकिरहन्छन्, बकिरहन्छन् मनहरू ।

म किर्नाहरूको माननीय
म तिमीलाई
मजस्तै सफल किर्ना हुन सिकाउँछु
अहिल्यैबाट शुरू गर्छु
आदर्श, निष्ठा र विधानका कुरा
सुन,
हाम्रो आदर्श
जुन जिउमा टाँसिएका छौँ
त्यहाँ कालो र मोटो रगत रहुञ्जेल बेस्सरी चुस्नु पर्छ
भुँडी फुट्ला-फुट्ला जस्तो हुने गरी

तर कुनै पनि क्षण
रगत रातो र पातलो हुन थाल्यो भने
आफ्नो निष्ठा सम्झिएर लुसुक्क बसाइँ सर्नुपर्छ
घुस्रिहाल्नुपर्छ !
हरियो घाँसमा चरेर
टुमुक्क भुँडी र
पोटिला फिला भएको मालेको टाङमुनि
अनि खोजिहाल्नु पर्छ ठूलो झ्याम्टा
नातावाद, कृपावाद र गुटबन्दीको
लुकेर चुसिरहन सुरक्षित झ्याम्टाहरूमा ।

सुनिरहेका छौ होइन ?
अब गर्छु म विधानका कुरा,
मदिरा पिएर स्वास्नीका कुरा गर्न छुट छ
रगत पिएका कुरा पेटमै रहनु पर्छ
रगत पिएर मात्तिन पाउँछौ
खाली जिब्रो लर्बरिनु हुन्न
लड्ने, पल्टिने र
आफूलाई बदल्नेबारे सोच्नै हुन्न
बरू
इतिहास पल्टाउन मिल्छ
भूगोल बदल्न मिल्छ
विरूद्धमा आवाज निकाल्ने बेकारका
घाँटी निमोठ्ने सामर्थ्य राख्नुपर्छ
र गर्जन सक्नुपर्छ सधैं सिंह–आसनमा ।

हो,
यसरी नै तहल्का मच्चाइरहनु पर्छ

युवा किर्ना भएर सास रहुञ्जेल
हामीलाई हाम्रो वर्तमान प्यारो छ
के फरक पर्छ भोलि हरूवाहरूले
जयजयकार गरून् या पुत्ला जलाऊन्
जितेर गएको किर्नाको !

मरेपछि जयजयकार हुने यो माटोमा
भन्न सकिन्न
हाम्रै सालिक बन्न सक्छ भोलि
लेखिन सक्छ इतिहासमा
हाम्रै नाम सुनौला अक्षरमा
त्यसैले,
कसैले नदेख्ने यो आत्मा रून्छ कि चिन्ता नगर
विश्वास डगमगाउने कुरालाई पनि हाबी हुन नदेऊ
एउटै आदर्श, सिद्धान्त र निष्ठा हामी किर्नाहरूको
जस–जसको टाङमुनि छिरेर भए पनि
अनन्त–अनन्तसम्म
बाँचिरहनु पर्छ यो सगरमाथाको फेदीमा ।



# दर्शक भएर हेर्नुको मजा

जिन्दगी लेख्दिने हिम्मत गरेँ, भनेँ भने
हजुर के भन्नुहुन्छ ?
थाहा छ, भन्नुहुन्छ–
कवि बहकिएछ ।
थोरै बहकिने मन भयो आज
अलिकति खोतल्न मन लाग्यो
फूल बिझेर खिल पल्टिएको यो जिन्दगीलाई ।

भोक्ता बनेर लेख्न गाह्रो छ
दर्शक बनी अटाउन खोज्दैछु अक्षरहरूमा
दुखेको जिन्दगी
थाहा छ
म मान्छे हुँ, मान्छे अरूको दुःखमा सितिमिति रूँदैन
र, मलाई रूनु पनि छैन
भत्किएको जिन्दगीको मानचित्र मनको कलमले म जोड्न खोजिरहेछु
र, जान्दछु– यो बहकाउभन्दा बढी केही होइन ।

बालापनमा नचाहेरै छुटेका हातहरू
दुई थोपा आँशुको रसायनले जोडिदिए
सुन्दर देखियो मेरो जिन्दगीको मानचित्रमा

खुल्यो बचपनको आकाश ।

जीवन नामले दिएको अनमोल उपहार
मुटुभित्रको सुनामी
अवरूद्ध गला
भिजेका परेली
ठेस लागेर उप्किएका नङ
काडा कसरी भन्नु आफ्नैले दिएका
फूल बिझेर सैन पल्टिएको अन्तःस्करण
यी सबैलाई भोगेँ भन्ने बिर्सिएर
दर्शक मात्र भएर हेर्दाको मजा
आहा ! म लेख्न सक्दिनँ
तर
जरूर लेख्न सक्छु, मेरा प्रिय पाठकवृन्द
एकपटक मेरै लागि भए पनि
यो अभ्यास गर्दिनुस् अनि मुस्कुराई दिनोस्
हजुरको यो प्रिय लेखकका लागि ।

# चिहान

कसैले नदेखेको
आफ्नै मनको ऐनामा
आफैँलाई नियाल्दा
लाजले पानी-पानी हुनुपर्ने हो
शरमले झुक्नुपर्ने हो शिर
देखेर आफैँभित्रको निस्सार नग्नता।

अर्काको सफलतामा जलेर खाग भएको
कालो मन लुकाएर
प्रेम भरिएको आवाजमा
अति आत्मीय लवजमा निस्किन्छ
बधाई तथा शुभकामना !

श्रद्धाले झुकेको शिरलाई
हातले उठाएर होइन
बरू कुल्चिँदै उसको स्वाभिमान
थमाउँछ बिल्ला संस्कारीको !

पछाडिबाट धसेर छुरा जोडले
छातीको सानो प्वालमा

बिस्तारै मलम पोतिरहन्छ ऊ।

यौनका कुरा गर्दैन, असभ्य हुने डर छ
अन्धकारमा मस्त निचोर्न सक्छ कम्मरहरू
यो झुट्टाहरूको प्रतिस्पर्धा हो
कोही छ यो भन्दा जान्ने ?

भोकाहरू भोक कसेर पटुकाले
मुसुक्क मुस्कुराउँछन्
खाएकाहरू हन्तमुखीजस्तै
आँ–आँ गरेकागर्यै छन् ।

रोइरहेको हृदयको बेवास्ता गर्दै
कानसम्म पुग्लाझैँ फाटेका ओठहरु
सामुन्नेबाट नियाल्नेले सोच्दो हो
आहा ! कस्तो मोहक मुस्कान !
झुटको पराकाष्टा !

यी फूलझैँ देखिने झारहरूलाई
छाम्न, गोड्न सजिलो छैन
तर पनि मोक्ष–दा
तैँले यो गर्नै पर्छ
खन्नै पर्छ चिहान र गाड्नै पर्छ
नाथे झुटलाई कहिल्यै मुन्टो उठाउनै नसक्ने गरी
अनि,
फुलाउनु पर्छ सुन्दर फूल
सत्यम्, शिवम्, सुन्दरमको
सम्याएर चिहान !!

सुन्नु भयो अक्षरहरूको उर्दी ?
के गरूँ !
म त अक्षरकै नोकर
उहिल्यै मरेको हरियो दुबोको चौरमा
दुबोझैँ देखिने गलैंचा बिछ्याएर
विज्ञापन गरिएको हरियाली पुर्न
चिहान खन्दैछु !

# कमान्डर

जिन्दगीको भागदौडमा
जिन्दगीले नै धकेलिदिएर
पटक–पटक पछारिएपछि
सपनाका पर्खालहरू नाघ्न छाडेर
मन मस्तिष्कको चौतारीमा
सुइय सुस्केरा हाल्दै
थुचुक्क बसेकै दिनदेखि
म नदीजस्तै अनवरत् बगिरहने भएकी छु ।

किनाराहरूमा ठोकिए पनि
दुख्यो भनेर सुम्सुम्याउँदिन घुँडाहरू
कोकेराहरूमा फस्दै र निस्कँदै गर्दा
दधारिएका मनका धर्साहरू
पीडाले टिलपिलाएका नजर
सायद, ऊ देख्न सक्छे र त सोध्छे–
आमा ! दुःखी–दुःखी नबगे हुन्न ?

उसको प्रश्नको जवाफ दिन जरूरी ठान्दिनँ
फर्काएर मुन्टो अर्कैतिर
फेरि बग्ने तयारीमा लाग्छु

ऊ अझै हरेश खाँदैन
केही नबोलेरै सबथोक भन्न सिपालु ऊ
दिलाउँछे आभास, ऊभित्र पनि मेरै अंश हुनुको
मेरै रगत दौडिरहेको छ उसका धमनी र शिराहरूमा
भन्छे– कम्ता जिद्दी छैन म पनि !
भलै ! तिमी जति अनुभवी छैन म
जिन्दगीको म्याराथनमा ।
निर्बाध तेर्‍याउँछे प्रश्न अर्को–
आमा ! सबैले भन्छन्– तिमी फूलजस्ती छ्यौ
फेरि किन मुस्कुराउँदिनौ ?
म फूलजस्तै छ कि छैन ?
म मुस्कुराउन पर्छ कि पर्दैन ?

एकपछि अर्को
प्रश्नका छर्राहरू बर्साउँदै जान्छे ऊ
नचलेपछि काम यसले
यसरी हान्छे प्रश्नको अर्को कोर्रा !
हातमा उचालेर, काखमा च्यापेर
जबर्जस्ती बोल्न सिकाएकी हौ
नसोधेका प्रश्नहरूको आफैँ जवाफ दिन्थ्यौ
दन्त्यकथाका बहानामा
अब सोध्न र बोल्न सक्ने भएकी छु
किन बन्द गर्छौ ओठहरू आमा !

हो, यस पटकको मिहिनेत खेर गएन
उसको कोर्राले मेरो बोली फुट्यो
हत्तपत्त भनेँ,
पर्दैन पर्दैन ! बिना इच्छा चुपचाप बगिरहन

मन लाग्दा किनारमा अडिन, लडिबडी गर्न
फ्याँकिदिएर बुर्का बालुवैबालुवा हुन
कोकेराहरूमा लुकामारी खेल्न र
फूलझैँ मुसुक्क मुस्कुराउन तिमी पाउनुपर्छ
गाह्रो छैन
खाली एउटा युद्ध लड्नुपर्छ विद्रोहको
बिना हतियार, अन्धकारमा मसानहरूसँग
तयार छौ भने
आजै म तिमीलाई कमान्डर घोषित गर्छु
भरिदिन्छु बारूद बन्दुकहरूमा र
लागिरहन्छु तिम्रै पछि–पछि
एउटै शर्त छ आमाको यहाँ
यसमा तिमी पराजित हुन पाउने छैनौ
र, आउन पाउने छैनौ मृत्युको समाचार बनेर !

# टुप्पी

कपाल मुण्डन गरी छोडिएको लामो टुप्पी
तोते बोलीमै घोकिएको गायत्री
जातको सर्वोच्चताले छाएको छानोमुनि
अभावले पोतिएको चुल्होमा
दरिद्रता छड्किरहेको कसौंडी
एकोहोरो नियाल्दै अवाक्
म जन्मजात पुरोहित
यसरी खोलैँ मेरो चिनाको खिया लागेको बाकस !

रातो पहैँलो चामलको खोलेले आधा भरिएको पेट
छिनछिनमै छचल्किरहँदा, हल्लाखल्ला गरिरहँदा
बगलमै बसेको दर्जी साथीको खल्तीमा बास आएको
भुटेको मकै कल्पनामै चपाई घुटुक्क निल्दा
टुप्पीले लगाएको खबरदारीले थुर्थुर काम्ने
साम्भ्रान्त शोषक बाहुन म !

छात्रवृत्तिका लागि
महिला, दलित, गरीब कुनै वर्गमा नपरेपछि
आमाको ढुङ्ग्री, प्रियाको माड्बारी बेचेर
किनेको स्नातकोत्तर काखी च्यापेर

सरकारी र निजी व्यापारीका
दैलोहरूमा  आफैँलाई बेच्न वर्षौं धाउँदा
टुप्पीकै कारण बिक्न नसकेपछि
म आज मेरै टुप्पीको मलामी गएर आउँदै छु
नून बारेझैँ बार्ने छु शर्मा थर
फुटाउने छैन ढिकुरो जीवन भर ।

शास्त्रको अस्त्र प्रहारबाटै मेरा रहरहरूलाई
मृत्युदण्ड दिइएपछि
मैले मेरै चिराचिरा भएको मुटु निचोरेर
रातो रगतले लेखिदिएँ
एउटा अमेट हरफ
मानवताको खोजीमा !

# बर्सात्को पानीमा भिजेर पनि ओभानो तिमी

उत्ताउलो क्षितिज व्यग्र वासनामा सगर चुमिरहन्छ
एकछिन अधर हटाउनसम्म मान्दैन
यता हिमाल
युगौँदेखि फुलाएर सेतो प्रेमको फूल कुरिरहन्छ ।

खहरे छिल्लिँदै बगरलाई जतातत्तै छोएर जान्छ
चञ्चल स्पर्शले पानी–पानी हुन्छ बगर
झुम्छ आनन्दमा र व्यग्र पर्खाइमा रहन्छ खहरेको
नदी कहिल्यै नसुक्ने मायाको मुहान अँगालेर
चुपचाप बहिरहन्छ ।

जून ताराहरूले घेरिएको छ
बादलको सिरक ओडेर घरीघरी
खोइ, के–के गर्छ
यता शान्त समुद्र छातीमा जून टाँसेर
अनन्त प्रेमको कथा लेखिरहन्छ
किनारामा नीलो नुनिलो मसीले ।

शीत बनेर रात, छुर्लुप्प भिजेर आफैँ
भर्छ जीवन डालीहरूमा
बदलामा एउटा मुस्कुराहटसम्म पाउँदैन फूलहरूबाट
कृतघ्न फूलहरू
रसिलो, कसिलो हँसिलो बनेर कुर्छन् बिहानीलाई
चुमिन, चुसिन अनि निचोरिन भमराहरूबाट ।

हो, यिनीहरूले नै उत्तर दिएका छन् मेरा प्रश्नहरूको
मेरा प्रियतम
प्रश्नहरूको ओइरोले सताउने छैन तिमीलाई सोधेर
किन ?
हामी अदूर भएर पनि दूर छौँ
स्पर्शित भएर पनि अश्पर्शित छौँ
दृश्यमा भएर पनि अदृश्य छौँ ।

सागर नै गुरू मानेर
म कहिल्यै फर्किने छैन
उभिने छैन तिम्रो दिलको मझेरीमा
समयसँगै अनन्त अनुरागको सागर भै
मेरै पथमा बहँदै बनाउनेछु
अदृश्य ताजमहल बटुलेर गट्टाहरू प्रेम र समर्पणको ।

हेर त, तिम्रो प्रेम वर्षामा भिजेर पनि
ओभानो तिमी ।

# टाढाको बस्ती

तिमी हाँसेको नदेखेको पनि युग भयो
सहकर्मीको आवाज थियो
कान हुँदै मनसम्म गुञ्जिएको।

हो त !
सम्झन खोजेँ
कहिले हाँसेकी थिएँ म अन्तिम पटक ?
सम्झनामा धुमिल मुस्कान
पुलुक्क चिहायो अन्तःस्करणबाट ।

म दूरबाट गाउँ खोजिरहेछु
जहाँ मुस्कानको दरौँदी बगिरहन्छ अबिरल
म सम्झना र अगाध प्रेमको वृक्षारोपण गर्दैछु
मेरो मनको भीर पाखाहरूमा
जोगाउनु छ, सुन्दर लहरा लतिका मेरा गुराँसे वनहरूमा
यहाँ उत्ताउलिएर बर्खा
पखाल्दै छ मेरा पखेराहरू
सोहोर्दै छ मेरा सुन्दर बार्पाक र लाप्राकहरू
भन ! म कसरी मुस्कुराऊँ ?

सुदूरलाई हेपेर केन्द्र बनाई दौडिन्छ
झुप्रा, टहरा ढालेर
मरेकाहरूलाई झन् मारेर यो भूकम्प थर्थराइदिन्छ
मेरो मन, मुटु र मस्तिष्क ।

गल्र्याम्म ढलेपछि धरहरा काठमाडौँ खाल्डोको
ठूलो पहिरो गएको छ मेरो अस्तित्वमा पनि
म सकिनसकी मनको धरहरा पुनर्निर्माणमा
व्यस्त छु
पसिनै पसिना भएकी छु
साथी तिमीसँग बोली मिसाउनेसम्म फुर्सद छैन
एकछिन छाडिदेऊ है एकान्तमा
म छरिएको मेरो देशको टुक्रा टिप्दैछु
राखेर मनको आँचलमा म फेरि फर्किनेछु
तिमीसँगै झाडुपुछा गर्न मेरी फ्रान्सेली साथी ।



# लेखेर के हुन्छ?

आज यो सराबी कविता सराबकै तालमा बर्बराउँछ
अक्षरका सुरा पिएर लर्बराउँदै भन्छ–
आखिर लेखेर के हुन्छ ?

मनको समुद्रमा असिनपसिन भै
सम्भनाको नाउ खियाँउँदै
प्रतीक्षारत आफ्नै घरको पिँडीमा
आमाको घुँडा सिरानी हाल्न पुगे पनि
बाध्यतामै किन नहोस्
रङ्गीन सपना पूरा गर्न
रङ्गीन नोटहरूकै पछि लागेर
परदेशिएको मस्तिष्क देशको काम आएन
हे परदेशी, दुखेको देश लेखेर आखिर के हुन्छ ?

ठेलादेखि डराएर भागेका तेरा हत्केलाहरू
आमाको निधारको पसिनासम्म पुछ्न सक्दैनन्
किन्न सक्लान् केही थान फरिया र चोलीहरू
आफैँलाई बेचेको धनले
के सिउन सक्लान् उनको फाटेको अन्तःस्करण ?
उही फाटेको मन लेखेर के हुन्छ हे परदेशी कलम ?

थोरै रेमिटेन्स पठाएर मुलुकलाई
दुई चार थान जस्ता पठाएर चुहिने धुरीलाई
अनि पठाएर सुनका चुरा प्रियसीलाई
आफू यही तातो माटोको देशमा हराउने
तैँले प्रेम लेख्न मिल्ला र परदेशी कलम ??

स्वीकार छ यो उजुरीनामा
हायल-कायल छु मेरा कमजोरीहरूमा
र पनि, के गरूँ ?
मुटुमै लिएर हिँडेको मेरो देश
आमाको फाटेको मन
बाका चिरिएका कुर्कुच्चा
प्रियसीको घर्कँदो यौवन
दुख्छ गहिरोसँग मेरो छातीमा
बिन्ती कविता !
मलाई लेख्न देऊ
मेरो दुखेको देश
मेरा दुखेका स्मृतिहरू ।

# तिमी जाँघे लगाउँछौ

तिखो ढुङ्गाको ठुँगाईलाई
चित्तबुझ्दो उत्तर
भल्भल्ती बगेर रगतले दिन्छ
नपुगे, आँखा थोरै बर्सिदिन्छ
ढुङ्गो सन्तुष्टिमा चुपचाप हुन्छ
म मौन बसिदिन मिल्छ
यो धेरै सजिलो छ।

तिम्रो निमेष भरको साथसँग जोडिएका
अगणित प्रश्नका अविरल छालहरूलाई
सम्बोधन गर्ने मसँग न समय छ
न यसले कुनै अर्थ राख्छ विद्वानहरूको भीडमा
म लड्न आँटे कदापि नथाम्नू यी हातहरू
यसैमा तिम्रो अनि मेरो भलाइ छ
जान्दछौ !
म फरिया लगाउँछु,
तिमी जाँघे लगाउँछौ ।

म निमोठिनु पर्छ, चिमोटिनु पर्छ
जानीजानी फुलेकी हुँ

दुखेझैँ नगर्नू मेरा पीडा र कुण्ठाहरूमा
रन्थनिदै पीडाले
डाँको छोडेर रून आएँ तिम्रो सानिध्यमा भने, होसियार !
पग्लिएर नथाप्नू काँध
नमार्नू धाप आर्तनादहरूमा
झन् अंकमाल त गर्दै नगर्नू
तिमी बदनाम हुन सक्छौ
जान्दछौ ?
म फरिया लगाउँछु
तिमी जाँघे लगाउँछौ ।

हो ! जुन दिनसम्म
फरिया र जाँघे भित्रको सम्वेदना एक हुँदैन
मन र मनबीच विभेद हट्दैन
छोटो जिन्दगीमा लामा प्रश्नको अन्त्य हुँदैन
प्रशंसा नगर्नु मेरा गुणहरूको
तिमीलाई अप्ठ्यारो पर्न सक्छ ।
जान्दछौ ?
म फरिया लगाउँछु
तिमी जाँघे लगाउँछौ ।



# शृङ्गार

उनी गएदेखि नै हो
श्रृंगार र रङसँग नखेलेको
यो सादा–सादा जिन्दगी
थाहा छैन कतिञ्जेल यसरी नै घिसारिने हो ।

वर्षौंदेखि नखुलेको सिम्रिकको बट्टा
छेवैमा देख्दा याद आयो
मैले मेरा रहरका
डिब्बाहरूमा निर्मम बिर्को लगाइदिएको
लाग्यो–
कसैले यो बट्टा
मेरो आँखाअगाडि जानाजान राखिदिएको हो ।

# जंगली आमा

मेरी छोरीलाई म
खुला आकाश मुनिको
विराट सत्यलाई दर्शक
राखेर
भित्र्याउन चाहन्छु मभित्र
जसरी एउटी पोथी हरिणले गर्छे
अनि जसरी गर्नुहुन्थ्यो ढुङे युगकी हजुरआमाले ।

अन्धकार रातमा, बन्द कोठरीमा
सृष्टिको चाहनाभन्दा बढी
बासनाको गुलाम भएर
म भित्र्याऊँ मेरी छोरीलाई मभित्र?
यो हुन सक्दैन !

जीवनले जीवन जन्माउने खुसी नाप्न सकिन्छ र ?
मेरो यो अनुपम प्राप्ति
म फल जन्माउने रूखमा झुन्डिएर
नदी जन्माउने हिमाल
गुराँस जन्माउने पहाड
यी सबलाई प्रशव र प्राप्तिका साक्षी राखेर

थाप्न चाहन्छु काख
अनि टाँस्न चाहन्छु छातीमा, मेरो त्यो नवजात
जीवन र सम्वेदना भन्दा कोशौँ पर
अस्पतालको चिसो शैय्यामा
जन्माइरहँदा को होला उनको स्वागतार्थ
धडक–धडक धड्किरहेको मेरो मुटुबाहेक
किमार्थ स्वीकार्य छैन !

यो मुद्दामा कसैले हार्नै पर्छ
श्रीमान् !
कि यी सबलाई अश्लील देख्ने दोषी आँखाहरू
नजरबन्दमा राखियोस्
अन्यथा,
मलाई अराजक र अश्लील बनेको आरोपमा युग निकाला गरियोस्
र खेदियोस् आलेखमा जीवित ढुङ्गे युगमा
मलाई जंगली आमा हुन मञ्जूर छ ।



# सहयात्रा

मजाक बन्न लायक छ
तिम्रो र मेरो सहयात्रा
र पनि
गुडिरहेछ सम्बन्धको थोत्रो ट्रक घ्यार्र–घ्यार्र
जिन्दगीको बगरे बाटोमा ।

समर्पणको नाममा कहिल्यै खुम्चिन नपर्ने
रेटिन नपर्ने, तिम्रो मन देखेर
अनायासै निस्किन्छ जीर्ण ओठहरूबाट
हाय ! नियति मेरो देश र मेरो प्रेमको !
प्रत्येक पटक बनाउनुपर्छ नयाँ मानचित्र
आफैँ खुम्चिदै र हराउँदै गरेको !

हात समातेर गुलाबी बगैँचामा सयर गर्न
नपाएकै दिन
ताता र राता ओठहरू मुखौटोभित्र बन्दी
भएकै क्षण
तिमीबाट आयो निमन्त्रणा सम्बन्ध मैजारोको
विलम्ब नगरिकनै स्वीकारिदिएँ मैले पनि सहर्ष
यसरी भयावह अवशान भएको छ प्रेमको !

र, गन्हाएको छ उन्मत्त बास्ना शहरभरि ।

धृष्टता हो जान्दछु
प्रेमबारे बोल्नु र पनि बोल्दछु–
प्रेम, सिँउदो र सिँदुरको !
प्रेम, गला र पोतेको !
माफ गर्नु होला
यहाँ पनि प्रेम जीवित छैन
छ भने भनिदिनुहोस्
किन, किन कुर्न सक्दैन सिउँदो ?
भरिन खुसीको सिँदुरले एकदिन शिघ्र भविष्यमा !
जब वाचा मायाको
वाचा कर्तव्यको
वाचा समर्पणको
कतै दूरदराजमा
आफ्नै रगत, पसिना र सपनाको निजी फ्याक्ट्रीमा
खुसीको सिन्दुर उत्पादन र प्रशाधन गरिरहेछ ।

# निराशा भित्रको आशा

म निर्जीव प्राय: लडेको पनि वर्षौं भएछ
मठ छेउको शालिग्राम पनि लडिरहेछ मजस्तै !
फरक यत्ति छ
उसलाई हर साँझ–बिहान ससम्मान
धुप, नैवेधसँगै दुध चढाइन्छ
तिमी प्रार्थनारत हुन्छौ र मागिरहन्छौ
उसैको कृपा दृष्टि !
अनि सोझिन्छन् मतिर तिम्रा कर्के नजर
नबोलेरै धेरै बोल्छन्
नखोलेरै धेरै खुल्छन् मनका गाँठाहरू
र, थकित स्वरमा निस्किन्छ थकित आवाज
कहिले होला यो दृश्य आँखाबाट ओझेल हुने हे भगवान् !!

उसो त
तिम्रो खुसी मेरालागि पनि त सबथोक हो
यसैको प्रमाण हो
मेरो चिरिएको कुर्कुचा
आधा बैंस छँदै चाउरिएको अनुहार
दु:खले थलिएको जीर्ण शरीर
तर, अचम्म के भएको छ भने

दुई दिन, दुई रातको प्रशव खटेर
घरको दलिनमा तुन्द्रुङ्ग झुन्डिएर तिमीलाई
संसार देखाएसँगै, आवाजमा च्याँहाँ भर्न सक्ने म !
आज तिनै दलिनमा झुन्डिएर
संसार छोड्न किन सक्दिनँ !
तर पनि हौसला नहार्नु मेरो छोरा !
तिम्रै विश्वासको धरोहर
त्यही मठको निर्जीव देवसँग
म मेरो मृत्युकै याचना गरिररहेछु !
भाग्यवस्, उसले मेरो प्रार्थना सुनिदियो भने
आशा छ भोलिको बिहानले
तिमीलाई निराश बनाउने छैन मेरो छोरा !!

# पाइला

लाग्छ !
यी पाइलाहरूसँग सामीप्य निहित छ
र अनुकूलताअनुरूप दुरी बनाइरहन्छ
नपत्याए हेर्नुस् !
सन्तानका कलिला पाइलाहरू कसरी जोडिन्छन्, आमाका औँलासँग,
अनि जोडिन्छन् आफ्नै पाइलाहरूसँग खप्टिँदै एक अर्कामा !

जति छिप्पिँदै जान्छन् पाइलाहरू
बढ्दै जान्छ दुरी
पाइतालाहरू हतारिन्छन् भेट्टाउन भ्रमात्मक गन्तव्य
चाल्दै बाजीका पाइलाहरू !

अलमलिएपछि
गन्तव्य उचाइ हो या गहिराइ ?
चढ्न नसकेपछि कपोलकल्पित सफलताको शिखर
नाप्न नसकेपछि ढोँगी प्रतिष्ठाको गहिराइ
जोडिन्छन् पाइतालाहरू नमस्ते आसनमा !
मलाई दुःख छ तिम्रा निकृष्ट मायावी म्याराथनमा !
तिमीले पछारेका निर्बलहरूमा !
र, पछारिएका तिम्रा कमजोरीहरूमा !



# प्यान्डोराको बाकस

तिमी स्वार्थको कादम्बिनी
म स्वार्थको गुलाफ
कलमी गरेर जन्माइएको सुगन्धाले
न मलाई मेटाएर तिमीमा समाहित गर्न सक्यो
न तिमीलाई गालेर म बनाउन नै सक्यो
        एकै आँख्लामा जोडिएको हाम्रो स्वार्थले
        बिचरो काम्रो ! प्यान्डोराको बाकसझैँ बनेको छ ।
मौका छोपेर स्वार्थको सर्पले
जुन कुनै बेला डस्न सक्छ !
त्राहित्राहि छु म !
तिमीलाई पनि त डर लागेको होला ?

तिमी तिम्रो स्वार्थ झिक बिन्ती !
म मेरो स्वार्थ झिक्छु,
खाली गरौँ यो विषादी बाकस !
कमसेकम बचाउन सकिन्छ कि,
        एक मुठी इमान !
        एक  थुर्पी प्रेम !

तिमी छाडा साँढे बनेर वितन्डा मच्चाउँदैछौ

मेरो हरियो बस्तीमा !
म युद्ध विभीषिकाको पराल समेटेर
मनको तानमा क्रान्तिको हतासोले मुटु थिच्दै
तातिएका मेरा धमनि र शिराहरूको आदेशमा !
बुनिरहेछु
आँसु र आक्रोशका काँडादार गुन्द्रीहरू
बिछ्याउन पूरा विरासतभरि !
भनिदिएको छु
टेक्यौ भने पाइला यहाँ
यकिन छ
तिमी रक्ताम्य भै ढल्ने छौ !
बिन्ती !
नउचाल तिम्रा पाइतालाहरू !
यो मुटु बिछ्याइएको मेरो बस्ती टेक्न
म पनि निकालिदिन्छु काँडाको गुन्द्री
गाउँ, शहरबाट !!
कमसेकम बचाउन सकिन्छ कि मिलेर
एक चिम्टी भाइचारा !
एक पित्को सहिष्णुता ।

अन्यथा !
बुन्न छोडेर काँडाका गुन्द्रीहरू
म मोक्ष–दा !
समेटेर यिनै पराल, तान र हतासो
लगाउने छु आगो !
र
भुङ्ग्र्याउने छु तिम्रा ज्यादतिलाई
तिम्रा स्वार्थका अवयवलाई ।



# तरूणी हरिण

धेरै भएको छैन
मेरो नजरमा परेको त्यो हरिण जोडी
अनि सुनेको तिनका प्रेमालाप पनि
छोएर परेली जोइ हरिणको
पोइ हरिण कबुलनामा गर्छ
तिम्रै आँखामा हेरेर बाटो बिराएको हुँ
चुमेर तिम्रै अधर ढुन्मुनाएको हुँ
अनि बकेर तिम्रै प्रेम बर्बराएको हुँ रात–रातभर !
म तिम्रै कारण सराबी भएको हुँ
पिएर सराब तिम्रै उपस्थितिको ।
            पोथी हरिण मक्ख पर्छे
लिएर उसलाई लसक्क लस्किन्छे झाडीतिर !

केही दिन र महिनापछि देख्छु
जोइ हरिण एकबाट दुई हुन्छे
            गर्वले देदीप्यमान मुहार
आहा, झन्-झन् राम्री !
ऊ बालक हरिणलाई चाट्दै
मसक्क मस्किन्छे पोइ हरिणसँग
भर्नु छ उसमा स्निग्ध उन्माद अनि लस्किनु छ

गुफाको अँध्यारो कुनातिर !
यति छिटो कहाँ सेलाएको छ र उन्मत्त बैँस ऊ भित्रको !

तर आज उसले सुरा पिलाउनु परेको छैन
पोइ हरिण सराबमै ढुन्मुनाएको छ
लाग्छ ऊ तीनपानेमा नुहाएर आएको छ
हान्छ  हुङ्कारको चिर्पट
उसको मुटुको देब्रे कुनामा
ढुन्मुनिदै ढल्छे ऊ
र, उम्लिन्छ पीडाको रक्तकुण्ड आँखाको डिल हुँदै
देखेर यो सब
मन, मनमनै सोध्छ–
के सागर आँखाले जन्माएको हो ?

एकाबिहानै अर्को दिन
भरेर अलिकति बैँस रौँहरूमा
पोइ हरिण निस्किन्छ ओडारबाट
भेटेर तरूणी हरिण जङ्गलमा
दोहो¥याउँछ उही गीत सुरासुन्दरीको
मसक्क मस्किएर तरूणी हरिण झाडीतिर लस्किनुअघि
अबिलम्ब म पुग्नुपर्छ
बिथोल्नु पर्छ, यो घातक रासलीला र
जोगाउनु पर्छ–
पोइ–जोइ हरिणको !
बाउ–छोरा हरिणको
भलै उसकै आगमनले लखेटेको थियो
सराबी हरिणलाई
जङ्गलका भट्टी र तरूणी हरिणतिर !

# बिक्रीमा

सगरमाथामा छड्किँदै गरेको एक ताउलो गर्व
पशुपतिनाथको कम्मरमा अडेको एक गाग्री सुरक्षा
गुम्बाले खिपेको एकजोडी शान्तिको भोटो
मस्जिदले बुनेको एकथान कट्टरताको बर्को
यी सबै-सबैलाई बाह्रमासे हाटमा राखिएपछि
मैले पनि एक भाँडो सपना किन्न
म सिङ्गैलाई बजारमा टाँगिदिएकी छु ।

हरेक बिहान शीतको गद्दारीमा
मैले मेरा नवजात सपनाहरूको चिहान खन्नु पर्छ
पारि डाँडामा रातो भएर डुब्नासाथ घामले
पठाएको गोमनले डस्छ मेरो सेतो अस्मिता
गल्र्याम्म ढलेको मेरो अस्तित्वमाथि
मजाक मान्दै मुस्कुराइरहन्छ चिसो जून
यो बिकी-बिकाउको अनाम मौसममा
मैले पनि निर्वस्त्र आफूलाई बिक्रीमा राखिदिएको हुँ ।

नछलोस् दक्षिणी भूत प्रेतले सोचेर हालेको
खुकुरीको सिरानीसँगै
मैले ओडेको लिपुलेकको कम्मल
अँगालेको कालापानी र

सुतेको लिम्पियाधुरासम्मको
मोल–मोलाई भएपछि
यो सुकुम्बासी ज्यान बिक्रीमा छ ।

आऊ बेचिन तयार भएको बेला
किन फुटपाथको भाउमा
अविलम्ब गर !
सुगौली सन्धि
मेरो गर्भमा पनि हुर्किंदै छ एउटा पोथी भ्रूण
तिमीलाई सौगात नै भयो अर्को एक भिल्ली अस्मिता
लुकीछिपीमै उधार्नु फरिया केही वर्षपछि ।

# आऊ ! भोग गरेर जाऊ !

जितेर बाँच्न चाहन्थे, सकेनन् मरेर गए
चढ्न चाहन्थे, सकेनन् झरेर गए
म हार स्वीकार्दै
हुर्काउँदै थिएँ
एउटा कविता मेरो गर्भमा
र, आज
जन्मिएको छ ।

अँधेरी रातको आडमा, अनिश्चित भयले
कालो आकाशमुनि लमतन्न पसारिएको
अन्धकार गल्लीमा मेरो चिरहरण गरेको हो ।

भोकले छचल्किएको मेरो पेटमाथि
सरक्क चढेर बलात्कार गरेको हो
अभावले मेरो ।

युद्धका समयमा
क्रान्तिका नाराहरूमा
यसरी सम्मोहित भएछु कि म
मृत्युको ओछ्यानमा

गोला बारूदसँगको घमासान सम्भोगको उत्कर्षमा
चुँडिएछन्, मेरा हातखुट्टा नै ।

अस्ति धाराको पानी छोइँदा
जातले फरिया उधारेको हो मेरो
फूलपाती लिएर मन्दिर छिर्दा
उत्ताउलिएर खसेको हो
भगवान् ममाथि
म कालो भएकै कारण
निर्मम निचोरिएको हो
मेरो कलिलो अस्मिता गत राति ।

यसरी हरेक दिन, हरेक रात
म भिन्न लिङ्गहरू सँगको रासलीलामा छु
कहिले सम्मोहनमा पारेर सम्भोग गरिएको छ
त कहिले मुख थुनेर, हात-पाउ बाँधेर
बलात्कार गरिएको छ
जे भए पनि आखिर यहाँ भोग भएको छ
जबर्जस्त लिङ्गहरू स्खलित भएर हराएका छन्
र, योनिमा छुटेका तिनै वीर्यलाई
तागत बनाएर उठिरहेछु म हरेक बिहान !

तिमीलाई पनि छ वीर्यपातको भोक भने
आऊ भोग गरेर जाऊ !
जिन्दगी नामको सुकुलमा
पसारिइरहेकै छु म
नियाल्दै आकाशलाई
गन्दै चुनौतीका ताराहरू ।

# कुटुनी

वर्षौं पहिले जब म बच्चै थिएँ
ऊ पनि बालखै थिई
भर्खरै निस्केकी धुलैधुलोको दुलोबाट !
धुलौटे मालपोतमा रातो धुलो नै साक्षी राखेर
राजीनामा पासमै लिएको हुँ उसलाई !
यद्यपि सुक्को तिर्नु परेन मैले !

लिएर कुटुनी छिरेको हुँ
झ्यालैझ्याल अनि प्वालैप्वाल भएको मेरो खोपीभित्र
दिएर थोरै ठाउँ मेरै टाँडको खाटमा
कोल्टे फेरेर एकान्त रातमा
नभनेरै भनेको हुँ
थोरै जग्गा मेरो जिन्दगीमा पनि दिएँ
सुम्सुम्याउँदै मेरा कलिला हातले
उसका कलिला रनवन !

टाउकोलाई दुई फ्याक पार्ने हो भने
ठ्याक्कै बीचमा पर्ने गरी
उसले धारो हालेको त्यो धुलोमा
खुब सुन्दर प्रतित हुन्थी मेरी कुटुनी

मेरो नजरमा !
र, ल्याइदिन्थी अनौठो कुतकुती
मेरो मन आँगनमा, मेरा अङ्गअङ्गमा !

अचानक ममा प्वाँखहरू पलाउँदै गए
सिउर ठडिँदै गयो
मैले भुइँमा हेर्न छोडिदिएँ
कुटुनी मझैँ अग्ली हुनै सकिन
तब उप्रान्त मैले कहिल्यै उसलाई
मायाले सुम्सुम्याइनँ ।
म मेरै हिसाबले पोथी खोजेर
घरजममा लागेँ ।
सुनेको छु,
मैले मेरा खोपीका सम्पूर्ण झ्याल
प्वाल बुजिदिएपछि
बिचरी आफैँ निस्किएको प्वाल
खोज्दै भौतारिँदै थिई रे !
म कुनै झ्याल र प्वालभित्र पस्दिनँ
जुन अरू कसैले बनाएको होस्
यही बर्बराउँथी रे, सपना बिपनामै ।

झन् परार आएको बाढी
परार आएको भूकम्प
पोहोर आएको कोरोनाले
बाँकी छाडेको रहेछ भने
कतै फाकटमा
कहाँ छौ मेरी कुटुनी !
चिच्याएर भन्न मन छ

के गरूँ ?
भालेको झैँ सिउर भएर पनि
कुखुरीकाँको डाँक छैन मसँग
मनमनै चिच्याएको मन सुनेर
फर्केली र मेरी कुटुनी ??

# हाँसो दिवस

अन्धकार कुनामा अविदित कालदेखि
शून्य मन लिएर शून्यतामै अल्झिरहेको
म अजीब भ्रूणलाई
स्वाट्ट जन्माइयो हाँसो दिवसको दिन र भनियो–
आज हाँसो दिवस हो
ओठ कानसम्म पुग्ने गरेर
संसारले सुन्ने गरेर हाँस्नु पर्छ ।
हा हा हा...
अलमल्लमा परेँ र सोधेँ–
भाव शून्य मन लिएर कसरी हाँस्ने ??
तब निकालियो मलाई
मेरै देशको गाईजात्रा देखाउन ।

जात्राको स्वागत द्वारमा देखियो
मान्छेभैँ स्वरूपमा
भुँडी ढाडिएको एक जोडी उपियाँ
बडो उदारभावमा रक्तदान गरिरहेथ्यो
हातमा सञ्चार बोकेर केही थान बुख्याँचाहरू
नियाल्दै थिए यो परिदृश्य
आफ्नै सन्तानले पिएपछि थोपा–थोपा रगत शरीरको

नीलो हुँदै कोमामा हिँडेकी आमालाई देखेर
कम्ता हाँसिनँ म !
हा...हा...हा...।

टेबल मुनिबाट डराउँदै सुटुक्क
कालो खल्तीमा लुसुक्क पसेका हात्ती र गैँडाहरू
गोधुलीपछि सर्वशक्तिमान बनेर
गल्ली र भट्टीहरूमा काँचका रिकापीहरूबाट
गर्जिँदा,
बचाऊ ! बचाऊ ! भन्दै
दुलो पसेको डरछेरूवा सत्यलाई देखेर
कम्ता हाँसो छुटेन !
हा...हा...हा...।

विलासी भोकको फुस्रो ओठमा रातो लाली पोतेर
आफ्नै ओठको लाली बेच्न हिँडेको
त्यो यौवनभित्र
डरले काँपिरहेको अस्मिता पनि हेर्न लायककै थियो ।
हा...हा...हा...।

हटिया, सडक र डबलीहरूमा देखाइने गाईजात्रा
बाइसे चौबीसे राज्यहरूमा छिरेर
मुखौटोले मुख छोपेर लहडीरहेका
राजा महाराजाका भिरिङ्गीहरूलाई
नाङ्गै देखेपछि चिच्याएर भन्न मन लाग्यो– कुरी कुरी !!
टोकिए, ओठहरू लाजले
निस्कियो अट्टहासमा– हा...हा...हा...।

यो सब देखेपछि आफैँलाई छाम्न मन लाग्यो
मन रिस र आक्रोशको ज्वालाले खाक भैसकेको रहेछ
हत्तपत्त ओडेर मुस्कानको बर्को
बडो कामुक हुँदै छाइहाल्यो तन्नेरी आँखाहरूमा
छिः आफ्नै नाङ्गोभुतुङ्गो मन देखेर
फेरि झुक्यो शिर, टोकिए ओठहरू
उभिएर दर्पण अगाडि आफैँलाई हेर्दै खुब हासेँ म !
हा…हा…हा…।

अजिब मान्छे म !
अजिबकै हाँसो हाँसेछु
ओठ कानसम्म पुगेनन्
आवाज के कस्तो निस्कियो थाहा भएन
यति थाहा पाएँ
जात्रा नसकिँदै
दाँतहरूको अविच्छिन्न हमलामा
ओठहरू खसेछन्
रगतका धारा र मासुका चोक्टा बनेर ।

आफ्नै रगतले मातेर एक सराबीझैँ
लडिरहेछ मेरो अस्तित्व
जात्रा बनेर सडकमा
म अब अरू हाँस्न सक्दिनँ
जात्रेहरू हो- बिन्ती !
बन्द गर देखाउन यी ठट्यौला हर्कतहरू ।

# अनसन

बुढ्यौलीले झुम्रुक्क फुलेको सेतो रूख
ताछिएका कञ्चट र जीर्ण हाँगाबिँगा देख्दा
लाग्छ–
जराले पानी लिनै छोडेको छ
र, पनि आश्रय दिएकै छ
उहीजस्तै एक बूढो चरो र
केही भर्खरका बचराहरूलाई ।
जबर्जस्ती घर बनाएर बसेको छ
ठूलै जमात ब्वाँसाहरूको
कागहरूको
बाजहरूको
गोमन र अजिङ्गरको ।

चुच्चोभरि खुसी बटुलेर
चारैतिर उडिरहन्छ बूढो चरो
आँशुले बगाउनै लागेका बस्तीहरूमा
हाल्छ केही थान खुसीका बाँधहरू ।

आफूसँग भएको एक चुच्चो खुसीले
पुर्न सक्दैन

दुःखका खाल्डाहरू
र
धिक्कार्छ उही श्रीपेचलाई
जुन वर्षौं पहिले मरेको हो
खसेर स्वार्थको पहाडबाट
फर्किएर दर्बार तिर चिच्याउँछ
दुःखी चराहरूको आवाज
मरेकाटे सुन्दैन
भाङ खाएर निदाएको जिउँदो सालिक
भरौटेहरू कहिले काग बनेर ठुङ्छन्
कहिले बाज बनेर सर्लक्कै निल्छन् ।

रोई–कराई गर्छन् चराचुरूङ्गी हाँगाहरूमा
कहिले भोकमा रून्छन्
कहिले शोकमा रून्छन्
कहिले रोगमा रून्छन्
बाँध्न नसकेपछि पुल
पीडाको बाढीमा
बोकेर ज्वालामुखी मन
दौडिन्छ आस्थाको मन्दिरतिर
र,
बजाउँछ अनसनको घण्टी ट्याङ्, ट्याङ्, ट्याङ् !!

पूरा रनवन ब्युँझिएपछि
ब्युँझिन्छन् साला र सम्धीहरू पनि
खसालेर अलिकति चारो थुनिहाल्छन्
मान्ने जतिलाई रातारात जालमा
ठोकिदिन्छन् केही थान मट्याङ्ग्रा

नफस्ने मुटुहरूमा
र
दबाइन्छन् आवाज !

बूढो चरो फेरि एक्लिन्छ सडकमा
निरासाको एक थोपा नुनिलो पानी
तप्किन्छ चुच्चोमा
र, तोडिन्छ उसको अनसन
रेटिन्छ सपनाको घाँटी
चुडिन्छ समानताको प्राण
र, फहराउँछ माफियाबाजीको झण्डा
सगरमाथाभन्दा अग्लो बनेर ।
भन तिमीलाई पनि बस्नु छ, अनसन ?

# इन्द्रेणी सपना

जून बनेर बसेन रातमा
घाम बनेर बसेन दिनमा
थोपा बनेर शीतको, बिलायो जमिनमा
यसरी हराए खुसीका अवयव
उसको जीवनबाट
कहिले झरीले कुटेर
थिलथिलो भएपछि
त
कहिले घामले कम्पारो सेकिएपछि
मिलेर आएको घामपानीमा
पाखोले इन्द्रेणी पाएजस्तै
बगेपछि आँखाको झरीमा थुप्रै पटक
र, सेकिएपछि पीडाको चर्को घामले
कसो नपाउला जिन्दगीले पनि एउटा इन्द्रेणी
कसो नहोला पीडाको अन्त्य एकदिन !
यही ठम्याई थियो उसको !

ऊ पीडाका पर्खालहरू अविश्राम भत्काई रही
भत्काई रही
अनभिज्ञतामै कि ती मायावी थिए र

रावणको टाउकोझैँ खडा भैरहन्थे
कैयन् मारको बावजुद पनि
न सकिए पीडाका पर्खाल
न मानी हार उसले
र त, चलिरह्यो जिन्दगीको महायुद्ध !!

युद्धको अक्षर खोपी
परिचयको धुलौटोमा
मेटेर अबला फलानी
ठूलो अक्षरमा लेखी अर्जुन ठूली !!
र, लगाई निशाना बोक्रे परम्परामा
सजायस्वरूप यसो हात भाँचियो
जिब्रो थुतियो
यत्ति हो, खासै केही गरिएन ।

हुँदाहुँदा
छुनै नहुने मुटुमा, मुटु मिसाएपछि
गाउँको भूगोलसँगै
आफन्तको मनबाट पनि
गलत्याइएकी उसले
अनाम बस्तीमा बसाई सानो घर
प्रेमको जगमा समर्पणको छानो हालेर
र, कोरी खुसीको रातो धर्सो
कम्ता जिद्दी त कहाँ हो र ऊ पनि !
लडीरही लडीरही सधैँ।

अचानक एक दिन
क्रान्तिको बुर्कामा आएर संहारले

लुट्यो उसको आशातित इन्द्रेणी
पखालेर खप्पर बगायो रातो खोलो
फोर्यो नाडीका हड्डीहरू
चुँडायो तार मुटुदेखि धड्कनसम्मको ।
र,
जबर्जस्ती थमायो सिन्दुरको बट्टा
केही थान काँचका चुरा
अनि केही उज्याला रङहरू
शरीरबाट छुट्टिएका हत्केलाहरूमा ।

ऊ नराम्ररी हारी यसपटक !
निस्लोट लडिरहेकी उसबाट निस्किएन कुनै आवाज
अपितु टुलुटुलु हेरिरहेका आँखाहरू सजल
सोधिरहेथे भीडलाई
इन्द्रेणी सपना देख्नु अपराध हो ?
प्रतिउत्तरमा कोही केही बोलेन
हावाले कावा खाँदै सुटुक्क फुस्फुसायो
उसका कानमा
सपना देख्ने आँखाहरू
दुख्ने सपनाहरू
र,
दुःख बोकेर बसेको मनको गर्भाशय
मिल्काउन सक्नुपर्छ
पीडाको अन्त्य हुन्छ ।

# क्रान्तिकारी

क्रान्ति के हो ?
क्रान्तिकारी कसलाई भन्ने ?
कोही व्यस्त सडकमा टायर बालेर
कालो धुवाँसँग मागिरहन्छ
परिवर्तन
कोही उही सडकमा मुटु फुट्ने गरी पेलिरहन्छ
बूढो रिक्सा निकाल्दै सेतो धुवाँको जुलुस
र, लगाइरहन्छ एक मुठी प्राणको नारा
मृत्युलाई जीवन बनाउने माग राखेर
भन्नुस्, यी दुईमा क्रान्तिकारी कुन हो ?

एउटा झुन्ड छ
भरोसाको प्राण छिनेर अबला जन्माउँछ
आदर्शको शिर छेदन गरेर जोडिदिन्छ टुहुरो टाउको
जिन्दगीलाई दुई टुक्रा पारेर मृत्युको रातो खोलाबाट
जन्माउँछ अगणित सेता सिउँदाहरू
र, भन्छ
यही क्रान्ति हो !

अर्को झुन्ड छ,

हरेक दिन पसिनाका ताजा थोपा सिँचेर
बनाउँछ नयाँ
हसियाँ, कोदाली र फालीहरू
लगाउँछ नयाँ धार
पुराना खुर्पा खुकुरीमा
र, भन्छ
यो पो हो त क्रान्ति !
भन्नुस्, यीमध्ये क्रान्ति कुन चैँ हो ??

केही छापामार चिच्याई रहन्छन्
दूरबाट जिन्दाबाद ! मुर्दावाद !
पुग्दैन
श्रवण शक्ति कमजोर भएको बिरामी दरबारसम्म
एक नाम्लोछाप भरिया आफ्ना नङ्ग्राले खनिरहन्छ
ध्वनि सुरूङ
र, पठाउँछ
दरबारको कानसम्म एउटा सुस्केरा
सुनिन्छ दरबारमा !
हत्तपत्त टालिन्छ मुख, एउटा गोलीले
र, ढालिन्छ सडकमा एक आतंककारीको नाममा !
भन्नुस्, यी दुईमा क्रान्तिकारी कुन हो ?



# अपराध

खरानीबाट धिपधिप गर्दै सल्कियौ
मनको धुपौरोमा
धुप मायाको हालेँ र
जोडेँ मुटुको दुई फ्याक
नमस्ते आसनमा
छापेँ– तिम्रै प्रतिमा शीर्ष कुनामा
          र, बजाएँ प्रेमको घण्टी जोडजोडले
          घन्टी हल्लिरह्यो, तरंगित भैरह्यो हृदय ।
सुन्न नसक्नेले ओठ पढ्छ
देख्न नसक्नेले छामेर चिन्छ
तिमी यी दुवैमा समर्थ छैनौ जानेपछि
कहिल्यै भनिनँ
तिमी मेरै हुनुपर्छ, परेली छुनुपर्छ
मुस्कुराउनु पर्छ, मसँगै
मसँगै रूनु पर्छ ।

यसका बाबजुद पनि के भयो जान्न चाहन्छौ ?
सेतो बादल रूमलियो मन आकासमा
धुपौरोबाट छुटेको सेतो धुवाँजस्तै
र, बिना गर्जन बर्सियो

मीठो झरी
छुर्लुप्प भिजेपछि तनमन
न्यानो स्पर्शको खोजीमा
भयो एक जघन्य अपराध !!

एकाएक बनाएँ तिमीलाई जड प्रेमी
पसेँ सुटुक्क मायाको च्यादरभित्र
लिएँ तिम्रै पाखुराको सिरानी नरम
पुगेन टिपेर तिम्रै एक जोडी अधर
चोरेका तिम्रै नजरले
नियाल्दै थिएँ जिन्दगीको क्यानभास
र, भर्दै थिएँ आफ्नै रोजाईका रङहरू ।

एक्कासि आयो सुनामी र
बगाइदियो रङहरू
एकदम सादा देखियो जीवन फेरि
सुँक्क–सुँक्क गर्दै छिर्यो
एक दुःखी छायाँ मस्तिष्कको झ्यालबाट
निमोठ्यो मेरा दुवै कानहरू
र, मुटु खोतल्दै बेस्सरी गर्जियो ।
चोरी अपराध हो !
सजायस्वरूप दियो आँसुको आकास
र, भन्यो
वर्षिरहनु आजीवन झरी बनेर
वर्षिरहेछु, भोगिरहेछु सजाय
र सोचिरहेछु
के त्यो दुःखी छाया तिम्रै थियो?



# परदेशमा दशैँ

मृदुल सरगममा खोल्सो खोल्सिरहेथ्यो
पँधेरोमा धारो कलकल बगिरहेथ्यो
हावामा तरङ्गित हुँदै एक्लै हल्लिरहेथ्यो
थुम्मीको लिङ्गे पिङ
रोटे पिङको पिर्कामा बसेर नानीहरू कुरिरहेथे
बलिया पाखुरी !!

रातो माटोको लालीमा खुलेको घर आँगन
अँध्यारो खोपीबाट जुरूक्क उठेर मुस्कुराएको जमरा
तिम्रो भर चाहिएको छ ठूले भनेझैँ
आफैँ कर्के परेर घर धानिरहेको धुरी खाँबो
ठुले आइपुगिस् ?
धम्कीको घ्यारघ्यारमा मिसिएको बाको आवाज !
ठूले ! बाबु !
मायाको महासागर थुनिएको आमाको अवरूद्ध गला
सपना हो या विपना खुट्याउन नसकेझैँ
ढोकामा अवाक् उभिरहेको आधा म !

हत्तपत्त बाका पाउमा घोप्टिँदा
शिरमा ठडिएको आशीर्वादको सगरमाथा

आमाका हातबाट बगेको मायाको नदी
अधीर भै कुरिरहेको प्रियसीको अँगालो
गाउँ भरिका थाँत्राका काँत्राहरू
अँधेरी रात
र, ती बालसखा उर्फ काँत्रा चोरहरू ।

हो, यी सबलाई एकसाथ भेट्दा उद्दत मन
मेरो काबुमै रहेन ।

हत्तपत्त बिछ्याएँ राडी
सजाएँ टीकाको थाली
जमरा मुसुक्क मुस्कुरायो
छन्छन् बजे दक्षिणाका सिक्काहरू बाको खल्तीमा
फेरि छताछुल्ल पोखियो बालापन मेरो मनभरि
साइत छोपेर निधारमा अक्षता टाँस्दै बा भनिरहनु भो–
आयु द्रोण सुते, श्रीयं दशरथे शत्रुक्षयं राघवे
ऐश्वर्यं नहुषे, गतिश्च पवने, मानं च दुर्योधने ॥
सौर्य शान्तनवे, बलं हलधरे सत्यं च कुन्ती सुते
विज्ञानं विदुरे भवतु भवतां कीर्तिश्च नारायणे ॥

आमाको हातबाट टीका थाप्नै थियो
प्रियसीलाई दिनै थियो एक भूगोल शुभकामना
उही समयमा सधैँजस्तै दियो समयले धोका
निमोठ्यो मीठो सपना र
बज्यो किरिङ किरिङ घन्टी बनेर बिहानीको अलाराम।
यस पटकको दशैँ पनि उसैगरी मनाएँ
जसरी वर्षौंदेखि मनाइरहेछु ।



# अनाम देशको अनागरिक

नजरहरूमा अजनबी
अराजक
अराष्ट्रवादी
सबथोक हुन तयार छु
तर
हुनु छैन मलाई स्वघोषित राष्ट्रवादी
र, लेख्नु छैन कविता उग्रराष्ट्रवादमा
म कसैको कुनै देश हुनुमा विश्वास गर्दिनँ ।

म अनाम देशको अनागरिक हुँ
अनाम मस्तिष्कमा लाम लागेर बसेका
अनाम कविताहरू
अजनबी शीर्षक मै लेखिरहन्छु ।

स्वार्थको पाइतालामा खडा भएको जातीय
भाषिक, लैङ्गीक, धार्मिक बखेडाहरू
र, रगतले मुछिएको राष्ट्रीयकरण
नखाने ठाउँको मासुजस्तै हो मेरो लागि
अछुत, अकर्मण्य ।
त्यसैले अब कहिल्यै चोब्दिनँ अक्षरका निबहरू
मुटुको रातो आहालमा र लेख्दिनँ कविता विषादमा।

भीर-पहरामा शिरूका जरा समातेर तातेताते गर्दै सरेका पाइलाहरू
मजदुरका हत्केलामा फुलेका ठेलाका सुनाखरी
दुर-दुरको सिँदुर कुरिरहेको खाली सिउँदो
नानीको सपना रूँघिरहेको बूढो काख
काल पर्खेर आफैँभैँ जीर्ण खटियामा लम्पसार रोगी शरीर
बाक्सामा थुनिएर घरकै घाटको
महाप्रस्थानमा सवार हजारौँ मीठा सपनाहरू
यथाशिघ्र लेख्नु छ कविता
पहरामा शिरू हराउनुअघि
हत्केलाका सुनाखरी ओइलाउनुभन्दा पहिले
धोकाले सिउँदो भरिन नभ्याउँदै
हो, सबको हालत बदलिनुअघि नै !

जून-ताराको प्रकाशमा, कर्कलाका पातमा
टप्लक्क टप्किने शीतका कविता लेख्न बाँकी नै छ
भन्नुस् !
जून नटल्किने र शीत नटप्किने देश कहाँ छ ?



# तथास्तू

मायाको एक धर्सो प्वाँख चोबैं मुटुको प्यालेटमा
कोरैं तिम्रो भरलाग्दो चित्र रातो मसीले
र टाँगैं आँखाको सामुन्ने
जति हेरैं उत्ति बढ्यो तिर्सना स्पर्शको
पिएँ गाग्रीका गाग्री उकुसमुकुस ।

अधीर पलको छट्पटीमा
करकर खाँदै जब थर्थर काँप्न थाले हातखुट्टा
एक्कासि सम्झना भो
तिमीलाई थिरे-थिरे गर्दै हत्केलामा उभ्याएको
बिल्कुल असुरक्षित महसुस गरेनौ
बरू खित्खितायौ खोलेर दाँत नउम्रेका गुलाबी गिजा
आज यो बेतको लट्ठी फ्यात्त फालेर
समात्न मन छ तिम्रा बलिष्ठ पाखुरी
र चाल्न मन छ केही पाइला आँगनसम्म
गोठसम्म
सम्भव भए पर चोक र चिया अड्डासम्म ।

यो त चाहना हो
विपना बिल्कुल फरक छ

तिम्रै आगमनमा बिछ्याइएका धमिला आँखाहरू
निर्दयी भै कुल्चिदिन्छ रातो घामले गोधुलीमा
र, पोखिदिन्छ निष्पट्टता चारैतिर
र, खनिदिन्छ अत्यासको जल्जले ।

तिम्रा पदचापका सङ्गीत सुन्न
लालायित मेरा कर्णपटहरू भित्ताका रिक्तता
मुसाका चाँ चाँ चुँ चुँ, बिरालोको ङ्यार् ङ्यार् ङुर् ङुर्
दाम्लोमा भोकै बाँधिएकी मालीको
कारूणिक बाँ–बाँले पाकिसक्यो
बाटोभरि लज्जावती तिम्रै छुवाइको पर्खाइमा छ
निबुवाका दानाहरू अटेर भै भेट्नोमै टाँसिरहेछन्
हरेक चिज तिम्रै आगमन कुरिरहेछन्
लाग्छ, अधीर मृत्यु कुरिरहेछन्, मृतप्रायः भैँ !

कालो छायाँ बनेर मृत्यु
रूँगिरहेछ भयभीत स्वास
र, कुरिरहेछ मेरो जिन्दगीको घण्टाघरमा
बज्ने अन्तिम घण्टी
घण्टीले १२ हान्नुअघि
तिमीलाई एकै चोटी देख्ने मन छ
फुकाउन मन छ मुटुको गाँठो
र, बगाएर समुद्र उकुसमुकुसको
मिसिनु छ अनन्तको महासागरमा
के कृपा गरेर भन्न सक्छौ तथास्तू
मेरो प्रार्थनामा मेरो छोरा ?



# भ्रम

फाँसी सुनाइएको कैदीको अगाडि
लंगुर बनेर जब हल्लिन्छ डोरीको सुर्कने
लापत्ता लोग्नेको खबर कुरिरहेकी
स्वास्नीको आशा पखालिन्छ
भरोसा फुट्छ झर्याम्म जतिखेर
चारो पर्खिरहेको बचरो गुँडैमुनि जब देख्छ लम्पसार आमा
वर्षौंदेखि निद्रा कुरिरहेका आँखाहरूलाई मध्य रातमा
जब हुन्छ चिर निद्राको सपना
मन भित्रको कैदी सपना
आँखाको आली भत्काएर
परेलीको ढोका फुटाएर हाँक दिंदै
जब खस्छ डिलबाट
छाँगो बनेर
जीवन सोच्दो हो, सबथोक सकियो !
र त, लाग्छ भ्रमको दोकानतिर
किनेर मृत्युको एउटा क्याप्सुल
सुलुक्क निल्न चाहन्छ ऊ !
सोचेर
बाँचिरहेको जीवनभन्दा मृत्यु धेरै सजिलो छ
बगैँचामा मुस्कुराइरहेको गुलाब

मेरो खस्रो हातले छोइनेबित्तिकै
गरिहाल्छ संकल्प आत्महत्याको !
मलाई उसले आफ्ना काँडाहरू
जुटाएर कोतरेको मन पर्थ्यो
अरूको कुरा के गर्नु
कसैले जून, कसैले जुनेली
कसैले फूल भन्ने
मेरी छोरी नै फूलजस्ती भएको मलाई कत्ति मन पर्दैन !

नरोकिई बगरमा अविरल बगिरहेको खोलो
हतार–हतार समाधिस्थ हुन्छ समुद्रमा
र, मेटाइदिन्छ नाम–निसान आफ्नो
के होला हालत आफू–आफू नरहँदा
यत्ति हेक्कासम्म छैन !
खाली देखेको छ नीलो रङ
रङ्गीन हुने बेतुके सपना बोकेर
यसरी खोलो हेलिएको मलाई
पटक्क पर्दैन ।

हुन त मलाई मन पर्नु र नपर्नुले के फरक पार्छ ?
यहाँ सबका सबलाई भ्रम मन पर्छ !
हेर्नुहोस् त !
भ्रमको दुनियाँ कति आकर्षक छ !
मृत्युसमेत सुन्दर देखिन्छ ।

# मायाको कसम

जड बनायौ, बनेँ
शिरमा सजायौ
पाउमा ढलायौ
चुम्यौ अङ्गअङ्गमा
लुछ्यौ गिद्दले सिनो लुछेझैँ
तिम्रै खुसीमा
खुसी–खुसी छाडेँ जिन्दगीको बहर !

अनायास एकदिन भन्यौ–
सँगै नारिन सकिन्न हल बनेर
बाँधिदै मायाको जोतारोले
हालेर कर्तव्यको जुवा–काँधहरूमा
जिन्दगीमा सुर्कासुर्की मात्रै छ !
बस् ! बल्ल देख्यौ जिन्दगीको फाँट ?

प्रेमको हत्या गर्यौ कसरी भनूँ, हृदयको मान्छे
तिम्रा पनि बाध्यता होलान्
आफ्नै बाटा होलान्
गन्तव्य होलान्
के हिसाबकिताब माग्नु नाफा–घाटाको

तिम्रो प्रतीक्षामा व्यग्र हुँदै बिताएका अधीर पल
पिएका अखप छटपटी
तिम्रो स्पर्शको सपनाबाट एक्कासि ब्युँझिदा
विपनाले कोतरेका मनका असंख्य डोबहरू
दफन गरिदेऊ !
बिन्ती, खनिदेऊ चिहान
तिम्रो मायाको कसम, म कहिल्यै मुन्टो उठाउने छैन
नियाल्ने छैन तिम्रा पाइतालाका छापहरू
सुन्ने छैन पदचापहरू...

तिमीसँग भेटिएपछि तोडिएका दौँतरी
फेरिएका आफन्त
बिग्रिएको मेरो जिन्दगीको सरगम
काखमा आफ्नै लास बोकेर
धुरूधुरू रोइरहेको मन
चिन्ता नगर यो हालको
बरू सजाइदेऊ चिता
सल्काइदेऊ इर्ष्या क्रोधको एक खिल्ली सलाई
र, जलाइदेऊ यी अवयवहरू !
तिम्रो मायाको कसम, म कहिल्यै छुने छैन
धुवाँ बनेर
हावा बनेर तिमीलाई
बस् ! मुक्ति देऊ, मुक्ति लेऊ !

# जीवन नदीको किनारै किनार

अभावको आगोमा जलेर खरानी हुने
या
अनिश्चितताको विमानमा चढेर भैपरी आउने
घटना दुर्घटनाका लागि तयार रहने ?
दोस्रो विकल्प रोजेँ
कालो घाम
विकराल क्षितिजबाट अट्टहास हाँसिरहेथ्यो मेरो विवशतामा
आत्मसम्मानमा एकरत्ति आँच आउन नदिई
मचक्क टेकेँ आमाको मुटुमा
नुहाएँ आँशुको छहराले सुटुक्क पसेर स्नान कक्षमा
फर्किएर निमोठेँ आफ्नै मुटु
अति प्रेमिल छायाँ ढुकढुकी बनेर बसिरहेथ्यो जहाँ !

सुनिन थालेपछि तोते बोलीमा
हजुर कहाँ जान लाग्नु भएको ?
म हजुरको काखमा बस्ने हो ?
हामी टि टिट जाने हो ?
फुटाएँ कानको जाली
मलाई अझै बलियो हुनु थियो
टिकाउनु थियो दम्भ !

देखिन थालेपछि
ओइलाएझैँ मेरो बगैँचाको सब से किम्ती फूल
 ऱ्वाम्म रोपेँ तीर आँखाहरूमा !
कन्थै खलाँस !!
अब न दुख्यो कतै
न देखेँ आँशु
न सुनेँ सुँक्क-सुँक्क हृदयहरूको
म मुर्दा  भै परेँ विमानघाटमा ।

भ्रम रहेछ मृत्यु
गहिरो पीडा महसुस भो भित्र कतै
काँडा बिझेजस्तो बिझाइरह्यो अन्तःकरण
थाहा भयो
यो लास होइन !! धोका भो ममाथि !!!
लासलाई दुख्दैन, पोल्दैन !
आफ्नै आँखाले देखेको छु दाउराले हान्दै लास पोलेको
आखिर जिन्दगीले यसरी हानेर झापड
गरायो अनुभूति ज्युँदो हुनुको !

गरायो अवतरण जिन्दगीले एउटा अपरिचित
माटोमा
घोलेर असंख्य बाध्यता, विवशता र चुनौतीका रङहरू
हानेअनुसार पूर्वनिर्धारित सर्तहरूमा औँठा छाप
म बनिरहेछु परिस्थितिको नोकर ।

छोएर पाउ
गरिरहेछु बिन्ती !
भित्ताहरूलाई पहरा दिन अँधेरी रातमा

फ्याउराहरूलाई जपिदिन मृत्युञ्जय मन्त्र
वर्षालाई पखालिदिन मृत्यु
मतलब यो होइन कि म मृत्युदेखि भयभित छु
बस्, एउटै चाहना–
कुनै रात कालरात नबनोस् यो अञ्जान शहरमा !

# युगान्तर

युगान्तर भएको छ
थाहा छैन कतिञ्जेल रूझ्नु छ
नयाँ युगको बेमौसमी झरीमा
र किन्नु छ दिक्क हुँदै
उसैले बेचेको चुहिने बर्सादी !

आदिम भन्न मिल्ला नमिल्ला
कुरा भने पुरानै हो !
बाबाको लागि उम्रिएको प्रेमलाई
आमा झुलाउनुहुन्थ्यो बाला बनाएर खेतका गरामा
 झाँगिन्थे परसम्म पुग्ने गरेर डिलहरूमा
लाग्थे, मायाका अनगिन्ती कोसाहरू !
उसरी नै केही बीज सुटुक्क भित्रै उमारी
बिरूवा बनाएर फुत्त पस्किनु हुन्थ्यो बाका अगाडि
र, हुर्काइदिनुहुन्थ्यो अति प्रेमले ।
कहिल्यै कानमा फुस्फुसाउनु भएन–
'म प्रेम गर्छु प्राणनाथ !'
बरू पठाइदिनु भयो
अनुपम स्पर्श, प्रेमिल सुसेली !
मनकै हुलाकीसँग

बुझेर बास्नादार पवन वाहकसँग
थोरै पीडा
धेरै मदहोसीमा बा मुसुक्क मुस्कुराउनु भो
सृष्टि, अव्यक्त अनुराग र समर्पणले
छुर्लुप्प भिजेर लजायो प्रेम लज्जावती जस्तै !

एउटा कुरा भन्छु नि
नवयुगमा मैले लाएको पिरतीको कुरा
गर्छु नि हजुरसँग !

प्रेमीले थमाए यी हत्केलामा
निर्मम निमोठेर
प्रेमको हाँगामा
मुसुक्क मुस्कुराइरहेकी गुलाफ
मैले चुमैँ, एक दुई पटक
पत्र–पत्र निकालेर राखिदिएँ टेबलमा
एउटा फूल मैले च्यातैँ
त्यतिञ्जेलसम्म म पनि च्यात्तिइसकेकी थिएँ
निस्किसकेका थिए आवरणका पत्रहरू
जो बोक्रा बनेर जोगाइरहन्थे मेरो अस्मिताको गुदी
फूलेर, झुलेर भएन हाम्रो प्रेमको शुरूवात
न त लागे कुनै कोसाहरू
लतिका के भन्नु ? कुरूप झाडीहरूमा !
कुरूक्षेत्रको लडाईंमा झैँ
तँछाड–मछाडका घम्साघम्सीमा
कसरी हुन्थ्यो सिर्जना !
यो रूखो छाती यसैको प्रमाण हो ।

नवयुग भनेको
नयाँ नेपाल भनेजस्तै रहेछ आखिर !
सबका सबले धर्म छोड्ने
धुलौटोबाट कापीमा सर्नेबित्तिकै
ज्ञानको सट्टा भर्न थालिस् होइन अहंकार
शिष्यका माथिङ्गलमा पापी कपुरी 'क' ?

दृष्टान्त, वृतान्तका कुरा गरेकी होइन
देखे भोगेको युगको कुरा गर्दैछु म
भयावह, छद्मभेषी नवयुगको !
आँखैअगाडि निर्लज्ज सुतेर चिहानको ओछ्यानमा
जल्लादका लोग्ने स्वास्नी गरिरहेछन् सम्भोग
र, भनिरहेछन्
बर्सेनि जन्माउनु पर्छ रत्नाकार
सक्छस् भने भगवान्
एक मुठी मृत्यु बक्सिस दे !
यहाँ यसरी निर्लज्ज तिघ्रो देखिनु पहिले
र, जन्मिनुअघि असंख्य
कंश, शकुनि र हिरण्यहरू !

# हराएको प्रित पत्र

मेरा प्रियतम बादलका रेशाहरूमा
प्रभाती किरणमा
पश्चिमास्त हुँदै गर्दा क्षितिजमा देखिने
सूर्यको रातो रङमा
हावाको तरङ्गमा जहाँ तहीँ छु म
मलाई साँच्चिकै अँगाल्न मन छ भने
तिमी आकाश हुनुपर्छ
बदलिएकी मलाई पाउन तिमी पनि बदलिनु पर्छ

घरै छेउको खहरेमा उँर्लिदो मेरो चकचकले काउकुतिन
तिमी बगर हुनुपर्छ
काँडो निकाल्ने बहानामा मेरा हातपाउ हुँदै मन छुन
तिमी बयरघारी हुनुपर्छ

पञ्चर भएको मेरो साइकिललाई त्यतै कतै अड्याइदिएर
आफ्नो साइकिलको अगाडि
एक थोपा सासको दुरीमा मलाई बोकेर
समयको पांग्रा खियाउँदै स्वप्नील
यात्रा गर्न तिमी स्याउली बजारको बाटो हुनुपर्छ ।
म सामीप्य खोजिरहेछु

आत्मियता घोलिरहेछु तिम्रै काखमा बसेर
खोई के भएको छ तिमीलाई !
अजनबीझैँ के–के, के–के गरिरहन्छौ ।
कहिले,
कफी बनाई मलाई घुटुक्क निल्छौ
घाटीको सानो झ्यालबाट
मुस्किलले तिमीलाई पुग्ने सास छिर्छ
म छटपटिएको पत्तोसम्म पाउँदैनौ ।

कहिले चुरोटको धुवाँमा गोल–गोल घुमाउँदै
हावामा उडाइरहन्छौ
आफ्नै प्रेम
आफ्नै जीवनको यसरी खिल्ली
उडाइरहदा तिमीले यो मुटु कति चिरिन्छ
देखाउन विशेष सूक्ष्मदर्शकयन्त्रसम्म छैन मसँग।

यो सब नहोस्
तिमीले खेप्नु नपरोस्
उराठिलो रित्तता
भोग्नु नपरोस् भयानक सन्नाटा
उष्ण ओठमा माया पग्लिरहेको दृश्य हेरेर
कल्पनातीत आनन्दमा तिमी झुमिराख
सोचेर ।

बाटो अनन्तको लिनुभन्दा पहिले
लेखेको थिएँ तिमीलाई प्रेमपत्र
मुटु टाँसेर अक्षरहरूमा ।
हतार–हतार हुलाक छिरेर

खामबन्दी गरेको थिएँ मेरो जिन्दगीभन्दा लामो चिठी
टाँसेर हवाई टिकेट
लेखेको थिएँ तिम्रो नाम ठेगाना
पाउनेमा ।

पूरा भरोसाका साथ खसालेको थिएँ पत्रमन्जूषामा
तिम्रो हर्कत देखेर लाग्छ
मेरो चिट्ठी बीचैमा गायब भयो
जसरी हराए हजारौँ लाखौँ
प्रितपत्र
हुलाक, खाम, टिकेटसँगै
हुलाकी दाइ !
चोकको चिया पसल र स्टिलका ग्लासभरि
भरिएको माया पिरती, सद्भाव, आत्मा अनि आत्मियता ।

# अभिशप्त याद

निर्निमेष तप्किने प्रणयका थोपाहरू
धडक धडक धड्किरहने रहने
यो मुटुको चार किल्लाभित्र
विश्वास र समर्पणको बलियो जगमा ठडिएको
गगनचुम्बी ताजमहल
अटाउने प्रयास गर्दैछु यी अक्षरहरूमा !

सिमसिम पानीमा, त्यो एकान्त मिलनसँगै
जीवन बागमा पहिलो पटक
वसन्त रोपेकै रातदेखि तिमी गायब छौ
त्यसपछि त्यो सपनाको घर मसानघाट भएको छ
मेरा थुप्रै सपनाका कंकाल जलेका छन् यहाँ
कुरूप अस्थिपञ्जरहरू छरपष्ट छरिएर यत्रतत्र
बेसरम मलाई गिज्याइरहेझैँ लाग्छन् ।

निर्दोष दिलचरी
तिम्रा अभिशप्त यादका पिँजडामा
लाग्छ,
युगौँदेखि बन्दी छे
लाग्छ, ऊ अर्धमृत छे

उसका इन्द्रेणी मनबाट एकाएक रङ्गहरू
बसाईं सरिसकेका छन्
पूरा सादा क्यानभासमा चित्रित
बिल्कुल सादा चित्रझैँ लाग्छे ऊ ।

उसले बिना सर्त मुटु सुम्पिनासाथ
तिमी कति छिटो तरबार उध्याउन थालेछौ
स्वार्थको ओत लागेर, नजरको लालसामा
तिमी भेटिनु र छुटिनुको सम्झनाले
मुर्छ्याउँछ उसलाई पटक-पटक
र, म एक मूकदर्शक बनेर हेरिरहेछु हर पल !

आज उसलाई मोक्ष दिनै पर्छ
सजिलो छैन तर मोक्ष- दा, तैँले यो गर्नैपर्छ
यही भन्छ समय
मलाई माफ गर
म उसलाई अरू मार्न सक्दिनँ
यसर्थ
यो मेरो फैसला अमेट छ
ढुङ्गामा लेखिएको अक्षरजस्तै
फैसला मोक्षको, तिम्रा अभिशप्त
त्रासदपूर्ण यादहरूबाट
अनि तिम्रो उन्मुक्ति यो मनको दिवारबाट
खबरदार !
यी अक्षरका लक्ष्मण रेखा काटेर
कहिल्यै नचिहाउनु मेरो बस्तीतिर
अलबिदा !

# प्रेम स्तम्भ

आगो बालेर तन सेकाइरहँदा तिमी त्यहाँ
म प्रणयको उष्ण भूमिमा मेरो मन जलाइरहेछु
सगरमाथाको सेतो हिउँ चुमेर
बहेको त्यो चिसो बतास
किन सक्दैन चिस्याउन मेरो मन, कत्ति पनि
के तिम्रो आगमन त्यसभन्दा पनि शीतल छ र ?

पोहोर साल यही मौसम, साँच्चै भनौँ यही दिन
तिमीले अधरको बाटोगरि ठेली दिएछौ मन्द विष
मेरो तनभरि, मेरो मनभरि
सायद उसैको प्रभाव होला
बिस्तारै मरिरहेछु म, हर पल

तर यो मृत्यु मभित्रै निहित छ
कोही अन्दाजसम्म लगाउन सक्दैन कि
म पार्थिव भइसकेँ
किनकि
यो लाश हिँड्छ, बोल्छ र
आफूलाई जिउँदो साबित गर्न
बडो कलात्मक मुस्कानको मुकुण्डो

पहिरिइहाल्छ परिस्थितिको अगाडि ।

आज यस वर्षको प्रेम दिवस
तिम्रै बाटो कुरिरहेछु, उही गोदावरीमा !!
बिच्छ्याएर मनको मलमल
भिजाएर आँखाहरू
अनि फुकाएर अँगालो
चाहना एउटै तिम्रो मायाको !

आऊ यी आँखासँग, आँखा बिसाऊ
मुटुको, मुटुमा धड्कन मिसाऊ
निःशब्द भै, निस्प्राण भै
आऊ बिलाऊ यही निस्प्राणतामा !

आऊ अँगालौँ हाम्रो विलय
मायाको क्यानभासमा
त्याग र समर्पणको इन्द्रेणी बनेर !

अनि खडा गरौँ मायाको स्तम्भ यहाँ
जहाँ हजारौं वर्षसम्म पनि
बजारमा बेचिने र किनिने गुलाबले
दुषित, कलुषित पार्न नसकोस् पवित्र प्रणय
बरू आफैँ निस्तेज, निर्जीव भै
शिर झुकाइरहोस्, अनन्त–अनन्तसम्म पनि !!



# अपिल अक्षरको

शक्ति मात्र सर्वाधिक परिकल्पनामा,
सीमित भएकै दिन पूर्व मऱ्यो
चन्द्रसूर्य अंकित झण्डाले शिर झुकायो
फेरि निष्ठा अनि स्वाभिमान खामबन्दी भएकै क्षण,
पश्चिम मऱ्यो, क्षितिजले बचाउन सकेन
लाजले सिम्रिकझैँ रातो भयो
लुकायो आफूलाई बादलभित्र
आकाश रोयो, गर्जियो, बर्सियो
तर पश्चिम मरेको मऱ्यै रह्यो ।

सपना आमाको त्यही दिन शहीद भयो
जुन दिन छोराको लाश भऱ्याङ बन्यो
उनले देख्नु पऱ्यो
ब्वाँसो लाशको छाती टेक्दै सिँढी चढ्यो
सपनाको अन्त्येष्टिपछि सधैँ विक्षिप्त उनी !

शरम अनि शरण उही दिन मरेको हो जब
बाबुकै अघि छोरी बलात्कृत भइन्
भनुँ त बाबुबाटै खोलियो रज उनको
चाहे जसले जसलाई बलात्कार गरोस्

चित्कार उही थियो
आकाश रोयो, धर्ती रोइन्
जङ्गलीहरू पनि रोए
विडम्बना !
मानव संवेदना टसमससम्म भएन
बरू
हेरिरह्यो उत्साहका साथ
अखबारहरूमा मुख्य समाचार बने
सत्यकथामा आधारित चलचित्र बने
मोक्षदा दाह्रा किटेर अट्टहास हाँस्छे
जब भिड चलचित्र हलमा स्वाद मानी–मानी हेर्छ
दृश्य बलात्कारको
अनि सुन्छ गीत चित्कारको !

संसारको छानो आफ्नो शिर
शान्तिको सन्देश जन्मिएको कोख
पुर्खाको रगतले कमाएको वीरताको ताज
निस्प्राण छन्, थोत्रा पानाहरूमा, दुःखद विलयसँग
छ त केवल एउटा नपुङ्षक समाज जीवित छ
सपूत जमाउन सक्दैन
अनि जीवित छन् केही कविहरू
जो कुण्ठा मात्र लेखिरहन्छन् ।

कवि घायल छ
कुण्ठाले उसलाई चपाएको चपाएकै छ
कलम रूँदै भन्छ–
आजित छ ऊ
आँशुले अक्षर भर्दाभर्दा !

अपिल गर्छ
खोज न कवि केही भिन्न विषय
कल्पनामै मात्र किन नहोस् !
म पनि त कोरिन चाहन्छु स्वर्ण अक्षरमा
समेटेर भाव प्रेम, सद्भाव अनि समर्पणको ।

# जय हिरण्य !

आउ खेलौं होली मेरा हिरण्यहरू हो
नसोच
किन छैन अगाडि रिकापी रङहरूको
किन छैन किस्ती लड्डु मिष्ठान्नको !

यसपटक,
बिना रङ होली खेलिरहेछु म
उठाएर त्यही माटो
जुन काला, गोरा, होचा, अग्ला
अनि साना–ठूलाको रगतले मुछिएको छ ।

हामी हिरण्यहरूका लागि रगतभन्दा सुन्दर रङ
ती बेकारका नीला, हरिया, पहैंला हुनै सक्दैनन्
न हुन सक्छ मिष्ठान्न स्वादिलो
आहा !! त्यो नुनिलो !! नुनिलो !!
रगत र पसिनाको स्वाद भन्दा !!

त्यसैले
रगतले मुछिएको
एक मुठी माटो लिएर आएँ

होलीको रङ स्वरूप
आऊ मेरा प्रिय हिरण्य
अलिकति मलाई घसिदेऊ
म तिमीलाई घसिदिन्छु
आऊ उल्लास मनाऔँ
आजसम्म हामीले दिएका
विभत्स हत्या
व्यभिचार र
सफल बलात्कारका उपलब्धिहरूमा !

मेरा प्रिय पाठक वर्ग अनौठो नमान्नुहोस्
मेरो यो विचित्रको होली मनाइमा
मलाई गाली पनि नगर्नुहोस्
असत्य च्यापेकोमा !
हेर्नुहोस् !
म पापले भरिएको घडा हुँ कलीको
सत्य हराउन आफ्नै सन्तान मार्न खोज्ने
हिरण्य मेरो गुरू !
असत्य हार्दा पीडा हुन्छ
पीर लाग्छ कु–कृत्य दुख्छ कि !

स्वर्ग नजिक बस्न सक्दिनँ म
नीलो आकाश मुनिका हँसिला मुहारहरूसँग
असह्य हुन्छ मलाई
सद्भाव, प्रेम र समर्पणको भाषा पटक्क बुझ्दिनँ !

मै खाऊँ, मै लाऊँ, सुख–सयल वा मोज म गरूँ
कसैले लेख्यो

मेरै लागि लेखिदिएझैँ लाग्यो
धन्य कवि !
उसैलाई गीत बनाएँ, संगीत बनाएँ जीवनको
र पो आनन्द सयर गरिरहेछु जीवन डुङ्गामा
अहंकारको मीठो उन्मादमा
उही रक्त पोखरीमा !

वर्षमा ३६४ दिन नै
रगतमा होली खेलिरहेछ हिरण्य
के गर्छौ हे प्रल्हाद भक्त हो !
ल्याएर होली एक दिन फूल अनि रङहरूको ।

# उज्यालो सगर

मनभरि विकराल भय
आँखाभरि साउन बोकेर बिउझिएँ प्रभातमा
सोचेँ धरा मेरै मनको प्रतिबिम्ब होला
अँध्यारिएको होला मेरो मनजस्तै !

यसो झ्यालबाट चिहाए आँखाहरू सजल
अँहँ, कुनै परिवर्तन देखेनन् सगर अनि सागरमा
घाम सधैँजस्तै उदायो पर क्षितिजबाट
हिमालमा अलिकति रङ पोखेर
मुसुक्क मुस्कुरायो चुचुरो
पवन उही गतिमा बहिरहेको रहेछ
आएर मायाले सुम्सुम्यायो आमाले जस्तै !

आवाज कानैमा ठोकिएझैँ भयो
सुर्ता नगर मानव सागर उज्यालिनेछ
फेरि फर्किनेछ सल्बलाहट गाउँ शहरमा
उदाउनेछ मुस्कानको सूर्य

उही पवनलाई विश्वास गरेँ
हराएँ कल्पनाको प्रेमबागमा

उनैको अँगालोमा
मनमा मन, नजरमा नजर
अनि अधरमा अधर मिसाएर
अनि मुस्कुराएँ कल्पनामै भए पनि !

# गुरू दक्षिणा

सुकिला मान्छे, मैला मान्छे
मालिक, नोकर अनि भान्से
तिमी सबैलाई एउटै कोठरीमा बन्द गरी
चुकुल ठेलेर
अट्टहास हाँसिरहेछु म ।

अदृश्य छु,
न आभास नै हुन्छ तिमीहरूलाई
मेरो घातक सामीप्य
एकैचोटि घाँटी अँठ्याउँदै
फोक्सोमा पुगेर सास अवरूद्ध गराएपछि
बल्ल थाहा पाउँछौ मेरो करामत
ए धूर्त मान्छे,
वास्तवमा लुकेर प्रहार गर्ने यो कला
तिमीबाटै सिकेको हुँ
स्वीकार यो गुरूदक्षिणा ।

विकराल मृत्युको भय
अनि
अनिश्चितताको अन्धकार

पोतिदिएकोछु हरेक मानव मनमस्तिष्कमा
देख्नसक्छु अक्सर सुकिला लुगामा लपेटिएर
मस्तिष्ककै व्यापार गर्नेहरू आज
खाली माथिङ्गल नाङ्गै लडिरहेछन् ।

छुट्टै मजा हुने रहेछ
बेचैन अनि विक्षिप्त धरामा टहल्न
यो पनि मैले तिमीबाटै सिकेको हुँ मानव
स्वीकार यो गुरूदक्षिणा ।

म देख्न सक्छु अलिअलि बाँचेकाहरू
मर्न डराइरहेछन्, प्राणकै मात्र चिन्ता छ !
केही मुर्दाहरू अझै सास फेर्दैछन्
होडबाजी गर्दैछन्
ताउलो कुम्लो कस्नमा
सिँढी नर्कको लाउँदैछन्
पठाउँदैछन् पार्सल
के नर्कमा अटाउलान् यति धेरै दौलत ?

# कायर अभिमान

निष्पट्टतामा भयभित यो मन
अधीर प्रतीक्षामा छ
भोलि बिहानको सूर्योदयको

जिन्दगी एउटा उपक्रम न रहेछ
कहिले उत्तेजक मृदङ्गसँगै ताली बजाउनु त
कहिले आफ्नै अस्तित्व जोगाउन कुना पस्नु
स्वीकार्नुको विकल्प पनि त छैन ।

यो धर्ती आकाश मेरै हो लाग्थ्यो
चन्द्रमालाई पनि उसको औकात देखाइदिएकै हो
सगरलाई चिरा–चिरा पारिदिएकै हो
सूर्यको रातो रगत तप्प धरामा चुहिने गरी ।
ब्रम्हाले थोरै कृपा गरी चेतना भरिदिएपछि
ब्रह्माण्ड नै थर्काउने म मान्छे !
के मात्र गरिनँ र मैले ?
वाह !! म मान्छे !

अचम्म भयो
अस्तिको साल धर्ती थोरै हल्लिइन्

खोइ कसले हल्लायो
मेरो मन पनि बेस्सरी हल्लियो
मेरा केही टाउका र शरीरहरू लडे
मैले आफैँ ठड्याएका केही महलहरूले थिचे
मिसिए माटोमा
मेरो अभिमान पनि डङ्ग्रङ्ग लड्यो
बेहोसियो एक छिन ।

आज फेरि धर्ती हल्लाउँदैछ
अति सूक्ष्म तत्त्वले देख्नसम्म सक्दिनँ
फेरि हल्लिएको छु म
डरले काँपिरहेछु, ठोकिन्छु कि कसैसँग
टोकिन्छु कि किराहरूबाट
बख्खु ओडेर घरको धुरी खाँबोमा
अडिएको महिना दिन भयो
के भयो हिजोसम्म मसँगै थियो
मेरो अभिमान
धोकेबाज थाहै नपाई
कतिखेर कुना पस्यो आज ?

# म पागल बन्न सकूँ

रातभरि परेली नजोडिएपछि
अन्धकारको सन्नाटा चिर्दै
मडारिन्छ विचारहरुको आवेग
एकाएक एक आदर्श बिम्ब
आँखाअगाडि टक्क अडिन्छ
जो हरदिन मेरा नजरमा रोकिन्छ
मेरा पाइला पाइलामा ठोकिन्छ !

कोही फलामे डन्डीको बारभित्र छन्
कोही बार बाहिरै
आफ्नै संसारमा मग्न देखिन्छन्
बाहिर हुने र भित्र रहने बीच
केही फरक देख्दिनँ म
उस्तै उन्मत्त हाँसो हाँस्छन्
बिना शर्त, बिना स्वार्थ हाँसी रहन्छन् !

सयौं हजारौं सवारी चल्ने बाटोमा
राजा महाराजलाई बेफिक्री
देखाइदिएर रज नाङ्गो
निर्भीक हिँडिरहेका

हाँसिरहेका
नाचिरहेका देखिन्छन्
ती नाङ्गै हिन्दा कानुन लाग्दैन
न त ती अश्लील नै हुन्छन् ।

उनीहरूसँग न विगतको ताप छ
न वर्तमानको भोक छ
न भविष्यको लोभ छ
न आफू बाँच्न अरूलाई मार्नु पर्छ
न हाम्राका बारेमा सोच्नु पर्छ
न राम्रालाई पछार्नु पर्छ
योभन्दा अमूल्य निधि जीवनको के हुनसक्छ ?

यही जीवनको चाह भयो
खुर्केर ममा टाँसिएको
खोक्रो सभ्यताको लेउ
अनि च्यातेर बुर्का आडम्बरको
आजै !
अहिल्यै नै !
यहीँबाट नै !
म पागल बन्न सकूँ उनीहरूजस्तै !

# आमा नबेच

जिन्दगीको दौडानमा
हरेक पटक पैताला उचालिएसँगै
ठोकिएको छु म उनीहरूसँग
सडक पेटीमा होस् या
आकाशे पुलहरूमा
विकसित मुलुक
विकासोन्मुख
या विकसितमा !

जहाँतहीँ देख्छु म फैलिएका खाली हातहरू
कहीँ कर्कस आवाजसँगै
हजुर दया गर्नुहोस् ! हजुर !!
कहीँ कुरूप अक्षरमा
स्पेअर क्वाइन प्लीज !
होमलेस !
यस्तै यस्तै ।

बुझ्ने नहुञ्जेल सधैँ भर्न मन लाग्थ्यो
त्यो रित्तो कचौरा
आजकल

बा–आमाको आदर्श पनि फिक्का लाग्छ
लाग्छ– गलत सिकाउनु भएको रहेछ ।

खोइ किन हो आजकल
पटक्कै पग्लिँदैन, मन यी सबैले
कहिल्यै लाग्दैन, केही दिऊँजस्तो
यी हातले सुक्को नभारेको पनि वर्षौं भएछ
त्यो रित्तो कचौरामा
न त खन्याएको छु थोरै सहानुभूति
त्यो पोलेको घाउ
चुँडिएको घुँडा अनि
लडिरहेको भोको पेटमाथि
किनकि, मलाई थाहा छ
ऊ यसरी नै भोकै
नाङ्गै
वर्षौं बाँच्न सक्छ ।

कहिलेकाहीँ शहर खुशी होस्
कसै न कसैले बाजी पल्टाओस्
कसै न कसैलाई बेसरी भोक लागोस् प्रतिष्ठाको
आइहाल्छ नि !
एक पोल्टो भरी
कैयन् दिनदेखि दन्किरहेको
भिकारी भोकको आगो निभाउन ।

पैसाको भिख त उसलाई दिनुछ
जो पैसो बिना निष्प्राण हुन्छ
जो,

पैसाको लागि ईमान बेच्छ
पैसाको लागि छोरीको घाँगर बेच्छ
पैसाको लागि आमा बेच्छ
सास नफेरी पैसाकै जप जपिरहन्छ
आऊ, कचौरा लिएर मेरोसामु
म तिमीलाई मेरो सर्वस्व दिनेछु
गरिब अरबपति
बिन्ती !
आमा नबेच पैसाको निम्ति ।

# बाह्रमासे दशैं

आश्विन शुक्ल पक्ष कुर्नै पर्दैन
आजकल, सधैँ–सधैँ दशैँ
न रोक्छ सुतकले
न जुठो
न भोकमारी, न महामारी
केहीले रोक्दैन दशैँ मनाउन यहाँ
सधैँ चलिरहन्छ दशैँ ।

आँगनको एक छेउमा
खड्कुलोमा पानी उम्लिरहेछ
अर्को छेउमा
बडेमानको खाल्डो खनिँदैछ
रगत र हड्डी दफन गर्नुपर्छ
नत्र सुँघेर रगतको गन्ध
अरू
महिषासुर आउन सक्छन्
बाँड्नुपर्ने हुन सक्छ ।

अर्को छेउमा केटाकेटीहरू पिङ खेल्दैछन्
कोही मच्चिँदै अमेरिका पुग्छन्

कोही क्यानडा
कोही अस्ट्रेलिया
मच्चाई यसैमा भर पर्छ
कति पयो छ, बाउले बाटेको लठारोमा !

आँगनकै अर्को छेउमा,
बलवान् बाउहरू
खसी, बोका, राँगाका खुट्टा समातेर
कोही मार हान्न
कोही रगत थाप्न तयार छन्
कल्याङ्मल्याङ् चर्कै सुनिन्छ
आगो फुक्न तुइँतुइँ तानिएको बूढो सास
खुकुरी उद्याउँदाको कर्कश आवाज
पूजा गर्दै भट्याइएको महाकाली भट्याइमा
सुनिन्छ
आमा ! भाइ काटेर रगत तिमीलाई नै चढाएको छु
म बाँचे पुगेन र तिमीलाई ?
कलिमा नबोल्ने व्रत लिएकी महाकालीबाट
निस्किएको मौनतालाई
महिषासुर आफ्नैअनुकूल
बुझ्छ, व्याख्या गरिदिन्छ !

यहाँ मुख्य मुद्दा भागबन्डामा छ
खुट्टा कसलाई, टाउको कसलाई
मुटु, कलेजो अनि फिला क-कसलाई !
भान्से फत्फताएको सुनिन्छ
जति राँगा-बोका ढाले पनि पुग्दैन
कति भुन्भुनाएका सेनामेना पनि

जुठेल्नाको झिंगाझैँ, वाक्क लाग्ने !

अन्ततः मार हानियो
रगत राम्रै जम्मा भयो बाल्टीमा
घेरै बसेर भाग लगाइयो
सक्नेले फिला लुकायो
ह्याकुलो हत्यायो
नसक्नेले खुट्टा, कान, कलेजो
यस्तैमा चित्त बुझायो ।

सबै मिलेर खाल्टो खनियो
रगत, भुत्ला, हड्डी दफन गरियो
लुगा फेरियो
सेतो दौरा कालो कोटमा चिटिक्क परियो
अनि लगाइयो टोपी सगरमाथाको
अङ्गालियो मूर्ति बुद्धको
को भन्न सक्छ यहाँ ऊ अघि भर्खर
कसाही थियो र
काँचो ह्याकुलो गलामै राखेर यहाँ आएको हो ।

# पाहुना

अतिथि देवो भवः
अतिथि देवो भवः
अतिथि देवो भवः
मन्त्र पाठसँगै सुनिन्छ कर्कश आवाज–
ए ! भुसतिघ्रेहरू हो सुन !
काम देखाउने मौका आएको छ
गुलामी गर्ने सौभाग्य मिलेको छ
दत्तचित्त भएर को लाग्न सक्छ हाजिर हौ !
अधिपति कुर्लिन्छ,
म, म, हजुर हात उठ्छन्
नामर्दहरू पाउ छुन्छन्
अनि अधीर हुँदै कुर्छन्, तथास्तू !

परमेश्वर हुकुम गर्छ
पाहुना आउँदैछ
ऊ सुकिलो जुत्तामा आउँछ
सडक बढार्नु पर्छ
धुलो कसिंगरसँगै
चिप्रा लागेका आँखाहरू
किरा परेका खटिराहरू

चुँडिएका हातखुट्टाका गिँडहरू
सबै–सबै बढार्नु पर्छ
घर सफा गर्नुपर्छ, लमतन्न पसारिएकी
भुत्री आमा फाल्न मिलेन, लुकाउनुपर्छ ।

मन्दिरका घण्टीहरू
बिग्रिएका भए, मर्मत गर्नुपर्छ
रन्किएर बज्नुपर्छ घण्टीहरू
उग्राउँदै वीरताको गुणगान !
आखिर यसैमा त छ हाम्रो वीरता
हरेक दिन निर्मम छप्काई रहेछौं
असत्य अबोध जीवनहरू ।

ठाँटले औंलो ठड्याएर उभिएको
निर्भीकताको सालिक राम्ररी पुछ्नुपर्छ
आखिर स्वाभिमान यही शालिकमै त निहित छ
खोट नरहोस्, सफाइमा भन्दिएको छु
टल्किनुपर्छ स्वाभिमान
पाहुनाले देख्नुपर्छ !

तुरून्तको तुरून्तै मायावी सुरूङ्ग तयार गर
अभावको ठूलो खाल्डो छोपिनुपर्छ
थोत्रा झ्याम्टाहरू दफन हुनुपर्छ
सफाइमा निस्किएका जीव, निर्जीव
सबका सब गाडिनु पर्छ
पाहुनाले देख्नु हुँदैन ।

सत्कारमा कुनै कमी हुनु हुँदैन

विमानस्थलदेखि हर द्वारमा
बुके लिएर उभिने सुन्दरीहरू खोज
भनिदिएको छु–
तिनीहरू मान्छे नभए पनि हुन्छ
तर सुन्दरता र विद्वताको सम्मिश्रण हुनुपर्छ
पाहुनाको अघि झुक्न जान्नुपर्छ
परिआए सर्वश्व दिन सक्नुपर्छ ।
अतिथि देवोः भवः

पुरानो बोतलमा नयाँ पानी भर
यहाँकोले चल्दैन बाहिरबाट आयात गर
होशियार !
व्यञ्जनमा कुनै कमी नहोस्
भयो भने यदि
आफैं कसाही बनेर
पट्पट पड्काउदै भुटिदिनेछु
तिमी भुसतिघ्रेहरूलाई नै ।

सजिलो कहाँ छ र पाहुना स्वागत गर्न !
अन्तिम तयारीस्वरूप
केहीले खोजी गर, मुलुकभरका जादुगरहरू
सम्मोहित पार्न सक्नुपर्छ आउने पाहुनालाई
निश्चित हुनुपर्छ
उसका आँखाहरू त्यहाँ मात्र नाचून्
जहाँ म चाहन्छु
ती मात्रै देखून्, जे म देखाउन चाहन्छु,
उसका कानहरू त्यो मात्र सुनून्
जे म सुनाउन चाहन्छु,

ऊ पूर्ण स्रूपमा सम्मोहित होस्
स्वर्गीय आनन्द लिएर जाओस्, यो पुण्य भूमिबाट
जीवनभर सम्झिरहोस् हाम्रो आतिथ्य !
अतिथि देवो भवः
अतिथि देवो भवः
अतिथि देवो भवः

# धुन्धुकारी

आशा र भरोसालाई दागबत्ती दिएर
घाटबाट भर्खर फर्किएकी हुँ म
आँखामा दुई थोपा आँसु
एक अञ्जुली  कुन्ठा बोकेर।

भतभती पोलेको छ
तेजाबले आफ्नो धर्म पुरा गरेको होला
यहाँ मान्छेबाहेक सबैले आफ्नो कर्म गर्छ
आफ्नै धुन्धुकारीले दिएको हो
उपहारमा, यो कुरूप अनुहार
नियाल्दै छु निर्वस्त्र उभिएर ऐनाअगाडि ।

सम्झनामै छ
त्यो शालिन
सौम्य र सुकोमल रूप
निधारभरि सप्तरङ्गी फुल्थ्यो
हरियाली छातीभरि उम्रिन्थ्यो
छोराछोरी काखैमा लुटपुटिन्थे
यहीँ खान्थे, यहीँ खेल्थे
सुन्दर सुखी परिवार थियो ।

भित्रभित्रै खोक्रिएकी, थोत्रिएकी म
आफ्नो गौरवमा गर्व गर्न छोडेकी छु
छोराको शिरको ढाका टोपी उत्रिएपछि
आफ्नै शिर सगरमाथाले फुरूक्क पार्दैन मलाई ।

आफ्नै सन्तानले मान्छे चपाउन थालेदेखि
गाउँ, शहर, भुत्ला, हड्डी र रगतले
गन्हाउन थालेदेखि
चोक, गल्लीमा ठडिएका ढलौटे बुद्ध मूर्ति
बेकार–बेकार लाग्छ आजभोलि ।

भगवान् र सत्य भन्नु पनि बकवास रहेछ आखिर
जतिबेला म एक निरीह ताल्चा बनैँ
जसले साँचो मिलाउन सक्यो
बारम्बार बलात्कार गरिरह्यो
र, ढुङ्गे भगवान् यो सब हेरिरह्यो ।

एउटाले मुटु बेचिदिन्छ, निष्प्राण हुन्छु
अर्को आउँछ छातीमा टाँसिन्छ
माया जताएझैँ गर्छ
फिर्ता ल्याउन सक्दैन मुटु
खोइ कतिञ्जेल यो शृंखला चलिरहन्छ
नाटक मञ्चन भैरहन्छ अनि बनिरहनु पर्छ
मैले नाटकको एउटा पात्र ।

फेरि पनि मलाई तिमीहरूकै चिन्ता छ
मेरा प्रिय धुन्धुकारी हो !
आमा हुँ म

कसरी श्राप दिन सक्छु र !
आशीष नै आशीष छ
तिमीलाई कहिल्यै मर्न नपरोस्
आमा बेचेर भरेको तिम्रो झोलीमा
कहिल्यै कहिल्यै प्वाल नपरोस् ।

# नयाँ वर्ष

स्याम्पियनको नसाबाट उत्रिसकेका छौ भने
फायरवर्कबाट निस्किसकेका छौ भने
एकैछिन बस एकान्तमा
भिक निष्ठाको कोदालो र गर उत्खनन हिजोको आफैँलाई
नयाँ वर्षसँगै के नयाँ आएको छ तिमीमा ?
सपना तिमीले देखेका अभै छन् तिमीभित्रै ?
कि खरानी बनिसके अघिको फायरवर्कमा ?

मलाई त नयाँ वर्ष कहिल्यै नयाँ लाग्दैन
घाम उसैगरी भुल्किन्छ पर क्षितिजबाट
हावा उसैगरी चल्छ सिरसिर-सिरसिर
प्रकृतिमा उही उमङ्ग, उही रौनकता छ
भनिदेऊ न नयाँ वर्षमा नयाँ समय आउँछ
यो मात्र शुरूवातको पर्याय हो कि
अन्त्य पनि जोडिएको छ ?

घडी भित्रको लङ्गुर दौडमा फेरिएको नयाँ पात्रो
   पर क्षितिजबाट चियाइरहेकोको अतित
मनमा मडारिइरहेको भविष्यको अन्योल सपना
भनिदेऊ न यी सबैका बीचमा आखिर नयाँ वर्ष के हो ?

तिमी त समाजसेवी
आफूभन्दा परसम्म तिम्रो कर्तव्य
   साँच्चै हिजो मात्रै
रातो कार्पेटमा लम्पसार परेर निर्लज्ज स्खलित
   सकुनी प्रपञ्चहरू शिर लुकाएर कुलेलम ठोके ?

जिउँदै टाउकोमा रातो कात्रो बाँधेर
राम राज्य खोज्न हिँडेको
डाँडाघरे माइलो घर फर्केको हो ?

सनाखत हुनै बाँकी छरपष्ट माँस गिडहरू
बुझाइए अन्तिम संस्कारका लागि ?

सुन्दरी नगरमा नियोजित अपहरणमा परेका वरिष्ठज्यू
सुरामुक्त भै घर फर्किए होलान्, सिउँदोको भगवान् बनेर ?
देख्नु भो एक झुल्को खुसी घरको दलानमा ?

प्रेम अभियोगमा थुनिएको थियो नि,
अस्ति भेरीको जेलमा त्यो कथित दलित
मुद्दा जितेर घर फिर्यो होला ?

अचम्म !
मेरा सबै प्रश्नहरूमा होइन र छैनमा मात्र हल्लाउँछौ त मुन्टो !
अनि केको उल्लासमा पड्काको तिमीले थानका थान पटाका, हँ ?

# मुर्कुट्टा

म पनि तिमीजस्तै थिएँ
हाम्रा आदर्श साझा लाग्थे मलाई
जतिखेर म पनि, तिमीजस्तै
एक पाखे छाप्रोमुनि उत्तानो परेर
छानाका प्वालहरूबाट तारा गनिरहन्थेँ ।

म पनि तिमीजस्तै थिएँ
जतिखेर म पनि तिमीजस्तै
भत्किएको चुलोमा
बाँसको खपैँचाले आफ्नो आहुति दिँदै छोडेको
थोरै राप र प्रकाशमा
दिनभरको भोक ढिँडोको डल्लोसँग सुलुक्क निल्थेँ ।

रातभरि भोको पेट लिएर
गुन्द्री मात्रको बिछ्यौनामा
घुँडो र मुन्टो एकै ठाउँमा जोतेर
जाडोसँग पौँठेजोरी खेलिरहँदा
गुनेँ इतिहासका पानाहरू
 देखेँ सपना क्रान्तिको
 विभेदको अन्तिम संस्कारपछि

सब बराबरी भएको
 सराबरी भएको
बिउँझिएपछि सपनाबाट
हठात् लिएँ बाटो क्रान्तिको

क्रान्ति यात्रामा
 बेहिसाब पखालिए सिँउदोहरू
टुहुरा, अशक्त, बेसहाराहरूका
 कैयन् बस्ती बसाइए
 खुसी र चयनका रङहरूलाई
 तुहाइए निर्मम
 यिनै हातहरू हुन्
उति नै बेला नझरेपछि कुष्ठरोगले
 आज रातो रिबन काट्न काम लागेको छ ।

जब रंगिए यी हात रगतले
म, म रहिनँ
बिर्सिदिएँ मैले सपना क्रान्तिको
मेरा पछौटेहरूलाई थाहासम्म भएन
लागिरहे मेरो पछि–पछि
होमिरहे
होमिइरहे भीषण नरसंहारमा ।

रगतमा होली खेलेर नरमुण्डको माला लगाएपछि,
म पूरै हिप्नोटाइज्ड (सम्मोहित) भएको छु
म मात्र देख्न सक्छु मुर्कुट्टाहरू मेरोअघि नाचिरहेका
 मात्र सुन्न सक्छु संगीत मिठो चित्कारको ।

अब सुन्दैनन् यी कानहरू कुनै ध्वनि
बन्द गर बजाउन मन्दिरका घण्टीहरू
 अब नकुर्ल सडकपेटीमा लिएर नारा
तिम्रा उपेक्षा अनि अपेक्षाका
पूरै बहिरो भएको छु, म
व्यर्थ खर्च नगर समय, सामर्थ्य ।

बरू सक्छौ भने
यी अभावका सिँढीहरू चढेर
अन्धकार भविष्यका दरार छेउछाउमा
छामछुम गर्दै
आऊ म भएसम्म !
आउ सँगै नाचौँ, एकैनास यी स्वचालित हिप्नोटिजमका (सम्मोहन)
सङ्गीतमा उनै मुर्कुट्टासँग !
अन्ततः तिमी र म उस्तै हुनेछौँ
मानवताविहीन, संवेदनाहीन
तिनै हाम्रा छेउ नाच्ने मुर्कुट्टाजस्तै !

आहा, मुर्कुट्टा भएपछि हामी
तर्साइरहुँला बाँकी संसारलाई
मानव संवेदनाहरूमा पीडा अनि वेदनाका किला ठोकेर
आहा, कति रमाइलो होला, त्यो मुर्कुट्टे नाचले सबको सातो खान !
आहा, अब त म पनि मुर्कुट्टा !
तिमी पनि मुर्कुट्टा
हामी मुर्कुट्टा
आहा, हामी मुर्कुट्टा !
क्रान्तिका नाममा ।

# म तिम्री प्रेमिका

दिल चोरी तिमी जब भाग्यौ नि दूरदेशमा
मुटुभरि, नयनभरि छाइरह्यौ
झरी बादल यस्तै यस्तै भेषमा ।

जब वियोगको डढेलोले मन खायो
सोचेँ खरानी भयो मन
अब कहिल्यै बल्ने छैन, जल्ने छैन
न उडाउनेछ धुवाँ नै यादका तरेलीमा
सोचेँ समय उहीँ रोकियो
जीवन जहाँको तहीँ टक्क अडियो ।

अचम्म पार्यो मनले
बेखबर एक दिन फेरि बल्न थाल्यो
फेरि जल्न थाल्यो, यादका लप्काहरूमा दनदनी
मृत्युले काठिएको हिउँझैँ मन
कसरी सल्किन्छ फेरि सम्झनाको दियो बनेर ?
कसरी बल्छ खरानी फेरि ?
मुटुमै अड्किरह्यो यो
बनेर अनुत्तरित प्रश्न जीवनभरि ।

एक दिन
जब चन्द्र छेउ तारा लुट्पुटियो
रवि पनि मुस्कुराउँदै निशाको पछ्यौरीमा गुट्मुटियो
जब माछापुच्छ्रे पुच्छर मात्र देखाएर
लजाउँदै बादलभित्र लुक्यो नि !
अनायास हिउँझैं मुटु बल्न थाल्यो दन्दनी
हिउँ पनि बल्दोरहेछ राप निकाल्दै अधरबाट
अनि ताप निकाल्दै बदनबाट
यो स्मृति नामको डढेलो अत्यन्त भयावह छ
म लगलग काँपिरहेछु डराएर यो भयानकतामा
फसेपछि मायाको त्रासदिपूर्ण चक्रव्यूहमा
निस्किरहन्छ हृदयको आवाज
चोक, सडक र गल्लीहरूमा
कहिले होशमा त कहिले बेहोशीमा ।

वर्षौं नकोरिएको मेरो लट्टे कपाल
जामाले छोप्न नसकेको मेरो इज्जत
मेरा खाली पैँतालाहरू
रात साँझ गल्लीका कुकुरहरूले टोकेको
छिया–छिया बदन
यी सबैले हाम्रो प्रेमकहानी लेखेका छन्
सडकका हर ढुङ्गामा
मलाई माफ गर प्रिय
तिमीले कहिल्यै लेख्न नचाहेको
यो स्वर्णिम प्रेमगाथा जहाँ तहीँ लेखियो आज ।

आँखाबाट आँशु
ओठबाट मुस्कान फुस्काउने सान्दर्भिकताको कुनै पत्तो छैन

कसैका आँखामा तारा हुँ
या कसिंगर केही फरक पार्दैन मन
को आफ्नो, को पराइ सबै एकैनास
केही फरक पार्दैन जीवन ।

म बदलिएको छु
मेरो जीवनको आयाम बदलिएको छ
तिमी प्रतिको मेरो प्रेम समर्पणको मतलब पनि
उही रहेन
अब तिम्रो आगमनको
एउटै अर्थ हो
देखाउन मिलोस् रवि, निशा
अनि माछापुच्छ्रेलाई
मेरो पनि एउटा प्रेमिल नगरी छ
पौडी खेल्ने प्रेम पोखरी छ भनेर ।

# तिमी फूलजस्ती नहुनू

तिमी फूल जस्ती नहुनु
तिमी कोपिलाजस्ती पनि नबन्नु
तिमी मञ्जरी त हुँदै नहुनु
परे भरे पापी नजर तिमीमा !
टिपियौ भने !
चुँडियौ भने कुनै निर्मम हातबाट !
फ्याँकियौ भने कतै सडकमा !
मेरो जीवनको धरहरा ढल्नेछ
मेरो भरोसाको आकाश खस्ने छ
मेरा खुशीहरूको अन्त्यष्टि हुनेछ
म जिउँदो लास हुनेछु
अनि
धिक्कार्नेछु आफूलाई जीवनभर
तिमीमा सुरक्षाकवच लाउन नसकेकोमा ।

बरू ढुङ्गा बनिदिनू तिमी
बजार्न खोजे मुड्की तिमीमा
टुक्रिऊन् तिनका पापिष्ट हस्तहड्डीहरू
अझै काँडा बनिदिनू तिमी
टिप्न खोजे जबर्जस्ती तिमीलाई

प्रतिउत्तरमा ढलून् रगत पक्ष बनी ।

रामको भक्ति गर भन्दिनँ मेरी छोरी !
अनकण्टार वनमा सीतालाई एक्लै छाडेर
हरेपछि रावणले
फिर्ता ल्याएर आफैँ
सीताको सतित्व नपत्याउने ती राम
मेरा आदर्श होइनन्, नपुज्नू तिमी पनि
बरू मन, विचार मन्थन गरेर
एक लोटा विश्वास आफैंमा जगाउनु मेरी छोरी ।

जन्माउने अधिकार पाएर पनि
तिम्रो भाग्य लेख्नबाट वञ्चित म
भन्दिनँ
कुनै भाग्य देवताको आरधना गर !
बरू भन्छु दृढता अनि कर्मठ तिम्रा पाखुरीबाट
आफ्नो भाग्य आफैं निर्माण गर !

दुधे बालिका तिमीलाई काखमा च्यापेर
छाउगोठमा कैयन् रात बिताएकी छु मैले
थोत्रो च्यादरमा तिमीलाई गुट्मुट्याएर
फरियाको एक छेउ सिरक
अनि अर्को छेउ सिरानी आफ्नालागि
म सम्झनसम्म चाहन्नँ, त्यो कालो रात मेरो जीवनको ।

समाज नामको ममताहीन भ्रमको थाङ्नामा
निश्चिन्त निदाउ पनि भन्दिनँ म, मेरी छोरी !
बरू भन्छु आफैँभित्र बनाउनु

विश्वास, मानवता
करूणा अनि कर्तव्य परायणताको सुन्दर झलुङ्गो
  र, निदाउनु आनन्दको निद्रा
  कदापि नफर्किनू पीडाहरूको बस्तीमा
  जहाँ छाउपडीले निलिरहन्छ जीवन र
  रोइरहन्छन रित्ता काखहरू ।

# खटिराहरू

मुर्छाबाट ब्युँझिएपछि कोठाको एउटा कुनामा
हेरिरहेकी छु, देखिरहेकी छु, पर क्षितिजको सूर्योदय
तिमी पूर्वमा उदाउँछौ, हर बिहानीमा
विस्तारै घडी र पला हुँदै घर्कन्छ दिन
डुब्छौ गोधुलीमा पश्चिम क्षितिजमा ।

धर्ती आकाश पूरै धन्य छ तिम्रो रोशनीमा
खोइ त मेरो अँध्यारो कोठा
कहिल्यै उज्यालो बनाउन सकेनौ
टल्काउन सकेनौ
अँध्यारो कालो भित्ता मेरो कोठरीको ।

सारा संसारलाई ताप, राप र प्रकाश दिने तिमी
खोइ त सुकाउन सकेनौ
अन्धकार कोठाभित्रको ढुस्ढुसी गन्हाउने यो ओसलाई ।

म कोठामै कैदी भएको वर्षौं भयो
कस्तो हुन्थ्यो होला, खुला आकाशमुनि
स्वच्छ तन अनि मनले तिमीलाई अनुभूत गर्न पाए
न्यानो स्पर्श अङ्ग–प्रत्यङ्गमा हरे !

तिमीले कहिल्यै फर्केर हेरेनौ या देखेनौ
भोटे ताल्चा झुन्डिएको यो नारकीय कोठरी
फेरि पनि
सधैँ तिम्रो उदयसँगै
मुक्तिको आशा भरिरहेँ मनभरि
तिमी डुब्यौ पर क्षितिजमा, उही गोधुलीमा
अस्ताए मेरा आशाहरु पनि
डुबे आँसुको सागरमा ।

यो अँध्यारो कोठरीमा
सबै खाले सुगन्धाहरू हारिसकेँ
म भित्रबाट निस्किएको दुर्गन्धसँग
अझै छाड्दैनन् किराहरू टोक्न यत्र-तत्र,
हेर न खटिरै-खटिरा छन्, जहाँतहीँ
कति फोहोरी किराहरू छिः !
कसरी टोक्न सकेका होलान् खटिराहरू
झर्को लागिसक्यो मलाई यी किराहरूसँग
धाउन छाड्दैनन् जति लखेटे पनि
छाड्दैनन् भुन्भुनाउन वरिपरि
अब त थकित, थकित
गलित, गलित
निष्प्राणझैं भइसकेँ म ।

जाने मन छ एकचोटि
सपनाको मेरो संसारमा
सुस्ताउने मन छ
उनको हरियो छातीमा एकैछिन
निदाउनुभन्दा पहिले मृत्यु शैयामा

निद्रा अनन्तको ।
निःसर्त !
कुरिरहने छु, युगौयुग
जबसम्म देख्न सक्छु तिमीलाई
उदाइरहेको पूर्व क्षितिजमा हर बिहानीमा ।

# मलाई प्रेम भएको छ

ढल्किँदो यो साँझमा
धपक्क बलेको ठमेल चोकमा
खोइ, कसको आगमनलाई कुरिरहेकी छु म !
मस्त फुलेको जवानीमा
मिलेसम्मको श्रृङ्गार पोखेर,
औँलाका बीचमा एक खिली चुरोट च्यापेर ठिङ्ग उभिदा
अप्सराझैँ खुलेकी छु म ।

यस्तैमा एउटा पट्ठो मेरो नजिक आएर
नजानिंदो मुस्कान छोड्दै तेर्स्याउँछ
रातो गुलाब मतिर
    र, भन्छ–
तिमीलाई यो चोकसँग प्रेम भएझैँ
मलाई तिमीसँग प्रेम भएको छ
आकासतिर हेरेर बेस्सरी हाँसेपछि
म
आफूतर्फ पसारिएको रातो गुलाबलाई
च्यातेर भुइँमा फ्याँक्दै
 चिच्याएर भन्छु
 म तिमीलाई प्रेम गर्दिनँ

म त यो रातो चोकलाई प्रेम गर्छु
जसले मलाई हर साँझ
दिलाइरहन्छ नवप्रेमी ।

मलाई लाग्छ
तिम्रो प्रेम मेरो भाग्यमा लेखिएकै छैन,
कस–कसलाई मात्र गरूँ म प्रेम
फेरि
प्रेम मैले मात्रै गरेर पनि त भएन ।

त्यसैले,
आजकल मेरो प्रेमको परिभाषा बद्लिएको छ ।

आजभोलि मसाज टेबलमा लम्पसार नग्न शरीर
र कामुक आँखाहरूसँग प्रेम भएको छ मलाई ।

पश्चिमास्त हुँदै गरेको जून
डान्सबारहरूमा नाचिहरेको
बेसरम रात बिना बाँच्नै नसक्ने भैसकेकी छु

सिंहदरबारबाट बाहिरिएका हुलका हुल
लक्ष्मीहरूलाई घरमा निसंकोच बास दिन थालेकी छु म
यिनीहरूलाई बेफिक्री चुमिरहन्छु आजकल !

आकासमा मुस्कुराउने जून,
अँध्यारोमा गुन्गुनाउने धुन र
टाइपराइटरमा अक्षर खोजे झैँ
मेरा बदनभरि बेफिक्री सल्बलाउने

ती अपरचित औँलाहरूसङ्ग प्रेम भएको छ मलाई।

म रातकी रानी अरे
समाजले दिएको नाम,
यो घनघोर रातसँग प्रेम भएको छ मलाई
भने त, म तिमीलाई प्रेम गर्दिनँ ।

ल भयो,
छाडिदेऊ यी प्रेमका कुरा
तिमी बाँधिन चाहन्छौ मेरो अङ्गालोमा भने
रित्तिन चाहन्छौ छिनभरका लागि भने
एक थुङ्गा गुलाब होइन
भरिलो जवानी, कसिलो खल्ती
र एक बोतल मदिरा बोकेर,
यही चोकमा भेटिनू
भोलि साँझ
म रातकी रानीसँग ।

# जन्मदिन

मेरी मन्जरी ! आज तिम्रो तेह्रौँ जन्मदिन
हाँस्दै हाँस्दै तिम्रो किशोरीपनको जन्मदिन मनाऊँ
या
रूँदैरूँदै तिम्रो निर्भय बालापनको मृत्युत्सव मनाऊँ म ।

तिम्रो जन्मदिनले
त्रासको डढेलो लगाइदिएको छ मेरो मनभरि
ओठमा फुलेको गुलाफ देख्दा भयले काँपिरहेछु
तिम्रो मुहारको लालीमा
मेरो हृदयमा चिन्ताको ज्वालामुखी फुटाइरहन्छ
छातीको थुम्काथुम्कीमा सिउँडीको बार लगाइरहन्छ मन
हरेक रात सपनामा आविष्कार गरिरहन्छु
सन्सारकै शक्तिशाली बम
सुटुक्क तिम्रो जामाभित्र फिट गर्न ।

तिमी पहिलो पटक रूँदा
हृदयविभोर भै मुस्कुराएको सजायस्वरूप
तिमी फुल्दा म नराम्ररी खुम्चिएकी छु
तिमीले हावामा वैँशको बास्ना मगमगाउँदै हिंड्दा
म सोचिरहन्छु, कसरी थुनुँ सुगन्ध तिमीभित्रै !

गत रातभर सम्भिएँ तिम्रा हरेक जन्मदिन
सुम्सुम्याएँ मैले तिमीलाई दिएका प्रत्येक उपहार
यो जन्मदिनको लागि किन्नै मन लागेन बजारका पुतलीहरू
बरू बुनिरहेँ यिनै हातले अनौठो उपहार
तिमीलाई मन नपर्न सक्ला
तिम्रा सपनाहरूले थोरै दुःख मान्लान्
रहरहरू कुन्ठित होलान् ।
निल्नु न ओकल्नुको यो उपहारमा
हाँस्लेऊ उपहासको हाँसो लाचार सृष्टिमा
धिक्कार्लेऊ आमा भित्रको कठोर मातृत्वलाई
म सहुँला थोरै पीडा
जुन प्रशवको अगाडि केही होइन !
तर सुम्पिन सक्दिनँ तिमीलाई
नालायक, नादान जगतको पोल्टोमा
जसले,
मौका हेरेर बेच्न सक्छ तिमीलाई भिन्न सुन्दरीका नाममा
चिया बनाएर चिया पसलमा
सराब बनाएर बोटलहरूमा
गुलाफ बनाएर ओठहरूमा
म बिक्रीकै लागि बर्सेनि छोरी जन्माउन पनि त सक्दिनँ ।

तिम्रा पखेटा काट्ने हिम्मत कसैले नराखोस्
काल बनेर व्याधाले नढाँटोस् तिम्रो अस्तित्वमा
नपरोस् तिमीलाई भ्रमित सिसाका झ्यालहरूमा ठोकिन
र, जोखिन धर्म हारेको धर्मकाँटामा
आऊ मन्जरी !
खुरूक्क पस !

तिम्री आमाले विश्वासको चोयाले बुनेको
    यो पिँजडामा !!

# म जोइटिङ्ग्रे

भूमि हुन्
बिज उम्रिन उनी चाहिन्छ !
किसान हुन्,
बोट हुर्काउन उनी मात्र सक्छिन् !
छातीमा कमल फुलाउँछिन् उनी
पाइताला राख्नुअघि सदैव सजग रहनू
उनी प्रेमकी घनघस्या हुन्
हरेक सासमा समर्पणको उकालो अनुभूत गर्नू
उनी लक्ष्मी हुन् श्रध्दाले खोल्नू ढोका
यिनै हुन् बचपनदेखि मलाई सम्झाइएको उनीबारे !

परिवारले पाइला-पाइलामा पाला राखेर
श्रध्दाले उभ्यायो घर दिवारमा
नवबधुका रूपमा एक लक्ष्मी
मैले आँखा चिम्लेर उही श्रध्दा र संकल्प साथ
स्वागत गरेँ मेरो मनमन्दिरमा
थापेँ प्रेमको आसन र राखेँ थपक्क
छामेर हृदय मुसुक्क मुस्कुराउँदा
अत्यन्त सुन्दर प्रतित उनीमा सुन्दरता थप्छ
हरेक बिहान पोतेर लालीमा ।

जब सिँदुर बनाई भर्छिन् सिँउदोमा मलाई
आभास हुन्छ
संसारकै सुन्दर रङ्ग हुँ म
सिँउदोमै बन्दी हुँदा स्वतन्त्रताको चाहना कहिल्यै हुँदैन
पोते बनाएर गलामा पहिरिँदा उनले
धागोबाट छुट्न कहिल्यै नपरोस् कामना गरिरहन्छु
चुरा बनाएर छन्छन् उनले बजाउँदा नाडीमा
लाग्छ–
मभन्दा मीठो सरगम संसारमा छैन
यही हो मेरा लागि परम आनन्द
उनी यसको सृष्टिकर्ता ।

कमिजमा उनैले खिपेका टाँकहरू हुन्छन्
टाई मिलाइदिँदै गर्दा गलामा छुटेका उनका स्पर्श जो छन्
उनीहरू न कतै एक्लो हुन दिन्छन् मलाई
न दिन्छन् भड्किन तृष्णाहरूबीच ।

यी सबै अकल्पित तर घटित छन् मेरो जीवनमा
अचानक एकदिन यो चक्रको एउटा पाङ्ग्रा पन्चर भयो
उनी ओछ्यान परिन्
मेरो आकास धमिलियो
मेरो सरगमको 'स' बिरामी पऱ्यो
म उनको छेवैमा बसेँ
प्रेमले उनको नाडी समाएँ
एक न्यानो चुम्बन उनको निधारमा टाँसे
बिस्तारै उठाएर उनलाई
एक चक्की सिटामोलसँगै
पिलाएँ एक घुट्को पानी

यहीबीच खोलियो बन्द कोठाको ढोका
र, घोषित गरियो मलाई जोइटिङ्ग्रे !

# पत्र स्वर्गबाट

स्वप्निल पंख थिएँ
उड्दै थिएँ मनको सगरमा
साइकलका पाङ्ग्राहरू पनि हुँइकिदै थिए
मेरा खुट्टाका इसारामा खोला बगरमा
सपना मिठो साँच्दै थिएँ
केही मेरा लागि
केही तिम्रा लागि ।

अचानक सगर अँध्यारियो
 सूर्यरुपी विश्वास कालो बादलमा हरायो
 मेरा सामु काल खडा भयो बाज बनेर
 डराएर भाग्न खोँजे
 सकिनँ !
परेँ कालपासमा,
 हन्तमुखी बाज लुछ्न थालिहाल्यो ,
खै उसको भोक मेटियो, मेटिएन ,
म सानी परेबी ।

बगिरहेकी काली
 टल्किरहेको हिमचुली

हरियो चौरको प्रेमिल छाती
हजुरको सिङ्गो बस्ती
सबैलाई चुनौती दिएर
मलाई परक्क निमोठ्दा बाजले
मेरो अनुनयविनय, प्रतिरक्षात्मक चित्कारमा
शून्यताकै प्रभुत्व भयो ।

तिमीले गोप्य राख्नु पर्छ भनेकी र
मैले जान्ने भएदेखि नै गुह्य राखेकी
मेरो गोपनीताको वास्तै नगरी
मेरो अति सुरक्षित रातो रङ्ग लुटिदिएपछि
म एकै पलमा पहेँली अनि निली भएँ
तिमीले नदेखेर ठिकै भयो
त्यसरी मेरो रङ उडेको ।

यति नै सम्झिन्छु म त्यतिबेलाका कुरा
होशमा आउदा यहीँ थिएँ

अचम्मको ठाउँ छ यो आमा !
तिमी छैनौ
बा छैनन्
साथीहरु छैनन्
उसो त
म अकेली पनि छैन ।
म जस्तै
आमासँग छुटेका
बाजबाट लुछिएका
सर्पबाट डसिएका

मेरै प्रतिरूपझैँ लाग्ने
घायल खप्परहरूसँग छु ।

तिमीले उसलाई चिनिनौ
म चिनेर पनि केही गर्न सक्दिनँ
तिम्रो संसार झ्याप्पै रोकियो
उसको दौडधुप ह्वात्तै बढेको छ
कथित सत्यलाई ध्रुवसत्य बनाउन
मिथ्या प्रमाणहरूमा हाकिमका सही छाप जुटाउन
यति मात्र कहाँ हो र
मेरा वदन भरी छरपष्ट उसका पञ्जाका
निशानी पनि त मेटाउनु छ
मेटाएर सत्य
दुनियाँका लागि एक मनगणन्ते कथा
पनि त लेखाउनु छ ।
म सानीसँगको लडाइँमा पनि उसलाई
जितको पहिचान स्थापित गर्न कति गाऱ्हो भएको नि !

आमा,
तिम्रै शब्द सापटी लिएर अनुनय गर्छु
सत्य बलियो हुन्छ हार्दैन मिथ्यासँग
त्यो कोखको कसम खाएर भन त
तिमी सत्यको निर्मम छप्काउनेछ्यौ
नकचरो झुटलाई
घात प्रतिघातलाई
अनि बेसरम बलात्कारलाई।

जादा जादै आमा !

बस्तीलाई निर्मलाले सोधेकी छ भनिदिनु
 अनि भनिदिनू
 अब बगैँचामा सयपत्री, बेली, चमेली होइन
 सिँउडी रोप्नु पर्छ
 कि त सक्नु पर्छ
फूलहरूले सुटुक्क भेट्नोमा एम्बुस लुकाउन ।

# बिर्ता

यो सेतो रगत भएकाहरूको बिर्ता हो
रातो रगतलाई प्रवेश निषेध छ
यहाँ चल्ने हावाले
फोक्सोसम्म पुगेर प्राण भर्दैन सबैमा
बरू घाँटीमै अड्किन्छ
घिटीघिटी हुँदै मर्नुपर्छ ।

मैले भनेकै थिएँ मेरो छोरा !

मसी लत्पतिएको विधानभन्दा
नियतिले हृदयमा छापेको
विभेदको कालो चित्र
कैयौँ गुना शक्तिशाली हुन्छ
हुँदैन भर पर्न
ढोडभैँ निर्बल अक्षरका फड्केहरूमा ।

मैले भनेकै थिएँ मेरो छोरा !

परिवर्तन एकदिन जरूर हुन्छ
लेखिएको छ

म बुझ्दिन बाबु
के अर्थ राख्छन् ती अक्षरहरूले !
म यतिखेर
चहऱ्याइरहेको हृदयको गहिरो घाउ बुझ्न सक्छु
अनि बग्न सक्छु
आँखाबाट बगिरहेको नदीमा
आँशु भन्न मिल्दैन होला गरिबको
मन मुहानबाट निस्केको
हुँदैन पछि लाग्न यो बहकिने मनको

मैले भनेकै थिएँ मेरो छोरा !

तिमी र तिम्रा सपनाहरूबारे
सोच्ने, सम्भने
केही सामर्थ्य राख्दैन यो बूढो स्वरूप
अर्धमृतभैँ ढलिरहेछ जिन्दगीको खलोमा
समयको लट्ठीले कुटिँदा–कुटिँदा
थाहा छैन
कुन घान अन्तिम हुनेछ
धोकेबाज समयको विश्वास छैन मलाई
उभ्याउला कोही मलामी मेरो अन्त्येष्टिमा
छिर्नु हुँदैन यो सेतो रगतको बस्तीमा

मैले भनेकै थिएँ मेरो छोरा !

# हे झरी ! बर्सिदेन बेस्सरी !!

गाउँमा खडेरी परेको पऱ्यै छ रे
पल्लाघरे बिर्खे हिजो बिहानै खाडी पस्यो अरे
चमेली पनि फूल्न सकिन, गुनासो गर्दै थिई
अहिले त ऊ पनि मुग्लान पसिछ ।

म प्रशान्त महासागरतिरै हराएको
 झन्डै दशक बितेछ
आमा आकाशगंगा नियाल्दै भन्नुहुन्छ
अब त झरी पर्ला कि !

म तपाईंलाई निराश पार्न चाहन्न आमा
तर झरी पर्न त
आकाशमा कालो बादल मडारिन पर्ने होइन ?
थोरै हावाहुरी चल्नु पर्दैन ?
उता काकाकुलहरू रमाएका रमाएकै छन्
खुला आकाशमा
उनीहरूलाई झरीको कुनै डरै छैन्
 अँह ! लाग्दैन ! लाग्दैन !
 झट्टै झरी पर्ला त्यहाँ ।

निराश नहुनुस् आमा
हजुरजस्तै सयौँ, हजारौँ, लाखौँ आमाहरू
आज पनि आकाश नियालिरहेछन्
झरी पर्ने आशमा ।

अवश्य पर्नेछ झरी एकदिन
अनि फुल्छन् सिर्जनाका रङ्गीविरङ्गी फूल त्यहाँ
अनि बदलिन्छ बञ्जर सुन्दर हरियाली फाँटमा ।

उसो त मलाई पनि झरी असाध्यै मनपर्छ
झरीमा सँगै नाच्ने बहानामा
उसले जताएको आफ्नोपन मनपर्छ ।

अस्ति भन्दै थियो
झरी परेकै दिन प्रेमको फूल रोपौँला
मलाई पनि उस्तै प्रतीक्षा छ झरीको
हे झरी ! बर्सिदेन बेस्सरी !!

# सपना भो नदेख

जब चुली चुम्ने सपनाहरू
गल्ट्याङगुल्टुङ फेदीमा आइपुगेर पछारिन्छन्
अर्धमृत अवस्थामा देखेर गिराउनेको चेहरा
नजिकैको आफ्नो कोही
विवश भई जिउँदो लाश बन्छौँ बाध्यतामा।
तिमीलाई सपना चुलिको बेकार लाग्छ
त्यसैले
भो ! नदेख सपना ।

जब आमाको मायाको सागर गौण बन्छ
प्रियसीको चुम्बनले
सम्बन्धहरूको पासो लगाएर रुँदै झुन्डिन्छन् सपनाहरू
तिमीलाई सपना ममताको बेकार लाग्छ
त्यसैले
भो ! नदेख सपना ।

जब रगतको नाता र सामाजिक बन्धन
अभिमान र ऐश्वर्यको तराजुमा तौलिइन्छ
र ममता तौल शून्य हुन्छ
रूदै भक्कानिन्छ सपना

तिमीलाई सपना सम्बन्धको बेकार लाग्छ
त्यसैले भो नदेख सपना ।

जब सपनाहरू दुख्छन्
मुखौटो लगाएर आफैँदेखि भाग्न खोज्दा
 भेटिन्छन् मुखौटाहरू नै बाटोभरि
 हाल्छन् आश्वासनको मायावी पुल
 र, मौका मिल्नासाथ धकेलिदिन्छन्
 गहिरो समुद्रमा
जुन झन् भयावह हुन्छ
रूनसम्म नपाई मृत्युवरण गर्छ सपना
त्यसैले भो नदेख सपना ।

थाहा हुँदाहुँदै पनि यो सब
तिमी चाहन्छौँ अझै ब्युँताउन मृत सपनाहरु
कोर्न हँसिलो चित्र मुहारको
जीवनको रंगीन क्यानभासमा
तिमीलाई शक्ति मिलोस् देख्न सपना
कलमको टुप्पोले लेख्न सपना
हे साहित्य अनुरागी तिमीलाई
मुरीमुरी शुभकामना ।

# सुन एउटा कथा भन्छु

हे मौनता !
म जान्ने भएदेखिकै अभिन्न मित्र तिमी
भनौँ त तिमी पर्याय बन्यौ मेरो जीवनको

दुख्दा बेजोडले मन
नयन बनेँ म
तप्तप खसेँ मौनतामा
कसैले देख्नसम्म सकेन
पटक–पटक पत्थर बनेर सहेँ घनको चोट
टुक्राटुक्रा बनेर
फेरि पनि ड्याङ्डुङ् कुनै आवाज आएन
मौन,
बिल्कुल मौन मुद्रामा सहिदिएँ असीम पीडा
किनकि चोट मेरा आफ्नाले दिएका थिए
बडो प्यारका साथ
त्यसैले त भनेको
हे मौनता !
तिमी सहाय बन्यौ मेरो जीवनको ।

मनको तलाउबाट उठेको

आँशुको सुनामी
नयनछेउ आइपुग्दा नपुग्दै
सौम्य समुद्र बनेर बग्छन् मौनतामा तप्प-तप्प !

बालापनको मेरो संसारमा
कहिले आकासको धरो च्यातिन्थ्यो
अत्यन्त निरीह हुन्थैँ
कहिले धर्तिको धारो सुक्थ्यो
प्यासी, प्यासी रहन्थैँ
कोकोहोलो मच्चाएर रोइदिऊँझैँ
दर्द पोखिदिउँझैँ लाग्दा
श्रध्दा तिनैको
धकेलिदिन्थ्यो मलाई मौनतामा फेरि ।
ओझेल परेर दुई थोपा आँशु तप्प चुहाएपछि
मलिन अनुहार
भिजेका परेली लिएर
हुन्थैँ एकलौटी
कहिले धर्तिको
कहिले आकासको
र, लाग्थैँ पछिपछि
जितौरी जो थिएँ !

हुन्डरी मच्चाइरहेको मुटुभित्रको सुनामीसामु
पहाड, हिमाल, खोला सबथोक एकदम मौन लाग्थ्यो
थाहै नपाई हराउँथे म उही मौनतामा
उही शून्यतामा फेरि
जब यसरी मैले मौनताको अभ्यास गरेँ
समय अझ कठोर बन्यो

ऊ बर्साइरह्यो
म सहिरहेँ चोटहरूको वर्षा
पत्थरझैँ बनेर
दुख्यो
बेस्मारी दुख्यो
यद्यपि मैले मेरो मौनताको तपस्या तोडेको छैन ।

यो मौनताले मलाई नै निल्ने गरेको छ
धेरै आँसु पिएको छु मैले मेरो मौनता प्रयासमा
थाहा छैन कतिञ्जेल थेग्न सक्छु म
सुनामी यो मनमा गड्गडाइरहेको
थाहा छैन कति सहन सक्छु चोटहरू
आफ्नाहरूले मायाले दिएको ।

अब चोटहरूले पिरोल्दैनन् मलाई
गहिरो चोट छातीभित्र नै छ
यी त भन्ने कुरा मात्र हुन्
कसले भनेको चोटहरू दुख्दैनन् भनेर

दुख्छ
बेस्मारी दुख्छ
फरक यत्ति हो कि
कसैको पीडा
मौनता छेडेर सुन्नुपर्ने कानसम्म पुग्ला
आश्वासनका शब्दहरू आउलान्
ममताको खोलो बग्ला र
उसैले मलम लगाउला चोटहरूमा
अनि कसैको पीडाले फेरि मौनताको अर्को अध्याय लेख्ला

मौनताको अर्को इतिहास जन्माउला
तर चोटहरूको काम नै दुखाउनु हो ।

किन मनभन्दा ठूलो हुन्छ
इज्जत, आदर्श अनि आडम्बर
किन धकेलिनुपर्छ मौनतामा
लुकाएर पीडाहरू सधैं
मौनता तिमी अभिन्न मित्र मेरो
तिम्रो र मेरो नाता
मन र मुटुको
तर तिम्रो सामीप्यमा सधैँ रोएको छु म।
टुक्रिएको छु म
चोइटिएको छु म ।

मलाई लाग्छ
तिमीसँगको मेरो सम्बन्धको अन्त्य गर्नुपर्छ
बग्न दिनु छ दर्दको सुनामी
भत्काउनुछ पीडाहरूको पर्खाल
शब्दको माध्यमबाट
मलाई माफ गरिदिनु मौनता
मेरो अभिन्नता
यदि मैले तिमीलाई जुनीभरको साथ दिन सकिनँ भने
बन्द ओठभित्रका कुण्ठालाई सधैँ लुकाउन सकिन भने ।

# मध्यरातमा आमा

सारा संसार गहिरो निद्रामा स्वाँ-स्वाँ गरिरहन्छ
म पनि निदाउने कोसिसमै हुन्छु
तब
तिम्रो यादको हुलाकी छिरिहाल्छ
खटखटाउदै दिलको तगारो
स्वागतार्थ उठ्छु झटपट
समात्छु आँशुको कलम
अविलम्ब लेख्छु चिठी
र, थमाउँछु हुलाकीको हातमा
मिर्मिरेअघि नै ।

आमा !
तिमीले हरेक बिहान पाएकी छौ नि
मेरो सलामतीको खबर ?
मलाई थाहा छ तिमी बाँच्न त्यहाँ
यहाँ मेरो मुटु धड्किनु पर्छ ।

तिमीलाई मायाले अँगालोमा कसूँ
या घुर्की लाएर महिनौँ नबोली बसूँ
प्रेम पोतेर आवाजमा भन्छ्यौ पिर नगर भनेर

फेरि किन पठाउँछ्यौ यादहरू धान्नै नसक्ने गरेर ?

तिम्रो फरियामा लपेटिएर
निदाएका चाँदनी रातहरू
मेरो आजकलका हररातहरूलई चुनौती दिन्छन्
सोध्छन्, यो फेन्सी डन्लप प्रिय कि
तिम्री आमाको एक छेउ फरियाको फेर ?

सबका सब दुखाउन मात्र खोज्छन्
म रिसले आगो हुन्छु
चाँदनी रातलाई प्रवेश निषेधाज्ञा दिदै
हृदयको ढोका जबर्जस्ती ढप्क्याउँछु
अब पालो तिम्रो ?
आफैँ आउँछौ होइन ?
हृदयको सानो कुनाबाट मलिन तिम्रो अनुहार
हातभरि यादका पोकाहरू बोकेर
मनको मझेरीमा उभिन्छ ।

अनायास म होस गुमाउँछु
बेफिक्री खोलेर मनको ढोका
पोखिन्छु तिम्रो अँगालोमा ।
म तिम्रो स्मृतिको गहिराइमा निदाइदिन्छु
बिसाइदिन्छु मनका सबै पीडाहरू
बगाइदिन्छु आँखाहरू तिम्रो उही सारीको फेरमा ।

संसारलाई लाग्न सक्छ
यति धेरै पीडा र कुण्ठाबीच
किन पाउँछ परदेशले ठाउँ ?

भो !
यो प्रश्नको गाँठोलाई गाँठोमै छोडिनुस्
नत्र
पोको फुटेर पूरै बस्ती गन्हाउन सक्छ
भोक, रोग, शोक र अनिश्चितताले ।
अनि भनिदिनुस् !
अर्को चोटी सोध्न भन्दा पहिला
परदेशीलाई यही प्रश्न
आफूलाई सोध्नुस् है 'अर्थ'को अर्थ के हुन्छ ??

सम्बन्ध अनि रहरहरूले आत्महत्या गर्न लाग्दा
मृत्युञ्जय कुन भाषामा वाचिन्छ ?
सम्बन्ध अमरताको विशेष बुटी
कुन हनुमान डाँडोमा पाइन्छ ?

# प्रेमदिवस

प्रित शब्द नै अपभ्रंसित् भएका बेला
आफ्ना–आफ्ना नरहने, पराइ आफ्ना नहुने
प्रेम खाली शब्दकोषमा बन्दी रहेका बेला
बुझ्दछु तिमी बोल्न चाहँदैनौ प्रेमबारे ।

प्रेमदिवस भनेर अहिलेसम्म मनाएकै छैन
तिमी सधैँ प्रेमदिवस हो हाम्रालागि भन्छौ
प्रेम अथाह छ, तिम्रालागि भन्छौ
यसपटक त रातो गुलाफ थमाएर हातमा
फेरि एकपटक सम्झाउन हाम्रो मायाको कसम ठुले !
घरको खुकुरीमा बर्सेनि धार लाएजस्तै
आज अलिकति धार लाइदेऊ न
यी लाली अधरमा ठूले !

छिटो आऊ न
दगुरेर आऊ न
हेर त ! मनले मायालाई गुलाफ दिएको !
भुलेर संसार आलिंगनमा हराएका ती
पुरै शहर मायाको अँगालोमा सुस्ताइरहेछ !
कति सुस्त तिमी !

आऊ न !
यही मौसममा पुलकित गराउन मलाई
तिम्रो मायामा,
भरेर प्राण तिम्रा स्पर्शमा
सञ्चार गरिदेऊ न जीवन तिम्री ठूलीमा !

नानीकी आमा भएर पनि उत्ताउली नभन है ठूले
तिम्री नानीकी आमालाई पनि त
भ्यालेन्टाइन हुन मन लाग्छ !

तिम्रो स्पर्शमा फुलेको गुलाब हातमा लिँदै
सुन्नु छ मलाई–
प्रियतमा तिमी प्रेमकी पर्याय हौ
जीवन हौ, मेरो सबथोक हौ
मेरी भ्यालेन्टाइन !
आज फेरि गोडिदेऊ न यो बूढो रूख घरजमको
थोरै मलजल सिंचिदै प्रेमको !

आज उपहार दिन नभुल है
कि फुलबुट्टे चोली नै दिन्छौ र ?
बेकारको खर्च नभन ठूले !
म पनि त छु
तिमीसँगै हातमा हात, साथमा साथ मिलाएर
यत्तिका वर्ष,
बिराउँदै गर्दा यत्रो बिरौटो मायाको
कहिल्यै हिसाब–किताब गरेकी छु र मैले लिनु र दिनुको ?

सुनँ ! फूलले रङलाई सुटुक्क भन्यो

म तिमीलाई प्रेम गर्छु
हामी पनि फूल र रङजस्तै
अधर र चुम्बनजस्तै
अनि हिमाल र शितलजस्तै अभिन्न छौँ नि !

आज यी सबैले खुलेर प्रेमालाप गरिरहेका बेला
मौसम यति रंगीन अनि गरमागरम भएका बेला
तिमी किन हिउँको डल्लोजस्तै चिसो छौ ठूले ?

हेर त यी मदहोसी नयन
गुलाफ फुलेका यी अधर तिम्रै लागि त हुन्
म त पानी–पानी छु तिम्रोअगि
तिमी सधैँ टाढै बसेर मेघ मात्र गर्जाइरहन्छौ
 कम्पन पठाइरहन्छौ मनभरि
थर्थराइरहेछ, काँपिरहेछ
आऊ न ठूले ! थामी देऊ न !
यो सुनामी अधरको !
अनि मनभित्र ठडिएको अजङ्गको महल मायाको ।

मलाई थाहा छ तिमी आउँदैनौ
 अँगाल्दैनौ मलाई प्रेम दिवसका दिन
 तिमी यही सोच्दै डराइरहेछौ होइन ?
गुलाफमा साटिने प्रेम गुलाफसँगै ओइलायो भने ?
भरिलो यौवनसँग साँचेको प्रेम, यौवनसँगै रित्तियो भने ?
ठूले, नडराऊ ! आऊ !
उत्तिखेरै पुछिएर जाने ओठको लाली होइन
खाली सिउँदो सजाउने योजना जाली होइन
बरू कहिल्यै नओइलाउने जगमग मखमली बनाऊँ प्रेम !



गोर्खाको ताकुमा २०३८ सालमा जन्मिएकी नमिता दवाडी ११ वर्षको उमेरमा आदिकवि भानुभक्त आचार्यको रामायण पढेपछि कविता विधामा आकर्षित भइन् । विद्यालयस्तरीय कविता प्रतियोगिता जितेपछि यस विधामा गम्भीर रूपमा लागेकी हुन् ।

नेपाली साहत्यि समाज साउथ आइल्यान्ड न्युजिल्यान्डको सहसंयो जक साहित्य उत्थानमा संलग्न दवाडी अंग्रेजी भाषा विज्ञानमा स्नातको त्तर हुन् । न्युजिल्यान्डबाट इन्टरनेसनल बिजनेस इन्नोभेसनमा स्नातक उनी सामाजिक तथा साहित्यिक गतिविधिमा सक्रिय छिन् ।

'जीवन नदीको किनारै किनार' उनको प्रथम प्रकाशित काव्यकृति हो ।

# आशीर्वचन

प्रवासमा रहेकी छोरी नमिता भट्ट दवाडीले प्रथम पटक तयार पारेको यो कविता संग्रहभित्र उल्लेख भएका कविताहरूले कविताका प्रेमी पाठक वर्गको मन जित्न सक्ने छ ।

सोमप्रसाद भट्ट (पिता)

नेपाली साहित्यिक आकाशमा प्रज्ज्वलित नक्षत्रको रूपमा उदाएकी कवि नमिता दवाडीले यसभित्र भावनात्मक रूपमा साहित्य सृजना गरी खुल्दुली मेटाउन जमर्को गर्नु, नारी प्रतिको सम्मान उजागर गर्दै पुरूषलाई पर्न गएको पीडा र वेदना पनि समेट्न सक्नु, समानताको न्यायिक सिद्धान्तलाई आत्मसात् गर्नु उनको लेखनीय विशेषता हो ।

चन्द्रप्रसाद निरौला (समीक्षक)

प्रत्येक फुटकर कवितामा निर्भीक हुने खुबी कमै नारी स्रष्टत्वमा पाइन्छ। यस क्षमताका लागि उनलाई वधाइ दिदै लगातार यस्ता कृति भविष्यमा आइरहने आशा एवं विश्वासको शुभकामना व्यक्त गर्दछु ।

कलानिधि दाहाल (विश्लेषक)

वर्तमानका अराजकता, विसंगति, कुरीति, कुसंस्कार, पीडा, अन्धविश्वास, भ्रमलाई नवउदीयमान कवि नमिता दवाडीले सुन्दर ढंगले प्रस्तुत गर्नु हुन्छ । उहाँको नियमित पाठक भएकाले पनि होला कविका बेजोड कलमले मलाई सधैँ जागरूक र सचेत बन्न प्रेरणा र हौसला दिने गरेको छ ।

लक्ष्मण चौलागाई (पाठक)

तिमी एउटा फूल हौ । सुन्दर श्रृष्टि हौ । महिमा हौ र गरिमा हौ । फूलको एउटा स्वाभाविकता र उसको परिचय सुगन्ध हो, र तिम्रो सुगन्ध तिमी सिर्जित सिर्जना तिम्रो परिचय हो । यस परिचयलाई मोतीझैँ चम्काउँदै जाऊ, फक्राउँदै जाऊ अनि माता भगवतीलाई चढाउन योग्य बन्दै जाऊ । शुभकामना ।

वीरेन्द्र श्रेष्ठ (पाठक)
आरूघाट, गोर्खा